सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ मंसिर २०८२, आइतबार (7 Dec 2025, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २२७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ध्रुवीकरणको दौडमा मधेशी दल

सके एकता नभए चुनावी मोर्चा

गत २१ चैतमा जसपा नेपाल, नागरिक उन्मुक्ति, राष्ट्रिय मुक्ति, लोसपा, जनमत, जनता प्रगतिशील र तमलोपा सम्मिलित मोर्चा घोषणा भएको थियो । तर, दलहरू छुट्टाछुट्टै क्रियाशील छन् ।



■ उपेन्द्र यादव (जसपा नेपाल), महन्थ ठाकुर (लोसपा), हृदयेश त्रिपाठी (जनता प्रगतिशील) र वृशेषचन्द्र लाल (तमलोपा)बिच मधेशका एजेन्डालाई केन्द्रमा राखेर एकता-गठबन्धनबारे निरन्तर छलफल

'मधेश आन्दोलनको एजेन्डा बोकेका दलबिच तालमेल निश्चित छ । सकेसम्म एकीकरण गर्छौं, नभए तालमेल अवश्य हुन्छ,' लोसपा नेता डा. सुरेन्द्र फाले नयाँ पत्रिकासँग भने ।



■ अशोक राई (जसपा), राजेन्द्र महतो (राष्ट्रिय मुक्ति) र रेशम चौधरी (नागरिक उन्मुक्ति)बिच 'जाँतो' चिह्नमा चुनाव लड्ने सहमति

'तीन पार्टीको चुनाव चिह्न जाँतो हुन्छ । मोर्चासँग सिट बाँडफाँटबारे छलफल भइरहेको छ । उज्यालो नेपाल पार्टीसँग पनि तालमेलको कुरा भइरहेको छ,' राष्ट्रिय मुक्ति पार्टीका महासचिव केशव फाले भने ।



■ गत निर्वाचनबाट उदाएको सिके राउत नेतृत्वको जनमत पार्टी पनि गठबन्धनबारे छलफलमा, तर आफ्नो 'हर्न' चुनाव चिह्नमा अन्य दल सहमत हुनुपर्ने अडान

'छलफल त भइरहेको छ, तर गठबन्धन हुने-नहुने टुंगो छैन । पार्टी चुनावी तयारीमै केन्द्रित छ,' महासचिव चन्दन सिंहले भने ।

प्रेम गौतम/नयाँ पत्रिका

मधेशमा जेन-जी आन्दोलनपछिको राजनीतिक प्रभाव र आगामी २१ फागुनको निर्वाचन लक्षित गर्दै मधेशकेन्द्रित दलहरू पनि एकता र ध्रुवीकरणको तयारीमा लागेका छन् । सकेसम्म पार्टी एकता गर्ने र सम्भव नभए निर्वाचनमुखी गठबन्धन बनाउने उद्देश्यसहित दलहरूबिच छलफल चलेको छ ।

संघीय लोकतान्त्रिक मोर्चा (मधेशी मोर्चा)भित्र आबद्ध जसपा नेपाल, लोसपा, जनता प्रगतिशील र तमलोपाका नेताहरूबिच एकता, तालमेल र गठबन्धनका विषयमा छलफल भइरहेको छ । गत २१ चैतमा जसपा नेपाल, नागरिक उन्मुक्ति, राष्ट्रिय मुक्ति, लोसपा, जनमत, जनता प्रगतिशील र तमलोपा सम्मिलित मोर्चा घोषणा भएको थियो । तर, दलहरू छुट्टाछुट्टै क्रियाशील छन् ।

६ मंसिरको बैठकबाट मोर्चाले स्वच्छ, भयरहित र शान्तिपूर्ण निर्वाचनको वातावरण सुनिश्चित गर्न सरकारलाई आग्रह गर्दै घटक दल मिलेर अगाडि बढ्ने निर्णय गरेको थियो । बैठकपछि अध्यक्ष महन्थ ठाकुरले जारी गरेको विज्ञप्तिमा एउटै चुनाव चिह्न लिएर चुनाव लड्ने विषयसम्म छलफल पुगेको बताएका थिए ।

मोर्चाका एक नेताका अनुसार पुराना दलसँग प्रतिस्पर्धा गर्न 'संयुक्त शक्ति' आवश्यक हुँदै गएको छ । 'बर्दलिँदो राष्ट्रिय राजनीतिमा सांगठनिक रूपमा पनि पुराना दलसँग प्रतिस्पर्धा चुनौतीपूर्ण छ । एक भएर जाँदा मात्र बलियो शक्ति बन्न सकिन्छ भन्ने सबैलाई लागेको छ । त्यसैअनुसार प्रयत्न भइरहेको छ,' ती नेताले भने ।

मोर्चाभित्र उपेन्द्र यादव (जसपा नेपाल), महन्थ ठाकुर (लोसपा), हृदयेश त्रिपाठी (जनता प्रगतिशील) र वृशेषचन्द्र लाल (तमलोपा)बिच मधेशको एजेन्डालाई केन्द्रमा राखेर एकता-गठबन्धनबारे निरन्त छलफल छ । 'मधेश आन्दोलनको एजेन्डा बोकेका दलबिच तालमेल निश्चित छ । सकेसम्म एकीकरण गर्छौं, नभए तालमेल अवश्य हुन्छ,' लोसपा नेता डा. सुरेन्द्र फाले नयाँ पत्रिकासँग भने ।

नागरिक उन्मुक्ति र राष्ट्रिय मुक्ति पार्टी जसपासँग एकल चुनाव चिह्नमा जाने सहमतिमा पुगेका छन् । जसपा अध्यक्ष अशोक राई, राष्ट्रिय मुक्ति अध्यक्ष राजेन्द्र महतो र नागरिक उन्मुक्ति संरक्षक रेशम चौधरीबिच 'जाँतो' चुनाव चिह्नमा लड्ने सहमति भइसकेको छ । यी तीन दलले विचार मिल्ने अन्य पार्टीलाई पनि एकल चुनाव चिह्नमा आउन आह्वान गरेका छन् ।

राष्ट्रिय मुक्ति पार्टीका महासचिव केशव फाले कुलमान घिसिङको उज्यालो नेपालसँग पनि तालमेलको संवाद अघि बढेको बताए । 'तीन पार्टीको चुनाव चिह्न जाँतो हुन्छ । मोर्चासँग सिट बाँडफाँटबारे छलफल भइरहेको छ । उज्यालो नेपाल पार्टीसँग पनि तालमेलको कुरा भइरहेको छ,' फाले भने ।

सबै क्षेत्रमा नभए निश्चित क्षेत्रमा तालमेल गरेर जान सकिने बताएको जसपाले तालमेल-एकताका छलफलसँगै प्रत्यक्ष र समानुपातिक दुवैतर्फका उम्मेदवार सिफारिस प्रक्रिया सुरु गरिसकेको छ । महासचिव लालबाबु राउतका अनुसार जिल्ला, प्रदेश हुँदै केन्द्रमा नाम सिफारिस गर्ने परिपत्र पठाइसकिएको छ । 'हामीले तीन-तीन नाम सिफारिस गर्ने व्यवस्था गरेका छौं । एकता र तालमेलको संवाद पनि अगाडि बढिरहेको छ,' उनले भने ।

गत निर्वाचनबाट उदाएको सिके राउत नेतृत्वको

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सरुवाको गुनासोमा अल्झिरहेको कर्मचारीतन्त्र


शक्तिमा पहुँच हुने कर्मचारीको सधैं रजगज, अधिकांश पेलानमा

■ हप्तैपिच्छे कर्मचारी सरुवा गर्छ सामान्य प्रशासन मन्त्रालय, कात्तिकमा मात्र १६ पटक निर्णय गरेर ४३३ कर्मचारी सरुवा

■ लेखामा पनि सरुवा बेथिति, कर्मचारीबाट महालेखा नियन्त्रणकको कार्यालय तोडफोडसम्मका घटना

■ मालपोतका करिब पाँच सय कर्मचारीको सरुवामा अनियमितता भएपछि गत वर्ष समिति नै गठन गरेर छानबिन, ६० कर्मचारीको सरुवा रद्द

■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले हरेकजसो मन्त्रिपरिषद् बैठकबाट गर्ने सचिव र सहसचिवको सरुवामा पनि छैन विधि र थिति



■ प्रमुख जिल्ला अधिकारीलाई एक वर्षसम्म सरुवा गर्न कानुनको रोक

तर, दुई महिना नबित्दै सरुवा गरिन्छन् सिडिओ

विशेष परिस्थितिमा बाहेक एउटा जिल्लामा सिडिओको कामकाज गर्ने अवधि सामान्यतया एक वर्षको हुने व्यवस्था कार्यविधिमा छ । गृह मन्त्रालयले ३ माघ ०७९ मा जारी गरेको प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा कामकाज खटाउनेसम्बन्धी कार्यविधि, २०७९ (हाल दोस्रो संशोधन, २०८०) को दफा १० मा एउटा जिल्लामा सिडिओको कामकाज गर्ने अवधि सामान्यतया एक वर्षको हुने व्यवस्था छ । तर, आफैंले जारी गरेको कार्यविधि मन्त्रालयले नै धज्जी उडाएको छ । सिडिओ सरुवामा विधि होइन, शक्ति, पहुँच, प्रभाव र दबाबले काम गर्ने आरोप लाग्दै आएको छ ।

तर, गृहप्रवक्ता आनन्द काफ्ले मापदण्डअनुसार नै सिडिओको सरुवा भएको दाबी गर्छन् । 'मापदण्ड पालना भइराखेको छ । कतिपय अवस्थामा व्यावहारिक आवश्यकता र संवेदनशीलतालाई पनि हेर्नुपर्ने हुन्छ,' उनले भने, 'कार्यविधिमै टेकेर व्यावहारिक आवश्यकता, मानवीयता र गृह प्रशासनको संवेदनशीलता हेरेर सरुवा हुन्छ ।'

पूर्वसचिव शंकरप्रसाद कोइराला भन्छन्-

यस्तो समस्या निम्तिनुमा सामान्य प्रशासन मन्त्रालय नै जिम्मेवार छ



ऐन र नियमावलीमा कर्मचारी सरुवाबारे प्रस्ट व्यवस्था छ । यसमा आधारित भएर सेवा सञ्चालन गर्ने मन्त्रालयले समय-समयमा मापदण्ड पनि बनाएका छन् । तर, कार्यान्वयनमा समस्या देखियो । मापदण्ड बनाउनेले नै त्यसको उल्लंघन गरे । निर्णय गर्ने पदाधिकारी आफैंले बनाएको मापदण्डमा अडिन सकेनन् । पहिला निर्णय गर्ने अधिकारी आफू अनुशासनमा बस्नुपर्‍यो, कानुन र मापदण्ड कार्यान्वयनमा इमानदार हुनुपर्‍यो । यसमा सबैभन्दा बढी जिम्मेवार सामान्य प्रशासन मन्त्रालय छ ।

सुवास भट्ट/नयाँ पत्रिका

गत ९ कात्तिकमा गृह मन्त्रालयले मन्त्रालयसहित अन्तर्गतका निकायका ३६ सहसचिवको सरुवा गर्‍यो । उनीहरू अधिकांश विभिन्न जिल्लामा कार्यरत प्रमुख जिल्ला अधिकारी (सिडिओ) थिए । सरुवा सूची हेर्दा आधा दर्जन सिडिओको दुई महिनामै सरुवा भएको देखिन्छ । ४ भदौमा सरुवा भएर गएका सिडिओलाई गृहले दुई महिनामै अन्यत्र सरुवा गरिदिएको थियो ।

विशेष परिस्थितिमा बाहेक एउटा जिल्लामा सिडिओको कामकाज गर्ने अवधि सामान्यतया एक वर्षको हुने व्यवस्था कार्यविधिमा छ । गृह मन्त्रालयले ३ माघ ०७९ मा जारी गरेको प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा कामकाज खटाउनेसम्बन्धी कार्यविधि, २०७९ (हाल दोस्रो संशोधन, २०८०) को दफा १०

» पृष्ठ २ मा क्रमशः

■ सरुवा माग्नेको भिड



सरुवा र खटनपटनमा अधिकांश कर्मचारीको व्यापक असन्तुष्टि छ । सरुवा माग्ने कर्मचारीको ठुलो भिड दिनहुँजसो सिंहदरबारमा देखिन्छ । यसलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा परेको सरुवा निवेदनले पनि संकेत गर्छ । मन्त्रालयका अनुसार अहिले मन्त्रालयमा सरुवाका लागि निवेदन दिने अधिकृतको संख्या ६३ छ । १३ उपसचिवले पनि सरुवाका लागि निवेदन दिएका छन् । त्यस्तै, गृह मन्त्रालयमा पनि करिब दुई दर्जन शाखा अधिकृतले सरुवाका लागि निवेदन दिएका छन् ।

कमलामा नयाँ पुल बनाउन दबाब, स्थानीयले सरकारलाई चन्दा दिने

नयाँ पुलका लागि हरेक सामाजिक गतिविधिमा निरन्तर आवाज उठाउने, सरकारलाई प्रतिव्यक्ति सय रुपैयाँ चन्दा दिने, अझै नसुने नदीका दुवैतिर सिसिक्यामरा राखेर स्थानीयले भोगेको पीडा प्रत्यक्ष देखाउने



१४ वर्षसम्म पप्पु कन्स्ट्रक्सन र लुम्बिनी बिल्डर्स जेभीले अलपत्र पारेको पुलमुनि कमला नदी बगरमा शनिबार भेला भएका सिराहा, सप्तरी र धनुषाका पेसाकर्मी, बुद्धिजीवी र सामाजिक अगुवाहरूले 'नयाँ कमला पुल निर्माण महाभियान' घोषणा गरे

लहानमा **मणिलाल विश्वकर्मा**

पूर्व-पश्चिम हुलाकी सडकखण्डको सिराहा र धनुषा जोड्ने कमला नदीमा पुल निर्माणको ठेक्का लिएर १४ वर्षसम्म अलपत्र पार्ने ठेकेदार र ठेकेदारलाई कारबाही नगर्ने राजनीतिक नेतृत्वबाट आजित नागरिकले अब अर्कै पुल चाहिने भन्दै 'नयाँ कमला पुल निर्माण महाभियान' घोषणा गरेका छन् । शनिबार अपराह्न नदी किनारमा बृहत् छलफल गरेका सिराहा, सप्तरी र धनुषाका पेसाकर्मी, बुद्धिजीवी

» पृष्ठ २ मा क्रमशः

विरोधका बिच हेटौंडा बजारमा सडक विस्तार सुरु



त्रिभुवन राजपथ र महेन्द्र राजमार्गको सडकसीमाको केन्द्रदेखि दुवैतर्फ २२.५-२२.५ मिटरमा निर्माण भएका संरचना हटाइने

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



पूर्वमन्त्री ठकुरी अझै प्रकृति संरक्षण कोषको अध्यक्ष

प्रकृति संरक्षण कोषमा वहालवाला वनमन्त्री पदेन अध्यक्ष रहने व्यवस्था भए पनि तीन महिनाअगाडि पदमुक्त मन्त्री ऐनबहादुर शाही ठकुरी नै अध्यक्ष कायम, वन मन्त्रालयमा नयाँ मन्त्री नआएकाले ठकुरी नै अध्यक्ष रहेको कोषको तर्क

यम बम/नयाँ पत्रिका



गत २३ र २४ भदौको जेन-जी विद्रोहका कारण सरकार ढले पनि प्रकृति संरक्षण कोष (एनटिएनसी)ले तत्कालीन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीलाई अझै अध्यक्षमा बहाल राखेको पाइएको छ । सरकारको संगठित संस्था रहेको एनटिएनसीमा वनमन्त्री नै अध्यक्ष रहने परम्परा रहे पनि एनटिएनसीले आफ्नो वेबसाइटमा ठकुरीलाई अध्यक्ष भनेर उल्लेख गरेको छ । मंगलबार साँझसम्म पूर्ववन तथा वातावरणमन्त्री/अध्यक्ष भनेर वेबसाइटमा राखिएको थियो । तर, बुधबार भने 'एनटिएनसी अध्यक्ष' मात्र उल्लेख गरिएको छ । यसबारे बुझ्दा एनटिएनसीका प्रवक्ता रचना शाहले प्रधानमन्त्री (कोषका संरक्षक)ले नयाँ व्यक्तिलाई मनोनयन नगरेको र वन मन्त्रालयमा पनि नयाँ मन्त्री नरहेकाले ठकुरी नै अध्यक्ष रहेको बताइन् ।

'त्यही भएर हामीले पूर्वमन्त्रीका हैसियतमा अध्यक्ष भनेर राखेका हौं,' उनले भनिन्, 'वार्षिक बजेट र खर्च स्वीकृत भइसकेको र अर्धवार्षिक समीक्षाको वेला पनि नभइसकेकाले सञ्चालक समितिको बैठक नबसेको हो ।' एनटिएनसीका सदस्यसचिव नरेश सुवेदीले भने ठकुरी वनमन्त्रीका हैसियतमा अध्यक्ष रहे पनि

» पृष्ठ २ मा क्रमशः

तर, ठकुरीको दाबी-

मन्त्री पदबाट हटिसकेपछि म कोषमा छैन

सदस्यसचिवमा दोहोरिन चाहन्छन् नरेश सुवेदी



नरेश सुवेदी

निवर्तमान वनमन्त्री ऐनबहादुर शाही ठकुरीलाई एनटिएनसीको अध्यक्षमा बहाल राख्नुको कारण भने सदस्यसचिव नरेश सुवेदीको कार्यकालसँग जोडिएको छ । आगामी २ पुसमा सदस्यसचिव सुवेदीको कार्यकाल सकिँदै छ । नयाँ सदस्यसचिवका लागि दौडधुप सुरु भइसकेको छ । सुवेदीले पनि दोस्रो कार्यकालका लागि कसरत गरिरहेका छन् ।

कोषका अध्यक्षले सदस्यसचिव मनोनीत गर्ने व्यवस्था राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ छ । ठकुरी अध्यक्षमा बहाल रहेको अवस्थामा अर्को कार्यकाल (पाँच वर्ष)का लागि सदस्यसचिव बन्न सकिने बुझाइ सुवेदीको छ । सुवेदीले यसअघि गत साउनमा मात्र ठकुरीलाई खुसी पार्न सबै खर्च एनटिएनसीबाट व्योहोर्ने गरी 'अनावश्यक' कार्यक्रम मिलाएर नर्वे घुमाएका थिए ।

एनटिएनसीमा सदस्यसचिवको कार्यकाल पाँच वर्षको रहने भए पनि अघिल्ला सदस्यसचिव शरदचन्द्र अधिकारीले साढे तीन वर्षमै राजीनामा दिएपछि सुवेदी गत १७ वैशाख ०८१ मा नियुक्त भएका थिए । प्रकृति संरक्षण कोषको सदस्यसचिव आकर्षक पद हो । बेसिक (सेवा-सुविधाबाहेक) तलब मात्र मासिक दुई लाख रुपैयाँ हुन्छ । त्यही भएर वनबाट सेवानिवृत्त प्रशासक, एनटिएनसीमै कार्यरत र विभिन्न एनजिओमा संलग्नहरूको रोजाइ सदस्यसचिव हुने गरेको छ ।

एमाले अध्यक्ष ओलीको दाबी

मलाई सुशीला कार्कीले सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउन खोजेकी छिन्



नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्री सुशीला कार्कीले आफूलाई जसरी पनि पक्राउ गर्न सम्पत्ति शुद्धीकरण विभागको प्रमुख नै फेरेको दाबी गरेका छन् ।

पार्टीको एघारौं महाधिवेशन प्रचारका लागि सुरु गरिएको नवयुग इ-बुलेटिनको शनिबार पार्टी कार्यालयमा शुभारम्भ गर्दै ओलीले प्रधानमन्त्री कार्कीको नियतमाथि प्रश्न उठाए ।

» पृष्ठ २ मा क्रमशः

नलिन्चोक हेलिपोर्ट भ्रष्टाचार मुद्दा

अधिकारीको थुनछेक बहस आज

काठमाडौं / भक्तपुरको नलिन्चोक हेलिपोर्ट निर्माण गर्दा १३ करोड ५७ लाख भ्रष्टाचारमा आरोपित नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक (निलम्बित) प्रदीप अधिकारी आइतबार थुनछेक बहस हुँदै छ। मुद्दामा शुक्रबार थुनछेक बहस हुन नपाएपछि उनी अख्तियार हिरासतमा छन्।

हेलिपोर्ट निर्माणमा अनियमितताको आरोपमा अख्तियारले महानिर्देशक अधिकारीसहित ६ जना र एक कम्पनीविरुद्ध बुधबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। अख्तियारले अधिकारी र प्राधिकरणकै तत्कालीन निर्देशक मुरारी भण्डारीलाई नियन्त्रणमा लिएर मुद्दासहित अदालतमा बुझाएको थियो। मुद्दासँगै उपस्थित भएका अधिकारी र भण्डारीको थुनछेक बहस समय अभावका कारण त्यसै दिन सम्भव नभएपछि शुक्रबारका लागि तोकिएको थियो। बिहीबार सार्वजनिक बिदा थियो। शुक्रबार उनीहरूउपरको थुनछेक बहसको कार्य प्रारम्भ भए पनि पूरा हुन पाएन।

विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र विदुर कोइरालाको इजलासमा शुक्रबार थुनछेक बहसका लागि पेसी तोकिएको थियो। इजलासमा अधिकारी र भण्डारीको बयान भएको थियो। बयान सकिएपछि थुनछेक बहस भने अघि बढ्न नसकेको उपरजिस्ट्रार मुकुन्द निरौलाले बताए। तर, एकजना न्यायाधीश पौडेलले मुद्दा हेर्न नमिल्ने भएपछि स्थगित भएको अदालतका एक कर्मचारीले बताए। महानिर्देशक अधिकारीसँग सम्बन्धित निषेधाज्ञा मुद्दामा पाटन उच्च अदालतमा न्यायाधीश हुँदा आदेश गरेका कारण र त्यसको प्रमाण वकिलहरूले पेस गरेपछि पौडेलले हेर्न नमिल्ने अवस्था भएको हो।

थुनछेक बहस हुन नसकेपछि अदालतले दुवै प्रतिवादीलाई अख्तियारमै फिर्ता पठाएको छ। दुवैजना अख्तियारकै हिरासतमा फर्किएका छन्। आइतबार पौडेलबाहेकको इजलास पारेर मुद्दा पेस हुने र थुनछेक बहस हुने अदालतको भनाइ छ।

कोशी सरकारले ल्याउन चाहेन दलित ऐन

कोशी प्रदेश सभामार्फत ८८ वटा कानुन बनाइसक्दा पनि दलित ऐन ल्याउन सरकार उदासीन, दलित सशक्तीकरण ऐनको मस्यौदा आठ वर्षदेखि सामाजिक विकास मन्त्रालयमै थन्कियो, मुख्यमन्त्रीले स्वीकृति नदिँदा अघि बढ्न सकेन

विराटनगरमा **गणेश लम्साल**



आठ वर्षको अवधिमा कोशी प्रदेश सरकारले ८८ वटा कानुन निर्माण गरिसकेको छ। त्यसमध्ये धेरै कानुन लागूसमेत भइसकेको छ। तर, सबैभन्दा पछाडि पारिएको दलित समुदायको अधिकारका लागि ऐन निर्माण गर्न सरकारले चाहेको छैन। कोशी प्रदेश सभाको पहिलो कार्यकालमै तत्कालीन सामाजिक विकासमन्त्री जसमाया गजमेरले दलित अधिकार ऐन ल्याउन मस्यौदा तयार पार्न लगाएकी थिइन्। तत्कालीन कानुनी परामर्शदाता अधिवक्ता कोषराज न्यौपानेले दलित सशक्तीकरण ऐनको मस्यौदा बनाएका थिए। तर, राज्यमन्त्री गजमेरको पद गएसँगै ऐन पनि मन्त्रालयको महाशाखामै थन्किएको छ।

मधेश प्रदेशमा दलित सशक्तीकरण ऐन निर्माण भएर कार्यान्वयनमा आइसकेको छ। तर, कोशी प्रदेशमा ऐन निर्माण गर्न सरकारले कुनै चासो नदेखाएको भन्दै प्रदेश सभाको पहिलो कार्याकालमा सांसदहरू उमिता विश्वकर्मा, जसमाया गजमेरलगायतले आवाज उठाएका थिए। दलित संघसंगठन र अधिकारकर्मीहरूले पनि चाँडो दलित अधिकार ऐन निर्माण गर्न पहिलो मुख्यमन्त्री शेरधन राईदेखि छैटौं मुख्यमन्त्री हिक्मतकुमार कार्कीसम्मलाई ज्ञापनपत्र पनि बुझाएका थिए। त्यसपछि बल्ल सामाजिक विकास मन्त्रालयले दलित सशक्तीकरण ऐन मस्यौदालाई जिल्लास्तरीय छलफलमा लगेर आवश्यक संशोधन गरी दलित अधिकार ऐन निर्माण गर्ने अन्तिम चरणमा पुऱ्याएको थियो।

प्रदेश सभाको दोस्रो कार्यकालमा पनि सांसद गणेश उप्रेती, सपना दर्जी, कमला दर्नाल, सुनिता गुरुङलगायतले सरकार खोइ दलित अधिकार ऐन ? भनेर प्रश्न गर्दै मन्त्रालयमा थन्किएको ऐन चाँडो दर्ता गराएर पारित गराउन दबाब दिँदै आएका छन्। तर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सैद्धान्तिक स्वीकृति नदिँदा दलित अधिकार ऐन अझैसम्म प्रदेश सभामा दर्ता हुन सकेको छैन। सांसदहरूका अनुसार सरकारले खर्च बढ्ने भन्दै ऐन ल्याउन चासो नदेखाएको हो।

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयकी सामाजिक विकास महाशाखा प्रमुख दुर्गा बराल भण्डारीले प्रदेश सभाको पहिलो कार्यकालदेखि नै मन्त्रालयले दलित अधिकार ऐनको मस्यौदा निर्माण गरेर दर्ता गराउन चाहेको, तर सरकारले स्वीकृति नदिँदा अगाडि बढ्न नसकेको बताइन्। उनले भखरै मात्र दलित अधिकार ऐन प्रदेश सभामा दर्ता गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको जानकारी दिइन्। 'सबै कुरा सरकारको चाहनाअनुसार मात्र हुन्छ, हामीले चाँडै दलित अधिकार ऐन ल्याउन प्रयास गरिरहेका छौं,' उनले भनिन्। दलित अधिकारकर्मीहरूले संविधानमा सुनिश्चित भएका हक-अधिकार व्यावहारिक रूपमा कार्यान्वयन गराउन दलित सशक्तीकरण ऐन आवश्यक भए पनि सरकारले बेवास्ता गरिरहेको आरोप लगाएका छन्। अधिकारकर्मी उमेश विश्वकर्मा भन्छन्, 'आठ वर्ष बित्न लाग्दा पनि सबैभन्दा पहिले निर्माण गर्नुपर्ने कानुन संसद्मा दर्तासम्म नहुनु सरकारको चरम बेवास्ता हो।'

पूर्वसांसद उमिता विश्वकर्मा प्रदेशमा निर्माण भएका ८० वटा कानुन पनि दलितमैत्री बन्न नसकेकाले संविधानले प्रदान गरेका हक-अधिकार व्यवहारमा कार्यान्वयन गराउन प्रदेशमा स्वायत्त दलित अधिकार ऐन निर्माण गर्नुपर्ने बताउँछिन्। उनी भन्छिन्, 'दलितमैत्री कानुन अभावमा संविधानमा उल्लेख भएका हक-अधिकार उपभोग गरेर न्यायको अनुभूति गर्न सबैभन्दा पछाडि पारिएको दलित समुदाय अझै वञ्चित छ।' दलित गैरसकारी संस्था महासंघका पूर्वउपमहासचिव डिबी शाह शंकर दलित सशक्तीकरण ऐनको अभावमा अझै दलितहरूका समस्या नजरअन्दाज भइरहेको बताउँछन्। 'दलित ऐन निर्माण गरेर प्रदेशस्तरमा संरचना स्थापना गर्न सके मात्र दलित मानव अधिकार र दिगो विकासको लक्ष्य गन्तव्यमा पुग्न सजिलो हुन्छ,' उनले भने।

ध्रुवीकरणको...

पृष्ठ १ बाट क्रमशः

जनमत पार्टी पनि गठबन्धनबारे छलफलमा छ। तर, आफ्नो 'हर्न' चुनाव चिह्नमा अन्य दल सहमत नभए उसले एक्लै लड्ने संकेत गरेको छ। 'छलफल त भइरहेको छ, तर गठबन्धन हुने-नहुने टुंगो छैन। पार्टी चुनावी तयारीमै केन्द्रित छ,' महासचिव चन्दन सिंहले भने। जेन-जी आन्दोलनअघि रुपन्देही उपनिर्वाचनमा तालमेलका विषयमा छलफल हुँदा अध्यक्ष राउत बैठकबाट बाहिरिएका थिए।

मलाई सुशीला...

पृष्ठ १ बाट क्रमशः

'प्रधानमन्त्रीले सम्पत्ति शुद्धीकरण विभागका प्रमुखलाई तीनपल्ट बोलाएर मलाई मुद्दा चलाउनुस्, प्रमाण जुटाउनुस्, गिरफ्तार गर्नुपऱ्यो भनेर दबाब दिनुभयो। तर, उहाँले यस्तो झुटो काम गर्न सक्दिनँ, कानुनमा त्यस्तो छैन, कानुनले नदिएको र नभएको काम गर्न पनि हुन्न, कसैले सक्छ भने त्यस्तो मान्छे ल्याए हुन्छ भन्नुभयो। यति भनेपछि तिनलाई तुरुन्तै त्यहाँबाट हटाएर अर्कोलाई ल्याइयो। प्रधानमन्त्री यस्तो हुनुहुन्छ, योभन्दा दुःखद स्थिति के हुन्छ ?' ओलीले दाबी गरे। उनले जनमतविनाको सरकारमा रहेका अनाडी मान्छेले राजदूत फिर्ता गर्ने, अध्यादेश ल्याउने प्रयास गरिरहेको भन्दै विरोध जनाए।

ओलीले वर्तमान सरकारले २१ फागुनमा चुनाव गराउन नसके पनि एमालेले चुनाव पर्खिरहेको बताए। 'यो सरकारले फागुन २१ मा चुनाव त गराउँदैन, तर हामी शान्तिपूर्ण धाँधलीरहित वातावरणमा हुने चुनावको पर्खाइमा छौं,' ओलीले भने, 'हामी जहिले चुनाव हुन्छ, त्यसैलाई पर्खिरहेका छौं।' ओलीले अबको चुनावबाट आउने सरकार एमालेको हुने दाबी गरे।



कमलामा नयाँ...

पृष्ठ १ बाट क्रमशः

र सामाजिक अगुवाहरूले कमलाको पानीको संकल्प गर्दै नयाँ पुल निर्माणका लागि दबाब दिने घोषणा गरेका हुन्।

अनाथ बालबालिकाको अभिभावकत्व लिँदै आएका धनुषाका सन्त सत्यनारायण आलोकले '१४ वर्षको अन्याय अन्त्य गरी सुरक्षित, स्थायी र सम्मानजनक संरचना निर्माणका लागि नागरिक पहल' लेखिएको झन्डा हस्तान्तरण गरेका थिए। 'अब कम्तीमा तीन महिना हरेक व्यक्तिले हरेक दिन कमलामा नयाँ पुल चाहियो भनेर बोलौं र लेखौं। पुल नहुँदा हरेक वर्ष मान्छे बगेका छन्, गर्भवती समयमा अस्पताल जान पाएका छैनन्। प्रादेशिक राजधानी पुग्न कमलाको बगर छिचोल्न पनि रकम तिर्नुपर्ने दुर्भाग्यपूर्ण अवस्था सधैंका लागि अन्त्य गर्न सबैले कम्तीमा सय रुपैयाँ चन्दा उठाएर सरकारलाई बुझाउँछौं,' उनले भने। सरकारले अझै नसुने नदीका दुवैतिर सिसिक्यामेरा राखेर स्थानीयले भोगेका पीडा प्रत्यक्ष देखाउँछौं।'

प्रादेशिक राजधानी जनकपुरमा चिकित्सकीय सेवामा काम गर्दै आएका डा. कृष्णकुमार यादवले महाभियानअन्तर्गत जन्म, विवाह, मेला, उत्सवदेखि मृत्यु कार्यसम्ममा कमलामा नयाँ पुलसम्बन्धी बहस चलाइने बताए। 'सरकार, नेता, दलप्रति पूर्वाग्रही हुँदैनौं, कसको के दायित्व हो भन्ने महसुस गराउन, सबैको मनलाई जोड्ने प्रयास गर्छौं,' उनले कमला बगरबाट अनुरोधसमेत गरे, 'जाडोमा ओढिने कम्बल, गर्मीमा प्रयोग गरिने छाता, खेतबारी जोत्ने ट्राक्टर सबैतिर कमलामा नयाँ पुल लेखौं। शिक्षक, कर्मचारी, अदालत, पालिका, वडा कार्यालयमा सेवा लिन जाने र सेवा दिनेले पनि नयाँ पुलको बहस थाल्नौं।'

हरेक ठाउँबाट आवाज उठाएपछि सरकार सुन्न बाध्य हुने डा. यादव बताउँछन्। उनले चन्दा संकलनका लागि सरकारी प्रक्रिया पुऱ्याएर बैंक खाता खोल्ने र संकलित चन्दा सरकारलाई एकमुस्ट पठाउने पनि बताए।

सिराहाको औरही गाउँपालिकाका अध्यक्ष शिवजी यादवले नयाँ पुल निर्माणका लागि पालिका क्षेत्रबाट एक करोड चन्दा संकलन गराउने प्रतिबद्धता जनाए। त्यस्तै, हुलाकी सडक संघर्ष समितिका संयोजक रामरिझन यादवले हाल निर्माणाधीन कमला पुल अब काम नलाग्ने र दोब्बर लामो पुल नबनाए पानीको बहाव पनि थेग्न नसक्ने भएकाले नयाँ पुल नै अन्तिम विकल्प रहेको बताए।

तराई-मधेशको लाइफलाइनका रूपमा रहेको हुलाकी सडकमा ४६९.२ मिटर लामो कमला पुल निर्माणका लागि ३१ जेठ ०६८ मा पूर्वसांसद हरिनारायण रौनियारको पप्पु कन्स्ट्रक्सन र लुम्बिनी बिल्डर्स जेभीले भ्याटसहित २४ करोड ९० लाखमा ठेक्का लिएको थियो। तर, पटक-पटक म्याद थप्दा पनि पुल अलपत्र पारेको छ। जेन-जी आन्दोलनपछि बनेको नयाँ सरकारले ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाउन लागेपछि लुम्बिनी बिल्डर्सले अहिले काम गर्न थालेको छ। तर, स्थानीयले भने अर्कै नयाँ पुलको माग गरेका छन्।

शक्तिमा पहुँच...

पृष्ठ १ बाट क्रमशः

मा एउटा जिल्लामा सिडिओको कामकाज गर्ने अवधि सामान्यतया एक वर्षको हुने व्यवस्था छ। तर, आफैंले जारी गरेको कार्यविधि मन्त्रालयले नै धज्जी उडाएको छ। सिडिओ सरुवामा विधि होइन, शक्ति, पहुँच, प्रभाव र दबाबले काम गर्ने आरोप लाग्दै आएको छ।

लेखाका कर्मचारी सरुवामा पनि उस्तै बेथिति छ। नेपाल प्रशासन सेवा लेखा समूहका कर्मचारीको सरुवा महालेखा नियन्त्रकको कार्यालयले गर्ने व्यवस्था निजामती सेवा ऐनमा छ। सहलेखापाल (खरिदासरह)देखि उपसचिवसम्मको सरुवा कार्यालयले गर्छ। तर, यो कार्यालयले गर्ने सरुवामा कर्मचारीको व्यापक असन्तुष्टि छ। यही असन्तुष्टिका कारण तीनपटकसम्म कार्यालयमा तोडफोडसमेत भएको इतिहास छ। शक्ति र पहुँच पुऱ्याउने कर्मचारीको घुमी-घुमी 'आकर्षक कार्यालय'मा सरुवा हुने बेथिति लेखा समूहमा छ। पहुँच पुऱ्याउन नसक्नेहरू भने काठमाडौंबाहिर र दुर्गममा वर्षौंसम्म पेलिएर रहनुपर्ने अवस्था छ। सरुवा व्यवस्थापन गर्न गत वर्ष कार्यालयले मापदण्ड ल्याएको थियो। तर, जारी गर्दा नै झेल गरिएको कार्यविधिको पालनामा पनि खेलोफड्को हुने गरेको छ। एक लेखा अधिकृतको गुनासो छ, 'लेखामा सीमित कर्मचारीको राइँदाइँ छ, पहुँच पुऱ्याउन नसक्ने इमानदार कर्मचारी सधैं अवसर र सुविधाबाट वञ्चित छन्।'

मालपोतका कर्मचारीको सरुवामा पनि अनियमितता छ। करिब पाँच सय कर्मचारीको सरुवामा अनियमितता भएपछि गत वर्ष असोजमा भूमि व्यवस्था मन्त्रालयले छानबिन समिति नै गठन गरेर समितिको सिफारिसका आधारमा ६० कर्मचारीको त्यस्तो सरुवा रद्द गरेको थियो। विनामापदण्ड गैरकानुनी मोलाहिजा गरेर कर्मचारीको सरुवा गरेपछि मन्त्रालयले केही सरुवा रद्द गर्नुपरेको थियो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय त बेथितिको पर्याय नै बनेको छ। निजामती कर्मचारीको केन्द्रीय कर्मचारी निकायका रूपमा रहेको यो मन्त्रालयको काम पछिल्लो समय केवल 'सरुवा'मा खुम्चिएजस्तै देखिन्छ। मन्त्रालयले हप्तैपिच्छे कर्मचारी सरुवा गर्छ। गत कात्तिकमा मात्र सरुवासम्बन्धी १६ निर्णय गरेर सवा चार सय कर्मचारीको सरुवा गरेको थियो। प्रशासन सेवा र विविध सेवा सञ्चालन गर्ने तथा हजारौं कर्मचारीको सरुवा गर्ने यो मन्त्रालयले त कर्मचारी सरुवाको मापदण्डलाई नै रद्दीकै टोकरीमा मिल्काइदिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पनि हरेकजसो मन्त्रिपरिषद्बाट कर्मचारी सरुवाको निर्णय गर्छ। सचिव र सहसचिवको सरुवा मन्त्रिपरिषद्बाट हुने गरेका छन्। यी सरुवामा कुनै विधि र थिति छैन।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकी प्रवक्ता नीता पोखरेल अर्याल मन्त्रालयले सकेसम्म निष्पक्ष भएर कर्मचारी सरुवासम्बन्धी निर्णय गर्नुपर्ने बताउँछिन्। 'मन्त्रालयले सकेसम्म निष्पक्ष भएर नै कर्मचारी सरुवासम्बन्धी निर्णय लिनुपर्छ। तर, सरुवा भएपछि कर्मचारी सम्बन्धित कार्यालयमा खटिन जानुपऱ्यो र टिक्नुपऱ्यो। कतिपय कर्मचारी सरुवा भएका कार्यालयमा नजाने र नटिक्ने समस्या छ। यसलाई व्यवस्थित गर्ने प्रयास विगतमा पनि भएका हुन्,' उनले भनिन्, 'मन्त्रालय अहिले मापदण्ड नै जारी गर्ने तयारीमा लागेको छ। प्रणालीगत हिसाबबाटै सरुवासम्बन्धी समस्या समाधान गर्ने गरी मन्त्रालय लागेको छ। नतिजा चाँडै आउला, यसपछि गुनासा पनि कम होलान्।'

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले कर्मचारी सरुवासम्बन्धी मापदण्ड पालना भइरहेको दाबी गर्छन्। 'मापदण्ड पालना भइराखेको छ। कतिपय अवस्थामा व्यावहारिक आवश्यकता र संवेदनशीलतालाई पनि हेर्नुपर्ने हुन्छ,' उनले भने, 'कार्यविधिमै टेकेर व्यावहारिक आवश्यकता, मानवीयता र गृह प्रशासनको संवेदनशीलता हेरेर सरुवा हुन्छ।'

पूर्वसचिव शंकरप्रसाद कोइराला ऐन र नियमावलीमा कर्मचारी सरुवाबारे प्रस्ट व्यवस्था भएको बताउँछन्। तर, तिनै व्यवस्थामा आधारित भएर मन्त्रालयहरूले समय-समयमा मापदण्ड बनाउने गरे पनि कार्यान्वयनमा भने समस्या देखिएको उनको भनाइ छ। 'ऐन र नियमावलीमा कर्मचारी सरुवाबारे प्रस्ट व्यवस्था छ। यसमा आधारित भएर सेवा सञ्चालन गर्ने मन्त्रालयले समय-समयमा मापदण्ड पनि बनाएका छन्। तर, कार्यान्वयनमा समस्या देखियो। मापदण्ड बनाउनेले नै त्यसको उल्लंघन गरे। निर्णय गर्ने पदाधिकारी आफैंले बनाएको मापदण्डमा अडिन सकेनन्,' उनले भने, 'पहिला निर्णय गर्ने अधिकारी आफू अनुशासनमा बस्नुपऱ्यो, कानुन र मापदण्ड कार्यान्वयनमा इमानदार हुनुपऱ्यो। यसमा सबैभन्दा बढी जिम्मेवार सामान्य प्रशासन मन्त्रालय छ।'

शक्तिमा पहुँच रहेका कर्मचारीको सिंहदरबारमै रगगज, अधिकांश सधैं पेलानमा

संघीय प्रणालीले स्रोत र अधिकारको विनियोजन गरेर प्रदेश र स्थानीय तहमा पुऱ्याएको छ। कर्मचारीमा भने सकेसम्म सिंहदरबार, काठमाडौं उपत्यका वा सहरी सुगम क्षेत्रका कार्यालयमै बस्न रुचाउने प्रवृत्ति छ। त्यसकै नतिजास्वरूप सिंहदरबारका मन्त्रालयमा काज र अतिरिक्तमा ठुलो संख्यामा कर्मचारी थुप्रिएका छन् भने दुर्गम क्षेत्र, पालिका र जिल्ला प्रशासनमा कर्मचारीको चरम अभाव छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार अहिले करिब डेढ सय स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत रिक्त छन्। सरुवालाई प्रणालीगत नबनाइँदा अनेक आधारमा सत्ता र राजनीतिसँग नजिक तथा पहुँच पुऱ्याउने कर्मचारी लामो समयदेखि सिंहदरबार र उपत्यकाकेन्द्रित कार्यालयमा पकड जमाउन सफल छन्। अर्कातिर त्यसो गर्न नसक्ने कर्मचारीलाई भने सधैं पेलेर सहरबाहिर र दुर्गम क्षेत्रमा पुऱ्याउने गरिएको छ। कर्मचारीको ठुलो हिस्साले अन्यायमा परेको गुनासो गर्दै आएका छन्।

करिब तीन वर्षअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको अध्ययनमा केही कर्मचारी त लगातार १० वर्षसम्म सिंहदरबारमै कार्यरत रहेको भेटिएको थियो। लगातार पाँच वर्षसम्म सिंहदरबारमै कार्यरत कर्मचारी त उल्लेख्य नै रहेको फेला परेको थियो।

'राजनीतिक तथा प्रशासनिक शक्ति र पहुँच प्रयोग गरेर केही कर्मचारी लामो समयसम्म आकर्षक अड्डा, सिंहदरबार र आसपासमै रजगज जमाइरहेका छन्। त्यस्तो नगर्नेहरू पेलिनुपर्ने अवस्था छ,' एक उपसचिव भन्छन्, 'यस्तै विभेद र अन्यायले नै आमकर्मचारीको मनोबल र उत्प्रेरणा गिरिरहेको छ।'

०८० वैशाखमा सामान्य प्रशासन मन्त्रालयले सरुवा प्रणालीलाई व्यवस्थित गर्न कार्यदल नै गठन गरेर अध्ययन गरेको थियो। मन्त्रालयका तत्कालीन सहसचिव बलराम रिज्यालको संयोजकत्वमा गठित पाँचसदस्यीय कार्यदलले कानुनी व्यवस्था, अभ्याससमेत केलाएर सरुवा प्रणाली व्यवस्थित गर्न विभिन्न सुझाव सिफारिस गरेको थियो। कार्यदलले अविच्छिन्न तीन वर्ष वा सोभन्दा बढी अवधि काठमाडौं उपत्यकाभित्रका निकायमा कार्यरत कर्मचारीलाई कार्यावधिको ज्येष्ठताका आधारमा उपत्यकाबाहिर सरुवा गर्न सिफारिस गरेको थियो। अध्ययनको सिफारिसका आधारमा पहिलो चरणअन्तर्गत पाँच वर्षभन्दा बढी काठमाडौं उपत्यकाभित्र रहेका कर्मचारीलाई कार्यज्येष्ठताका आधारमा बाहिर पठाउने र लामो समय बाहिर रहेकालाई केन्द्रीय निकायमा ल्याउन सुरु गरिएको थियो। तर, त्यसले निरन्तरता पाउन सकेन।

विधिको उल्लंघन, हुँदैन कानुन कार्यान्वयन

निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० ले निजामती कर्मचारीलाई पृथक् भौगोलिक क्षेत्र र कार्यको अनुभव दिलाउन विभिन्न निकायमा पदस्थापन तथा सरुवा गर्ने व्यवस्था गरेको छ। यी व्यवस्थाबमोजिम संघीय निजामती सेवाको पदको दरबन्दी भएको संघीय निकायमा सरुवा र प्रदेश तथा स्थानीय तहमा कामकाजमा खटाउने जिम्मेवारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा छ। यसका अतिरिक्त सेवा समूह सञ्चालन गर्ने निकायले आफूअन्तर्गतका कर्मचारीको आन्तरिक सरुवा गर्छन्। सचिव र सहसचिवको सरुवा मन्त्रिपरिषद्ले गर्छ। तर, अन्तर्गत कार्यरत सहसचिवलाई अन्तरमहाशाखा र निकायमा सरुवा भने मन्त्रीस्तरीय निर्णयबाट हुन्छ। अहिले प्रदेशहरूले पनि मातहतका निकायमा कर्मचारी सरुवा गर्छन्।

ऐनको दफा १८ मा सरुवासम्बन्धी व्यवस्था छ। उपदफा ३ ले वर्षमा एकपटक समयतालिकाअनुसार भौगोलिक क्षेत्रअनुसार डेढ वर्ष र दुई वर्षका लागि सरुवा गर्ने व्यवस्था गरेको छ। काज खटाउँदा पनि वर्षमा तीन महिनाभन्दा बढी अवधिका लागि खटाउन नमिल्ने व्यवस्था गरेको छ। त्यस्तै, नियमावलीको नियम ३६ देखि ४१ सम्ममा सरुवासम्बन्धी व्यवस्था छन्। सरुवाको कार्यविधिसमेत नियमावलीले तोकेको छ। नियमावलीको नियम ३६ ले सरुवाको समयतालिका र सरुवाका आधारसहित व्यवस्था गरेको छ। तर, यो व्यवस्था सहसचिव र सचिवबाहेकका हकमा छ। यसले सहसचिव र सचिवको सरुवालाई झनै अस्थिर र चुनौतीपूर्ण बनाइदिएको छ।

पूर्वसामान्य सचिवसमेत रहेका शंकरप्रसाद कोइराला निजामती सेवा ऐन र नियमावलीका व्यवस्था प्रभावकारी कार्यान्वयन हुँदा मात्रै पनि सरुवा व्यवस्थित हुने बताउँछन्। ऐन र नियमावलीका अतिरिक्त सेवा सञ्चालन गर्ने हरेकजसो मन्त्रालय तथा निकायले सरुवा मापदण्ड बनाएका छन्।

नियमावलीको नियम ३६ (१५) मा कर्मचारीको सरुवा गर्ने वा सोको सहमति दिने निकायले मापदण्ड बनाई निर्णय गर्नुपर्ने व्यवस्था छ। त्यसैअनुसार महालेखा नियन्त्रक कार्यालयले पछिल्लोपटक ०८१ भदौमा 'नेपाल प्रशासन सेवा, लेखा समूहका कर्मचारीको पदस्थापन, सरुवा तथा काज व्यवस्थापनसम्बन्धी मापदण्ड, २०८१' जारी गरेको थियो। त्यस्तै, गृह मन्त्रालयमा 'सरुवा तथा पदस्थापन मापदण्ड, २०७१' रहेको छ। गृहले नै ०७९ मा 'प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा कामकाज खटाउनेसम्बन्धी कार्यविधि' पनि जारी गरेको थियो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पनि पुराना मापदण्ड खारेज गर्दै ०८१ मा 'सरुवा, काज तथा कामकाजसम्बन्धी मापदण्ड' जारी गरेको थियो। अवधि नपुगी कर्मचारीको सरुवा नगर्ने व्यवस्था मापदण्डमा छ। यही मापदण्डले प्रदेश सचिवलाई एक वर्ष र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतलाई दुई वर्षका लागि खटाउने व्यवस्था गरेको छ।

तर, सरुवाका वर्तमान अभ्यास हेर्दा यी मापदण्डको पालना भएको गुन्जाइस हुँदैन। सरुवा प्रणालीलाई व्यवस्थित गर्न विगतमा गठित प्रशासन सुधार आयोगदेखि सरकारले गठन गरेका विभिन्न समितिहरूले सिफारिस गरे पनि सुधार हुन सकेको छैन।

पूर्वमन्त्री ठकुरी...

पृष्ठ १ बाट क्रमशः

सरकारले नयाँ मन्त्री नियुक्त नगरेकाले अध्यक्षमा ठकुरीलाई नै कायम राखिएको बताए। 'ऐनले यसबारे प्रस्ट बोलेको छैन, नयाँ मन्त्री नियुक्त हुनुभएको छैन, सरकारले कसैलाई अध्यक्ष तोकेर पनि पठाएको छैन। त्यही भएर उहाँ (ठकुरी) कायमै हुनुभएको हो,' उनले भने।

पूर्वमन्त्री शाहीले भने आफू मन्त्री पदबाट हटिसकेपछि एनटिएनसीको अध्यक्ष नरहेको र कोषका कुनै काममा संलग्न नरहेको बताए। 'मेरो नाम कायमै राख्नुभएको विषय उहाँहरूको हो, म अध्यक्षका हैसियतमा सक्रिय छैन,' उनले भने। प्रधानमन्त्री कोषको संरक्षक रहने व्यवस्था प्रकृति संरक्षण कोष ऐन, २०३९ मा छ। अहिले वन तथा वातावरणमन्त्री नियुक्त नभए पनि यो मन्त्रालय प्रधानमन्त्री सुशीला कार्कीले नै सम्हालिरहेकी छिन्।

राजतन्त्रमा राजाले अध्यक्ष मनोनीत गर्थे। गणतन्त्रसँगै वनमन्त्री नै एनटिएनसीमा अध्यक्ष मनोनीत हुँदै आएका छन्। यद्यपि, तत्कालीन प्रधानमन्त्री केपी ओलीले भने ०७८ वैशाखमा वनमन्त्री प्रेमबहादुर आलेलाई अध्यक्षको जिम्मेवारी नदिई कृष्णप्रसाद ओलीलाई अध्यक्ष बनाएका थिए। त्यसबाहेक हरेकपटक वनमन्त्री नै एनटिएनसीको अध्यक्ष रहँदै आएका छन्।

वन तथा वातावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले ऐनले प्रस्ट नबोलेको र अधिल्ला अध्यक्ष (कृष्णप्रसाद ओली)लाई बिचमै हटाउँदा सर्वोच्च अदालतको आदेशबाट थमौती भएकाले अहिलेको अवस्थामा कुनै निर्णय भइनसकेको बताए। 'प्रधानमन्त्री संरक्षक हुने व्यवस्था छ, संरक्षकले अध्यक्ष तोक्नुहुन्छ। तर, उहाँले नयाँलाई तोक्नुभएको छैन। पूर्वमन्त्री ठकुरी कति अवधिका लागि अध्यक्ष बन्नुभएको हो, त्यसबारे पनि यकिन छैन,' उनले भने। प्रधानमन्त्रीले पाँच वर्षका लागि अध्यक्ष मनोनीत गर्ने व्यवस्था छ। एनटिएनसीमा अध्यक्षले गाडी र बैठक भत्ता पाउने सुविधा छ।

एनटिएनसीमा सञ्चालक समिति बैठकको अध्यक्षता अध्यक्षले गर्ने भए पनि प्रशासनिक कार्यकारी भूमिका सदस्यसचिवलाई रहन्छ। एनटिएनसीले अन्नपूर्ण, मनास्लु र गौरीशंकर संरक्षण क्षेत्र आयोजना व्यवस्थापन गर्दै आएको छ। त्यस्तै, ललितपुरस्थित सदर चिडियाखाना पनि सञ्चालन गर्दै आएको छ।

Government of Koshi Province
Ministry of physical Infrastructure Development
Infrastructure Development Directorate

Infrastructure Development Office, Morang

Biratnagar, Nepal

Invitation for Electronic Bids

First Date of Publication: 2082/08/21 (7th December 2025)

1. Infrastructure Development Office, Morang has allocated funds towards the Upgrading/construction of following works and invites electronics bids from eligible Nepalese bidders under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.

S. N.	Contract Identification Number	Description and Location of work	Bid Validity Period	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)
1	IDO/MOR/NCB/ R/W-146/082-83	Upgrading of Kishan Chowk Tandi Aaitabare Rabi Road, Miklajung, Morang. (Chainage:0+000 to 18+244)	90 days	10,50,000	5000
2	IDO/MOR/NCB/ R/W-147/082-83	Upgrading Road works of Ram Laxaman Marg with Asphalt, Jahda - 01, Morang. (6+500-7+645)	90 days	6,50,000	5000
3	IDO/MOR/NCB/ R/W-148/082-83	Upgrading of Sanishchare Bazar Kusechauri Mangalbare Sombare Sirisedanda Biting Kiratichowk hudai Birendranagar samma, Patharisanishchare-08, Morang	90 days	5,50,000	5000
4	IDO/MOR/NCB/ R/W-149/082-83	Upgrading of Motipur Sukrabare Hatiya dekhi Gidaniya khola Sadak, Gramthan and Budhiganga Ga.pa., Morang	90 days	6,50,000	5000

2. Last date of Bid Submission is 2082/09/22 (6th January 2026) at 12:00 Noon and bid opening shall take place in Infrastructure Development Office, Morang on 2082/09/22 (6th January 2026) at 13:00 PM.
3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Detail Information related to respective invitation for bids can obtain from PPMO's e-GP system website: http://www.bolpatra.gov.np

Office Chief

विरोधका बिच हेटौँडा बजारमा सुरु भयो सडक विस्तारको काम

सडक किनारका संरचना हटाउन दिएको १५ दिनको समय सकिएकै दिन प्रशासनले चलायो डोजर

मकवानपुरमा **पोष्टराज अधिकारी**

लामो समयदेखि अदालती प्रक्रिया र विभिन्न अवरोधका कारण रोकिएको हेटौँडा बजार क्षेत्रको सडक विस्तार कार्य सुरु भएको छ। बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौँडा बजार क्षेत्रको सडक विस्तारका लागि शनिबार बिहान ५ बजेबाट सडक डिभिजन कार्यालयले डोजर चलाएको हो।

त्रिभुवन राजपथ र पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) क्षेत्रको २५/२५ गज (२२.५ मिटर)मा निर्माण भएका संरचना हटाउन कार्यालयले जेसिबी प्रयोग गरेको हो। हेटौँडा उपमहानगरपालिका- १५ रातोमाटेदेखि बुद्ध चोकबाट राप्ती पुलसम्म (महेन्दद्र राजमार्ग) र बुद्ध चोकदेखि चौकीटोल हुँदै सामरी पुलसम्म (त्रिभुवन राजपथ)को ९.५ किलोमिटर क्षेत्रमा सडकको दायाँ-बायाँ २५/२५ गज (७५ फिट) क्षेत्र खाली गराउने अभियानअन्तर्गत घर-टहरा भत्काउन थालिएको हो।

सडक विस्तारका लागि सडक डिभिजन कार्यालयले ५ मंसिरमा सडक सीमाक्षेत्रमा निर्माण भएका संरचना हटाउन १५ दिने अल्टिमेटमसहितको सूचना जारी गरेको थियो। जसअनुसार १९ मंसिरमा सूचनाको म्याद सकिएसँगै शनिबार बिहानबाट प्रशासनको सुरक्षा घेराभित्रबाट सडक सीमा खाली गराउन जेसिवी प्रयोग गरिएको हो।

सडक डिभिजन कार्यालय हेटौँडाले ०७३, ०७६, ०८० र ०८२ मा पटक-पटक सूचना जारी गरे पनि स्थानीय घरधनीहरूले अदालतबाट 'स्टे अर्डर' ल्याएकाले विस्तार कार्य रोकिँदै आएको थियो। तर, १७ पुस ०८० मा सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले सो क्षेत्र राष्ट्रिय राजमार्ग (२५ गज)भित्र पर्ने र मुआब्जा तथा क्षतिपूर्ति दिनुनपर्ने फैसला गरेपछि सडक विस्तारको काम अघि बढाउन सहज भएको हो। सोही फैसलाको जगमा टेकेर सडक विभागले गत ५ मंसिरमा १५ दिने सूचना जारी गरेको सडक डिभिजन कार्यालय हेटौँडाका प्रमुख इन्जिनियर गुरुप्रसाद अधिकारीले जानकारी दिए।

हेटौँडा- २ स्थित पिपलबोटदेखि उद्योग वाणिज्य संघसम्मको क्षेत्रको केही घर भने भत्काइएको छैन। सडक विस्तारको अन्तिम तयारी भइरहँदा राष्ट्रिय स्वतन्त्र पार्टीकी पूर्वसांसद विन्दबासिनी कंसाकारसहित ६ जनाले सर्वोच्चमा उत्प्रेषणको रिट दायर गरेको थियो। रिटमा शुक्रबार मात्रै न्यायाधीश मेघराज पोखरेलको इजलासले ती ६ जनाको हकमा अल्पकालीन अन्तरिम आदेश जारी गरेका कारण सो क्षेत्रमा कुनै काम गरिएको छैन। सो क्षेत्रमा रहेका घरटहरा हटाउन २६ मंसिरसम्म कुर्ने प्रशासनको तयारी छ। सर्वोच्चले छलफलका लागि पेसी तोकेकाले सो दिनसम्म काम रोकिएको हो।



सडकछेउका ५३१ घरटहरा भत्काइने

रातोमाटेदेखि सामरी पुल र बुद्धचोकदेखि राप्ती पुलसम्मका ५३१ घरटहरा भत्काउने काम जारी छ। हेटौँडा बजारक्षेत्रको उत्तरतर्फ चौकीटोल ओरालो, दक्षिण तर्फ एचआइडी, रातोमाटेसम्म, पूर्वमा राप्ती रोडसम्मका संरचना जेसिबी प्रयोग गरेर भत्काइएको छ। सडक विस्तार कार्यलाई निर्वाध रूपमा अघि बढाउन प्रशासनले ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरेको छ। बजार क्षेत्र भएर चल्ने सवारीसाधनलाई वैकल्पिक मार्गबाट डाइभर्सन गर्दै सडक सीमा खाली गराइएको हो। सडक विस्तारका लागि प्रशासनले पाँच सयभन्दा बढी जनपथ प्रहरी र सशस्त्र प्रहरी परिचालन गरेको छ। सडक डिभिजन कार्यालयले ६ एक्स्काभेटर, दुईवटा जेसिबी र दुईवटा लोडर परिचालन गरेको छ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार सडक कार्यालयले राजमार्ग क्षेत्रको सडक सीमामा निर्माण भएका संरचनामा 'टेक्निकल' रूपमा भत्काउने काम गरेको छ। हाललाई व्यवसाय सञ्चालन भएका घरमा बोर्ड, घरको टप, झ्यालढोका तथा सटर निकालिएको उनले बताए। सडक विस्तारमा स्थानीय नै जिम्मेवार बन्नुपर्ने भएकाले केही दिन उनीहरूलाई व्यवस्थापनको काम गर्न दिने गरी योजना बनाइएको उनको भनाइ छ।

घर संरचना र भित्र रहेका सामानमा कम क्षति हुने गरी काम गरिएको र सोहीअनुसार स्थानीयले व्यवस्थापनको काम गरेको उनले बताए। आगामी एक सातामा सबै संरचना हटाउने गरी योजना तयार गरेको र स्थानीयबाट पनि सोहीअनुसारको सहयोग प्राप्त भएको अधिकारीको भनाइ छ। घर संरचना भत्काउन समस्या हुने व्यक्तिहरूलाई सडक कार्यालयले आवश्यक सहयोग गर्ने गरी व्यवस्थापनमा सहयोग गरिने उनले बताए। घर आवास तथा सम्पत्तिसम्बन्धी अधिकारसमेत नरहने व्यक्तिहरू तथा व्यवसायीहरूको व्यवस्थापनको हकमा स्थानीय तहसँग निरन्तर समन्वय भइरहेको अधिकारीले बताए। आगामी दिनमा एसियन हाइवेको राइट अफ वेको मापदण्डअनुसार बाँकी रहेको क्षेत्रको मुआब्जा वितरणको काममा प्रशासनले काम गर्नुपर्ने उनको भनाइ छ। २६/२५ गज क्षेत्रको जग्गा स्वामित्व ग्रहण गरिसकेपछि २५ मिटर क्षेत्रका लागि बाँकी रहेको सात फिट जग्गा अधिग्रहण गर्ने गरी सार्वजनिक सूचना जारी गरिने उनले बताए। त्यसपछि भत्किएका संरचना व्यवस्थापन सकेर पुनर्निर्माणका लागि हेटौँडा बजार क्षेत्रको ९.५ किलोमिटरको मात्र छुट्टै प्याकेजमा काम गर्ने गरी भौतिक पूर्वाधार विकास मन्त्रालयमा समन्वय गरिने अधिकारीको भनाइ छ।

सडक विस्तारसँगै ढले अशोकका रुख

बागमती प्रदेशको राजधानी हेटौँडामा शनिबार बिहानैदेखि सुरु भएको सडक विस्तार अभियानसँगै सहरको मुख्य पहिचान मानिँदै आएका अशोकका रुख ढलेका छन्। सडक डिभिजन कार्यालय हेटौँडाले २५ गज (२२.५ मिटर) सडक फराकिलो गर्ने कामलाई तीव्रता दिएसँगै राप्ती रोड, मेन रोड र अन्य प्रमुख स्थानका अशोकका रुखहरू भारी मेसिनरीको प्रयोग गरी ढालिएको हो। लामो समयदेखि हेटौँडाको सौन्दर्य, पहिचान र वातावरणीय समृद्धिको प्रतीक मानिने अशोकका रुखले मुख्य सहर क्षेत्रमा हरियालीको अनुभूति दिँदै आएका थिए। सहरलाई 'ग्रिन सिटी'को उपमा दिलाउने यी वयस्क रुखहरू हटाइँदा स्थानीयवासीले वातावरणीय सन्तुलनमा असर पर्ने चिन्ता व्यक्त गरेका छन्।

पूर्व-पश्चिम राजमार्गको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्म ९.५ किलोमिटर क्षेत्रमा सडकको केन्द्रबिन्दुबाट दायाँ-बायाँ २५/२५ गजभित्र पर्ने संरचना हटाउने क्रममा शनिबार २५/३० वटा रुख ढलेका छन्। सडक विस्तारसँगै बाँकी रुख मासिने निश्चित छ। सडक विस्तार गर्ने अभियानअन्तर्गत ५३१ निजी तथा सरकारी संरचना हटाइँदै छ। यसअघि ५ मंसिरमा जारी गरिएको १५ दिने सूचनाअनुसार १९ मंसिरभित्र संरचना हटाउन भनिएको थियो। हेटौँडा बजारक्षेत्रको हरियालीसँगै इतिहास बोकने अशोकका रुख ढलेकामा वातावरणविद्ले चिन्ता व्यक्त गरेका छन्।

विस्तारको विरोधमा टायर बालेर सडक अवरुद्ध

हेटौँडा उपमहानगरपालिकाको मुख्य बजारक्षेत्रमा सडक विस्तारलाई लिएर रास्वपाकी पूर्वसांसद विन्दवासिनी कंसाकारको परिवारले शनिबार साँझ सडक अवरुद्ध गर्दै प्रदर्शन गरेका छन्। सर्वोच्च अदालतको अन्तरिम आदेशविपरीत बलपूर्वक सडक विस्तार गरिएको आरोप लगाउँदै कंसाकार परिवारले त्रिभुवन राजपथअन्तर्गत हेटौँडा-२ पीपलबोटस्थित आफ्नो घर अगाडि सडकमा टायर तथा काठ जलाएर आवागमन रोक्ने प्रयास गरेको हो। कंसाकार परिवारले सडक सिमानाभित्र पर्ने संरचना हटाउन नपाउने भन्दै सर्वोच्च अदालतले जारी गरेको 'स्टे अर्डर'को अवहेलनामा प्रशासनले डोजर परिचालन गरेको दाबी गरेको छ। प्रशासनको व्यवहारप्रति आपत्ति जनाउँदै प्रदर्शनमा सहभागीहरूले सडकमा टायर बाल्दै नाराजुलुस गरेका थिए। जसकारण केही समय सो क्षेत्रको यातायात व्यवस्थामा अवरोध देखिएको थियो। प्रशासनले भने हेटौँडा बजारक्षेत्रमा सडक क्षेत्राधिकारभित्र पर्ने अवैध संरचना हटाउने अभियान जारी रहेको जनाएको छ। सडक विस्तारसँगै स्थानीयवासी र व्यापारीमा थप असन्तोष बढ्दै गएको छ।

वसन्त अधिकारी
प्रमुख जिल्ला अधिकारी, मकवानपुर



सडक डिभिजन कार्यालयले हाललाई व्यवसाय सञ्चालन भएका घरमा बोर्ड, घरको टप, झ्यालढोका तथा सटरहरू निकालेको छ। सडक विस्तारमा स्थानीय नै जिम्मेवार बन्नुपर्ने भएकाले केही दिन उनीहरूलाई व्यवस्थापनको काम गर्न दिने गरी योजना बनाइएको छ। घर संरचना र भित्र रहेका सामानमा कम क्षति हुने गरी काम गरिएको छ। एक सातामा सबै संरचना हटाउने गरी योजना तयार गरेको र स्थानीयबाट पनि सोहीअनुसारको सहयोग प्राप्त भएको छ।

१२ वर्ष कैद भुक्तान गरी जेलबाट छुटेका कैदीबाटै पूर्वहवल्दार कँडेलको हत्या

जेलभित्र जोडिएको कैदी र प्रहरीबिचको प्रेमसम्बन्ध हत्यामा परिणत

कास्कीमा **रोहितराज पराजुली**

प्रेम सम्बन्धमा दरार आएपछि जेलबाट छुटेका कैदीले नेपाल प्रहरीकी पूर्वहवल्दार सीता कँडेलको हत्या गरेको खुलेको छ। ४५ वर्षीया कँडेलको ३१ चैत ०८१ मा लमजुङको बेँसीसहर नगरपालिका- २ भकुन्डेस्थित निवासमै हत्या भएको थियो।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले घटनामा संलग्न चितवन रत्ननगर नगरपालिका- ६ (साबिक बछौली गाविस)का ४७ वर्षीय बुद्धिराम दराईलाई पक्राउ गरेको छ। प्रहरीका अनुसार उनीहरू लामो समयदेखि प्रेममा थिए। उनीहरूले संयुक्त रूपमा आर्थिक कारोबार पनि गरेका थिए। विवाह गर्ने योजनामा रहेका दुईबिचको सम्बन्धमा एकाएक दरार आएको थियो। सोहीकारण दराईले कँडेलको हत्या गरेको अनुसन्धानमा संलग्न जिल्ला प्रहरी कार्यालय लमजुङका प्रमुख डिएसपी रेशम बोहराले बताए। 'उनीहरू लामो समयदेखि प्रेममा रहेको देखिन्छ। दुईबिच संयुक्त रूपमा आर्थिक कारोबार पनि भएको देखियो। यहीबिचमा सम्बन्धमा एकाएक दरार आयो। उत्तेजित बनेका दराईले कँडेलको हत्या गरेको जस्तो देखिन्छ। यद्यपि, अनुसन्धान भर्खर सुरु भएको छ। नयाँ तथ्य खुल्दै जालान्,' उनले भने।

प्रहरीका अनुसार कँडेल र दराईबिच चितवनस्थित कारागारमा भेट भएको थियो। कारागारमा कँडेल ड्युटीमा खटिने गर्थिन्। हत्या कसुरमा दोषी ठहर भएका दराई सोही कारागारमा कैद सजाय भुक्तान गर्दै थिए। यहीबिचमा कँडेल सेवाबाट अनिवार्य अवकाशमा गइन्। र, लमजुङस्थित घरमा बस्न थालिन्। प्रेममा रहेका दराईले आफ्नो कारागार सरुवा लमजुङमै गराए। दुईबिच सोही कारागारमा भेटघाट हुने गर्थ्यो। सूचनापछि कारागार व्यवस्थापन विभागले उनको सरुवा धादिङस्थित कारागार गरायो। करिब महिनाको बसाइँपछि उनी ०७६ मा कैद मुक्त भए। त्यसपछि उनी सरासर लमजुङस्थित कँडेलको घर पुगे। अविवाहित उनी लमजुङमै बस्न थाले। श्रीमान्सँग सम्बन्धविच्छेद गरेकी कँडेल घरमा एक्लै बस्थिन्। यही मौकामा दुईबिचको प्रेम गतिलोसँग झाँगिन पुग्यो। दुईले संयुक्त रूपमा आर्थिक कारोबार पनि गरे।

दराई कँडेलसँग विवाह गर्न चाहन्थे। तर, कँडेल सम्बन्धलाई विवाहमै परिणत गर्न चाहन्न थिइन्। यही कारण दुईबिचको सम्बन्धमा खटपट सुरु भयो। उत्तेजित बनेका दराईले उनको निवासमै हत्या गरे। शव त्रिपालले बेरे। सुत्ने कोठामा राखिएको बक्सपलङको विस्तारमुनि हाले। र, घरमा ताल्चा ठोकेर फरार भए।

घरमा दुर्गन्ध फैलिएपछि मात्रै घटनाको सूचना प्रहरीले पाएको थियो। प्रहरीले कँडेलको शव बक्स पलङको बिस्तरामुनि त्रिपालले बेरिएको अवस्थामा फेला पारेको थियो। सिआइबीका प्रवक्ता शिवकुमार श्रेष्ठले त्यसलगत्तै घटनाको अनुसन्धानमा सिआइबीको विशेष टोली खटिएको बताए। यही क्रममा दराई पक्राउ गरेको उनको भनाइ छ। दराईलाई जिल्ला अदालत लमजुङबाट शुक्रबार कर्तव्य ज्यान मुद्दामा सात दिन म्याद थप गरिएको छ।

श्रेष्ठका अनुसार अपराध अभिलेख हेर्दै जाँदा दराई ०६७ मा गोरखाकी चिनीमाया पाण्डेलाई हत्या गरेको अभियोगमा दोषी ठहर भएका व्यक्ति हुन्। त्यसवेला चिनिमायाकी छोरी बिहे गर्न माग्न जाँदा भएको विवादमा दराईले चिनीमायाको घाँटी थिची हत्या गरेकोमा गोरखा जिल्ला अदालतबाट २० असार ०६८ मा सर्वस्वसहित जन्मकैदको फैसला भएको थियो।

संक्षेप

बाँस प्रवर्द्धनमा लागेको भन्दै दिक्तेल नगरपालिका नास्टबाट पुरस्कृत

काठमाडौं/ खोटाङ/ बाँसको प्रवर्द्धन गरेको भन्दै खोटाङकोदिक्तेल रूपाकोट मझुवागढी नगरपालिका पुरस्कृत भएको छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)ले ४३औँ वार्षिकोत्सवमा शनिबार नगरपालिकालाई 'भुवनेश्वर प्रविधि पुरस्कार-२०८२' प्रदान गरेको हो। बाँसजन्य स्रोतको संरक्षण, प्रवर्द्धन तथा प्रयोगमार्फत स्थानीयस्तरमा बाँसलाई भवन निर्माण, हस्तकला, व्यावसायिक उत्पादन तथा वातावरणमैत्री समाधानका रूपमा रूपान्तरणसँगै बाँससम्बन्धी सीप विकास, प्रविधि विस्तार र उद्यमशीलता प्रोत्साहनमा उल्लेखनीय भूमिका निर्वाह गरेकाले पुरस्कृत गरिएको नास्टले जनाएको छ। नगरपालिकाले प्राप्त गरेको भूवनेश्वर प्रविधि पुरस्कार नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानबाट निर्माण कार्यमा किफायत हुने प्रविधि विकास गर्ने यस्तो प्रविधिको अनुसन्धान तथा यस्तो कार्य क्षेत्रमा प्रयोग गर्न उच्च योगदान दिन सफल अनुसन्धानकर्ता वा संस्थाको प्रोत्साहन तथा सम्मानका लागि स्थापना गरिएको पुरस्कार हो। कृषि विकास, वातावरण संरक्षण, जलस्रोत व्यवस्थापन, जैविक विविधता, शिक्षा, सेवाप्रवाह, सुशासन, पारदर्शिता, प्राविधिक सुविधा तथा समग्र विकासका विभिन्न सूचकमा सञ्चालन गरेको मूल्यांकनमा देशका ७५३ वटा स्थानीयमध्ये उत्कृष्ट भएको नगरपालिकामा प्राप्त नास्टको पत्रमा जनाइएको छ। नास्टका कुलपति एवं प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा १२ मंसिरमा बसेको नास्टको ४९औँ प्राज्ञसभाले नगरपालिकालाई पुरस्कृत गर्ने निर्णय गरेको हो। नास्टले प्रदान गरेको २५ हजार राशिको पुरस्कार शिक्षामन्त्री एवं नास्टका सहकुलपति महावीर पुनले खुमलटारमा आयोजित कार्यक्रममा प्रदान गरेको नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिए।

हायात क्यासिनोमा आगजनी र चोरीमा संलग्न दुईजना पक्राउ

काठमाडौं/ २३ र २४ भदौको जेन-जी प्रदर्शनका क्रममा हायात होटेलभित्र रहेको क्यासिनोमा भएको चोरी, तोडफोड र आगजनी प्रकरणमा संलग्न रहेको आरोपमा दुईजना पक्राउ परेका छन्। प्रहरीका अनुसार पक्राउ पर्नेमा बौद्ध बस्ने ४२ वर्षका सेड्डी भन्ने दाबा शेर्पा र बुढानीलकण्ठ नगरपालिका-१२ बस्ने २९ वर्षका रने भन्ने रञ्जित खड्गी छन्। उनीहरूलाई १२ मंसिरमा बुढानीलकण्ठ क्षेत्रबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार अपरिचित समूहले धारिलो हतियार देखाएर क्यासिनो काउन्टरमा राखिएको नगद लुटपाट गरेका थिए। त्यही क्रममा क्यासिनोभित्रका संरचना तोडफोड र आगजनीसमेत गरी उनीहरू फरार भएका थिए। दुवैलाई चोरी तथा डाँकासम्बन्धी कसुर र आपराधिक उपद्रव गरेको आरोपमा काठमाडौं जिल्ला अदालतबाट सात दिनसम्मको म्याद अनुमति लिएर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ। प्रहरी परिसरका सूचना अधिकारी पवनकुमार भट्टराईका अनुसार घटनासम्बन्धी थप अनुसन्धान जारी छ।

सामुदायिक वनमा लागेको आगो बस्तीमा पस्दा जले दुई गोठ

सल्यान/ सामुदायिक वनमा लागेको आगो बस्तीमा पस्दा दुई गोठ जलेर नष्ट भएका छन्। सिद्धकुमाख गाउँपालिका- २ स्थित जलबारे सामुदायिक वनमा लागेको बस्तीमा पस्दा दुई गोठ जलेर नष्ट भएको हो।



आगोले ६६ वर्षीया सुशीला बोहरा र २६ वर्षीय रेशम बोहराको गोठ जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक पूर्ण केसीले जानकारी दिए। आगलागीबाट ४० हजारबराबरको क्षति भएको अनुमान गरिएको उनको भनाइ छ। चार वर्षदेखि ती गोठ खाली रहेकाले मानवीय तथा अन्य भौतिक क्षति नभएको केसीले बताए। स्थानीय, जनप्रतिनिधि र प्रहरीको सक्रियतामा जंगलमा लागेको आगो नियन्त्रणमा आएकाले बस्तीका अन्य घरमा क्षति नभएको प्रहरीको भनाइ छ।

जेन-जी आन्दोलनका मुद्दा सम्बोधन गराउन नेकपाले पहल गर्ने

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टीले जेन-जी आन्दोलनका मुद्दा सम्बोधन गर्न सशक्त पहल गर्ने प्रतिबद्धता जनाएको छ। संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले अन्तरपार्टी निर्देशन (अपानि) जारी गर्दै संविधान संशोधन वा अन्य तरिकाले जेन-जीका माग सम्बोधन गर्न पहल गर्ने प्रतिबद्धता जनाएका हुन्। 'हाम्रो पार्टी सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तथा भ्रष्टाचार, कुशासन र बेथितिविरुद्ध भदौ २३ गते जेन-जी पुस्ताका नवयुवाहरूले गरेको आन्दोलनको उच्च मूल्यांकन गर्दै आन्दोलनको भावनाको सम्मान गर्दछ,' प्रचण्ड र नेपालले अपानिमार्फत भनेका छन्, 'जेन-जी आन्दोलनमार्फत उठाएका सुशासन, रोजगारी, राजनीतिक दल तथा राज्यका निकायमा युवा सहभागितालगायतका मुद्दालाई संविधान संशोधन वा अन्य तरिकाले सम्बोधन गर्न पार्टीको तर्फबाट सशक्त पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।' पार्टी, पार्टीका सबै संगठन तथा जनवर्गीय संगठनहरूमा जेन-जी नवयुवा, युवा तथा महिला, दलितलगायत पिछडा वर्ग, जाति, समुदायको न्यायोचित प्रतिनिधित्व गराउने प्रतिबद्धता पनि प्रचण्ड र नेपालले व्यक्त गरेका छन्। नेकपाले २३ भदौमा जेन-जी आन्दोलनमा गरिएको दमन र २४ भदौमा गरिएको विध्वंशको छानबिन गरी दोषीहरूमाथि कडा कारबाही गर्न पनि माग गरेको छ। '०८२ भदौ २३ गतेको जेन-जी आन्दोलनमा गरिएको दमन र भदौ २४ गते गरिएको विध्वंशको बारेमा छानबिन गरी दोषीहरूमाथि कडा कारबाही गर्न माग गर्दछौं,' अपानिमा भनिएको छ।

मधेशको नयाँ सत्तासमीकरणको प्रभाव अन्य प्रदेशमा पनि पर्छ : **प्रचण्ड**



नेकपा संयोजक प्रचण्डले मधेश प्रदेशमा बनेको नयाँ सत्तासमीकरणको प्रभाव अन्य प्रदेशमा पनि देखिने बताएका छन्। शनिबार जनकपुरमा आयोजित पार्टीको मधेश प्रदेशस्तरीय एकता सन्देश सभामा उनले मधेश प्रदेश सरकार गठनका क्रममा तथाकथित समीकरण तोडिएर नयाँ समीकरण बनेको दाबी गरे। साथै, मधेशबाट सुरु भएको नयाँ समीकरण अब सबै प्रदेशमा देखिने उनले बताए।

'मधेशले अहिले भर्खरै पनि परम्परागत तथाकथित समीकरणको पछि नलागेर मधेश सरकार बनाउने वेलामा नेपाली कम्युनिस्ट पार्टी, मधेशवादी दल र कांग्रेससमेत बनेर नयाँ सरकार बनेको छ। केही वर्षदेखिको समीकरण तोडिएको छ। र, नयाँ समीकरणको सुरुवात पनि मधेशबाटै भएको छ। मधेशबाट देखिएको यो सन्देश देशका बाँकी प्रदेशमा पनि अघि बढ्नेछ,' उनले भने।

जेन-जी आन्दोलनपछि समीक्षा गर्दै नयाँ ढंगले रूपान्तरणका साथ मुलुकको विकासमा लाग्न बृहत् एकता गरिएको उनको भनाइ थियो। प्रचण्डले सबै जनताको एकताले मात्रै प्रतिगमन र प्रतिक्रियावादीलाई परास्त गर्दै मुलुकलाई अघि बढाउन सकिने भन्दै त्यसको नेतृत्व नेकपाले गर्नेसमेत बताए।

एकता सन्देश सभालाई सहसंयोजक माधवकुमार नेपाल, झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ, राजेन्द्र श्रेष्ठलगायतले सम्बोधन गरेका थिए।

सवारीसाधन आपसमा ठोक्किँदा दुईजनाको मृत्यु, ३३ घाइते

धादिङ/ पृथ्वी राजमार्गअन्तर्गत धादिङको धुनीबेँसी- ६ चालिसेमा सातवटा सवारी ठोक्किँदा दुईजनाको ज्यान गएको छ। चारवटा बस, दुईवटा ट्रक र एउटा मोटरसाइकल ठोक्किँदा दुईजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी निरीक्षक श्यामकुमार बस्नेतले जानकारी दिए। उनका अनुसार मृतकको सनाखत हुन बाँकी छ। शव काठमाडौंस्थित टिचिङ हस्पिटलमा छ।

दुर्घटनामा परी ३३ जना घाइते भएका छन्। घाइतेहरूको धुनीबेँसीस्थित स्वास्थ्य संस्थामा उपचार भइरहेको छ। केहीलाई काठमाडौं रेफर गरिएको छ। गोरखाबाट काठमाडौं आउँदै गरेको बा.१प ९१७ नम्बरको बस सोही दिशातर्फ जाँदै गरेको ग.१ख ८५५१ नम्बरको बस र विपरीत दिशा (काठमाडौंदेखि गजुरी)तर्फ जाँदै गरेको भारतीय नम्बर प्लेटको डिब्बा गाडी, बा.प्र.०६-००१ ग ००११ नम्बरको बस, ना.४ख ७१५ नम्बरको ट्रक, लु.९५प ३०७ नम्बरको मोटरसाइकल आपसमा ठक्कर खान गई सवारी दुर्घटना भएको हो। भारतीय नम्बर प्लेटको ट्रकको ब्रेक फेल भएपछि अन्य सवारीहरूलाई ठक्कर दिँदा दुर्घटना भएको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरी निरीक्षक बस्नेतले बताए। यसैगरी, सडक दुर्घटनामा परी बर्दियामा एकजनाको मृत्यु भएको छ। शुभकालिका गाउँपालिकाका- ३ कालिकोटका २५ वर्षीय राजा आचार्यको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी बर्दियाले जनाएको छ। शनिबार दिउँसो १२ बजे बढैयाताल गाउँपालिका- ३ पुष्पनगरस्थित हुलाकी सडकखण्डमा कार र मोटरसाइकल आपसमा ठोक्किँदा मोटरसाइकलचालक आचार्य गम्भीर घाइते भएका थिए।

मोटरसाइकलको पछाडि बसेकी २३ वर्षीया निर्मला धितालि घाइते भएकी छिन्। घाइते आचार्य र धितालिलाई उपचारका लागि नेपालगन्ज मेडिकल कलेजमा भर्ना गरिएको थियो।

डाक्टर, नर्स र स्वास्थ्यकर्मीमा हस्पिटल म्यानेजमेन्टको आकर्षण

विराटनगरमा **गणेश लम्साल**

उदयपुरको रामपुरमा अस्पताल प्रशासन प्रमुख भएर बिरामीको उपचार गरिरहेका डा. विशाल राईलाई आफूमा नेतृत्वको सीप अपूरो लाग्यो। यसैले उनी मनमोहन प्राविधिक विश्वविद्यालयमा हस्पिटल म्यानेजमेन्टको मास्टर्स पढ्न भर्ना भए। झापाको लखनपुरस्थित कोशी सरकारको प्रदेश आयुर्वेदिक केन्द्रका चिकित्सक अभिषेक राजवंशी र बुटवलकी डा. प्रतिज्ञा पौडेल विज्ञ भएर पनि हस्पिटल म्यानेजमेन्ट अध्ययन गर्दै छन्।

डा. राई, भण्डारी र राजवंशी मात्र होइन, हिजोआज मनमोहन विश्वविद्यालयमा हस्पिटल म्यानेजमेन्ट पढ्न विज्ञ चिकित्सक, नर्स, स्वास्थ्यकर्मी र प्राविधिकहरूमा आकर्षण बढेको छ। उनीहरू गत वर्षदेखि 'हस्पिटल म्यानेजमेन्ट एन्ड हेल्थकेयर'को मास्टर्स तहमा भर्ना भएका हुन्। उनीहरू हरेक दिन बिहान ६ बजे विराटनगर महानगरपालिका- १४ जतुवामा रहेको विश्वविद्यालयको आंगिक कलेजमा सेमेस्टर प्रणालीबाट सञ्चालन भइरहेको हस्पिटल म्यानेजमेन्ट विषय पढ्छन्। यहाँ अध्ययनरत विद्यार्थी ८० प्रतिशत भौतिक रूपमा हाजिर हुनैपर्छ। प्राक्टिकल प्रतिवेदन तयार गर्नैपर्छ।

बिरामी उपचार गरे पनि हाल विद्यार्थी भएर पढ्न सुरु गरको डा. राईले बताए। 'स्वास्थ्य क्षेत्रको विज्ञ भएर मात्र नपुग्दो रहेछ, अस्पताल व्यवस्थापनको व्यावहारिक सीपसहितको ज्ञान पनि चाहिनेरहेछ, त्यसैले 'हस्पिटल म्यानेजमेन्ट' पढ्न थालेको हुँ,' उनले भने।





डा. सुवासश्री पोखरेल, उपकुलपति, मनमोहन प्राविधिक विश्वविद्यालय

आवश्यकता देखेरै विदेशी, स्वदेशी विज्ञहरूबाट कलेजले हस्पिटल म्यानेजमेन्टको कोर्स तयार गरेको हो। पोखरामा स्वास्थ्य नीति र कानुनबारे मात्रै हेल्थकेयर कोर्स रहेछ। यसैले हामीले बजारको मागलाई ख्याल गरेर हस्पिटल म्यानेजमेन्टलाई प्राथमिकता दिएर कोर्स बनाउन लगाएर पढाउन थालेका हौं।

मनमोहन प्राविधिक विश्वविद्यालले दुई वर्षअघिदेखि 'मास्टर्स अफ हस्पिटल म्यानेजमेन्ट एन्ड हेल्थकेयर' विषय प्राध्यापन गराउन थालेको छ। पठनपाठन सुरु गर्नेबित्तिकै विज्ञ डाक्टर, नर्स, दक्ष स्वास्थ्यकर्मी, प्राविधिकहरूले रुचि देखाइरहेको कलेजकी कार्यक्रम संयोजक प्रतीक्षा रेग्मीले बताइन्। 'पहिलो वर्षको ब्याचमै २४ जना र ०८२ को ब्याचमा २७ जना विद्यार्थी भर्ना लिएर पठनपाठन गर्दै आएका छन्।

जसमा डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरू धेरै हुनुहुन्छ,' उनले भनिन्। हस्पिटल म्यानेजमेन्ट पढाइले अस्पताल सञ्चालका साथै कुशल नेतृत्वकर्ता डाक्टर, नर्स र स्वास्थ्य प्राविधिक बन्न सहयोग गर्ने उनको भनाइ छ।

मोरङको विराट टिचिङ अस्पतालमा क्वालिटी कन्ट्रोलको रूपमा सेवा गरिरहेकी मोनिका रेग्मी आफ्नो विभागको सफल नेतृत्वकर्ता बन्न हस्पिटल म्यानेजमेन्ट पढ् भर्ना भएको बताउँछिन्। विराट अस्पतालमै आइसियू विभागमा सुपरभाइजर सुस्मिताले पनि आफूमा लिडरसिपको ज्ञान अपूरो लागेर हस्पिटल म्यानेजमेन्ट पढ्न थालेको बताइन्।

विजयपुर अस्पतालका प्रमुख प्रशासक इन्द्र नेपाल योन्जन चिकित्सक र नर्स तथा ल्याबमा कार्यरत प्राविधिक कर्मचारीबिच ग्याप भएकै कारण अस्पताल कुशल रूपमा सञ्चालन हुन कठिनाइ हुने गरेको बताउँछन्। उनका अनुसार पोखरा विश्वविद्यालयमा हेल्थकेयर म्यानेजमेन्ट पहिलेदेखि पढाइ हुने गरे पनि नयाँ हस्पिटल व्यवस्थापनलाई नै केन्द्रित गरेर पढाइ सुरु गर्ने मनमोहन प्राविधिक विश्वविद्यालय पहिलो हो। 'राम्रो उपचार भएन। डाक्टरले लापरबाही गऱ्यो। पैसा धेरै लियो, तर व्यवहार राम्रो गरेन भन्नेजस्ता अनेकौं आरोपदेखि स्वास्थ्य उपकरण खरिदमा हुने भ्रष्टाचार नियन्त्रण, प्रशासन र अदालत फेस गर्ने क्षमता पनि हस्पिटल म्यानेजमेन्ट पढ्नेहरूमा हुन्छ,' योन्जनले भने।

मनमोहन प्राविधिक विश्वविद्यालयका उपकुलपति डा. सुवाश्री पोखरेल अस्पतालको प्रशासन चलाउनेलाई कम्तीमा खरिद प्रक्रिया, स्वास्थ्य नीति र कानुन, द्वन्द्व व्यवस्थापनदेखि फोहोर व्यवस्थापन, जनसम्पर्क कलालगायत ज्ञान र सीप आवश्यक पर्ने बताउँछन्। 'यस्तो आवश्यकता देखेर विदेशी, स्वदेशी विज्ञहरूबाट कलेजले हस्पिटल म्यानेजमेन्टको कोर्स तयार गरेको हो,' उनले भने, 'पोखरामा स्वास्थ्य नीति र कानुनबारे मात्रै हेल्थकेयर कोर्स रहेछ। यसैले हामीले बजारको मागलाई ख्याल गरेर हस्पिटल म्यानेजमेन्टलाई प्राथमिकता दिएर कोर्स बनाउन लगाएर पढाउन थालेका हौं।'

पश्चिमी युरोपबाहिर किन फस्टाउँदैन लोकतन्त्र ?

आयातित व्यवस्था नभई शताब्दीयौँ लामो अभ्यासबाट क्रमशः विकसित भएको प्रणाली हुनाले पश्चिमी युरोपमा लोकतन्त्र फस्टाएको हो



● अशोकसिंह विष्ट

अग्रलेख

लोकतन्त्र मानव सभ्यताले विकास गरेको सबैभन्दा प्रतिष्ठित राजनीतिक व्यवस्था मानिन्छ । नागरिक स्वतन्त्रता, समान अधिकार, विधिको शासन, पारदर्शिता, जवाफदेहिता र सहभागितामूलक शासनका सिद्धान्तमा आधारित लोकतन्त्रले एक स्थिर र न्यायपूर्ण समाज निर्माण गर्ने आश्वासन दिन्छ । आज विश्वका धेरै भागमा लोकतन्त्रको अभ्यास भए पनि यसको सफलताको स्तर समान छैन । विशेषतः पश्चिमी युरोप लोकतान्त्रिक अभ्यासमा सर्वाधिक परिपक्व र स्थिर क्षेत्रका रूपमा देखिन्छ, जहाँ संस्थागत सबलता, राजनीतिक स्थिरता र नागरिक चेतनाले लोकतन्त्रलाई गहिरो रूपले जरा गाड्न बल दिएका छन् ।

तर, यही लोकतान्त्रिक मोडेल एसिया, अफ्रिका, मध्यपूर्व वा ल्याटिन अमेरिकामा त्यति सफलतापूर्वक उभिन सकेको देखिँदैन । कतै राजनीतिक अस्थिरता, कतै सैन्य हस्तक्षेप, कतै गहिरो सामाजिक विभाजन त कतै आर्थिक कमजोरीका कारण लोकतन्त्र दिगो बन्न सकेको छैन । विश्वका यी भागमा लोकतन्त्र किन संघर्ष गर्न बाध्य छ ? यसको उत्तर इतिहासदेखि भूराजनीति, आर्थिक संरचनादेखि सामाजिक विभाजन तथा संस्थागत परिपक्वतासम्मका विभिन्न तहमा खोज्न सकिन्छ । यस लेखमा नेपालको लोकतान्त्रिक व्यवस्थाको अनुभवलाई समेत समेटेर विश्वव्यापी सन्दर्भका आधारमा लोकतन्त्रका चुनौतीबारे चर्चा गरिनेछ ।

ऐतिहासिक पृष्ठभूमि र राजनीतिक संस्कारको असमान विकास

पश्चिमी युरोपमा लोकतन्त्र कुनै बाहिरबाट आयातित व्यवस्था होइन, यो शताब्दीयौँ लामो अन्तरालमा क्रमशः विकसित भएको प्रणाली हो । पुनर्जागरण, सुधार आन्दोलन (रिफर्मेसन), प्रबोधनकाल (इन्लाइटेनमेन्ट), उदारवादी विचारधारा, औद्योगिक क्रान्ति तथा नागरिक आन्दोलनले यहाँको समाजमा विचार, बहस, ज्ञान र आलोचनात्मक चेत विकास गरायो । राज्य र नागरिकबिचको सम्बन्ध अधिकार र कर्तव्यमा आधारित हुँदै गयो, जसका कारण लोकतन्त्रको जग मजबुत बन्यो ।

तर, उपनिवेशवाद, राजतन्त्र, सैन्य शासन वा सामन्तवादी संरचनामा लामो समय बिताएका धेरै एसियाली र अफ्रिकी समाजमा राजनीतिक संस्कार स्वेच्छाचारितामा आधारित रह्यो । यी देशमा अभिव्यक्ति स्वतन्त्रता, नागरिक अधिकार, बहस र राजनीतिक सहभागिता स्वाभाविक रूपमा विकास हुन पाएनन् । लोकतन्त्र एकैचोटि थोपरियो भने राजनीतिक संस्कार त्यसका लागि तयार भएकै हुँदैन । त्यस्तो अवस्थामा लोकतन्त्र कागजी प्रणाली मात्र साबित हुन पुग्छ ।

नेपालका सन्दर्भमा पनि राजनीतिक संस्कार क्रमिक विकासको सट्टा आन्दोलनमार्फत प्राप्त भएको अनुभव हाबी छ । २००७, २०४६ र ०६२/६३ मा भएको राजनीतिक परिवर्तनले शासन प्रणालीमा बदलाव त ल्यायो, तर लोकतान्त्रिक संस्कारलाई बलियो बनाउन आवश्यक दीर्घकालीन सामाजिक रूपान्तरणका लागि पर्याप्त रणनीति निर्माण गर्न सकेन ।

कमजोर राज्य संरचना र अत्यधिक राजनीतीकरण

लोकतन्त्र टिक्ने सबभन्दा ठुला आधार न्यायपालिका, प्रहरी, प्रशासन, निर्वाचन आयोग, स्थानीय सरकार, सञ्चार माध्यमलगायत स्वस्थकर र स्वतन्त्र राज्य संस्था हुन् । पश्चिमी युरोपमा यी संस्था लोकतन्त्रअघि नै प्रभावकारी थिए । अधिकार-सन्तुलन, पारदर्शिता र व्यावसायिकता यहाँको प्रशासनिक संस्कृतिमा गहिरो गरी व्याप्त छन् ।

तर, धेरै विकासशील देशमा प्रशासन औपनिवेशिक नियन्त्रणको औजारका रूपमा विकसित भएकाले नागरिक सेवाभन्दा नियन्त्रणमा केन्द्रित रह्यो । शक्तिको दुरुपयोग, राजनीतिक प्रभाव र संस्थागत कमजोरीका कारण यहाँका लोकतन्त्र अस्थिर भएका छन् ।

नेपालमा पनि राज्य-संस्थाहरू राजनीतीकरणबाट मुक्त हुन सकेका छैनन् । नियुक्ति, स्थानान्तरण, बजेट, नीति निर्माणमा राजनीतिक दबाब सक्रिय रहँदा सार्वजनिक निकायहरूको स्वायत्तता कमजोर हुन्छ । संस्था कमजोर हुँदा लोकतन्त्र व्यक्तिको इच्छामा आधारित बन्छ, जसले दीर्घकालीन स्थिरता कमजोर पारिरहेको हुन्छ ।

आर्थिक संरचनामा असमानता र मध्यमवर्गको कमजोर भूमिका

लोकतन्त्रलाई सबल बनाउन बलियो आर्थिक आधार र मध्यम वर्ग अनिवार्य हुन्छ । पश्चिमी युरोपमा औद्योगिकीकरण, श्रमिक अधिकार, कल्याणकारी राज्य र उच्च शिक्षाको स्तरले सामाजिक-आर्थिक समृद्धि निर्माण गऱ्यो । यस्तो वातावरणले मध्यम वर्गलाई राज्यप्रति जिम्मेवारी र जवाफदेहिता खोज्ने बनायो ।

तर, एसिया, अफ्रिका, ल्याटिन अमेरिकाका धेरै देशमा गरिबी, बेरोजगारी, असमानता र आर्थिक निर्भरता उच्च छ । जहाँ नागरिक खाने-लाउने समस्या टार्नकै लागि संघर्षरत छन्, त्यहाँ लोकतान्त्रिक चेतनाभन्दा प्राथमिकता अस्तित्व र पहिचान-आधारित राजनीतिलाई जान्छ । नेपालको अर्थतन्त्र वैदेशिक रोजगार र रेमिटेन्समा अत्यधिक निर्भर छ । औद्योगिक विकास धिमा, कृषि असंगठित, वैदेशिक लगानी न्यून र उत्पादक क्षेत्र दुर्बल भएका कारण बलियो मध्यवर्ग बन्न सकेको छैन । जब मध्यवर्ग कमजोर हुन्छ, तब लोकतन्त्र गहिरिन सक्दैन ।



सामाजिक विविधता, पहिचान-आधारित राजनीति र विभाजन

पश्चिमी युरोपको तुलनामा एसिया र अफ्रिकाका धेरै राज्य विविधतामा जटिल छन् । उपनिवेशवादी सीमा निर्धारणले जातीय, धार्मिक, भाषिक समूहलाई एकै राज्यमा राखिदिए । यस्ता राज्यमा पहिचान-आधारित मतदान, विभेद, अविश्वास र समूहगत प्रतिस्पर्धाले लोकतन्त्रलाई लगातार चुनौती दिन्छ ।

> एसिया, अफ्रिका, मध्यपूर्व वा ल्याटिन अमेरिकामा कतै सैन्य हस्तक्षेप, कतै गहिरो सामाजिक विभाजन त कतै आर्थिक कमजोरीका कारण लोकतन्त्र दिगो बन्न सकेन

नेपाल पनि बहुजातीय र बहुसांस्कृतिक समाज हो । मधेश-पहाड, जातीय-भाषिक विविधता, भू-राजनीतिक असमानता तथा राज्य संरचनामा प्रतिनिधित्वका सवालले पहिचान-आधारित आन्दोलनलाई जन्म दियो । यस्ता आन्दोलनले सामाजिक न्यायका प्रश्न उठाए । तापनि यिनले लोकतन्त्रलाई स्थिर र सहमतिको गतिमा अघि बढ्नमा चुनौती पनि थपे ।

सैन्य वा सुरक्षा निकायलगायत केन्द्रमा राजनीतिक प्रभाव

पश्चिमी युरोपमा सेना पूर्ण रूपमा नागरिक नियन्त्रणमा छ । तर, धेरै विकासशील देशमा सेना, सुरक्षा निकाय वा शक्तिशाली गैरराजनीतिक संरचनाले शासनमा प्रत्यक्ष वा परोक्ष प्रभाव राख्छन् । यसले लोकतान्त्रिक प्रक्रिया बारम्बार अवरुद्ध गर्छ ।

नेपालमा सेना प्रत्यक्ष राजनीतिक शक्ति होइन । तर, इतिहासका केही चरणमा सत्ता-राजनीतिसँग जोडिएको अनुभव रहेको छ । सुरक्षा क्षेत्रमा पारदर्शिता र नागरिक-नियन्त्रण सुदृढ हुनु लोकतन्त्रको मजबुतीका लागि आवश्यक छ ।

बाह्य भूराजनीतिक प्रभाव र हस्तक्षेप

शीतयुद्धदेखि आजसम्म महाशक्तिहरूको रणनीतिक प्रतिस्पर्धाले विश्वभर लोकतन्त्रको स्वरूप प्रभावित गरेको छ । तेल, व्यापार मार्ग, सैन्य महत्त्व वा भू-राजनीतिक स्थितिका कारण धेरै अधिनायकवादी शासनले पनि अन्तर्राष्ट्रिय समर्थन पाएका छन् ।

नेपाल, भारत र चीनजस्ता शक्ति केन्द्रबिच रहेको संवेदनशील भूपरिस्थिति भएकाले आन्तरिक राजनीतिमा बाह्य प्रभावका आरोप बारम्बार उठ्ने गर्छन् । यो स्थिति लोकतान्त्रिक स्वायत्तता र नीति-नियन्त्रणमा चुनौतीपूर्ण बन्न सक्छ ।

भ्रष्टाचार, संरक्षणवादी राजनीति र दलगत कमजोरी

लोकतन्त्रलाई सबैभन्दा ठुलो क्षति भ्रष्टाचारले पुऱ्याउँछ । राज्यस्रोतको दुरुपयोग, निजी हितकेन्द्रित नेतृत्व, संरक्षणवादी राजनीति र व्यक्तिवादी दल-संरचनाले धेरै विकासशील लोकतन्त्रलाई कमजोर बनाएका छन् ।

नेपाल पनि यस समस्याबाट अछुतो छैन । यहाँका दलभित्र लोकतन्त्र अत्यन्त कमजोर छ । दलभित्र वंशवाद हाबी छ । आन्तरिक चुनाव औपचारिकतामा सीमित छ । निर्णय प्रक्रियामा पारदर्शिताको गम्भीर अभाव छ । यस्ता कारणले गर्दा नेपालमा दलहरू जनताकेन्द्रित बन्नुको साटो नेतृत्वकेन्द्रित बन्न पुगेका छन् ।

लोकतन्त्रको आयातित रूप

पश्चिमी युरोपमा लोकतन्त्र समाजको आन्तरिक विकासबाट जन्मिएको हो । तर, विश्वका धेरै देशमा लोकतन्त्र बाह्य दबाब वा औपनिवेशिक समीकरणमा आधारित भएर एकैचोटि लादियो । जब स्थानीय राजनीतिक-सामाजिक संरचना लोकतान्त्रिक मूल्यसँग अनुकूल हुन्छन्, तब मात्र लोकतान्त्रिक प्रणाली टिक्न सक्छ ।

नेपालमा पनि ०४६ र ०६२/६३ मा आएको लोकतन्त्र जनचाहनामा आधारित भए पनि लोकतान्त्रिक मूल्यलाई दैनिक व्यवहारमा स्थापित गर्न अझै समय लागिरहेको छ । संविधान कार्यान्वयन, संघीय संरचनाको मजबुती, स्थानीय सरकारको प्रभावकारिता, तथा नागरिक चेतनाको विकासजस्ता क्षेत्रमा अझै सुधार आवश्यक छ ।

नेपालमा लोकतन्त्रको वर्तमान अवस्था

नेपालमा लोकतान्त्रिक अभ्यास जारी छ, तर संस्थागत दिगोपनासम्म पुग्न अझै पनि धेरै चुनौती छन् । नेपालमा सरकारको बारम्बार परिवर्तन र राजनीतिक अस्थिरता, संस्थाहरूको राजनीतीकरण, कमजोर पेसागत क्षमता, व्यापक भ्रष्टाचार र संरक्षण, आर्थिक निर्भरता, रोजगारीको संकट , कमजोर मध्यमवर्ग, पहिचानमा आधारित राजनीतिक ध्रुवीकरण, दलभित्र लोकतन्त्रको कमी, भू-राजनीतिक दबाब तथा संविधान कार्यान्वयनमा चुनौतीजस्ता पक्षले नेपालको लोकतान्त्रिक व्यवस्थापनको संस्थागत विकासमा निकै अवरोध सिर्जना गरिराखेको छ ।

यसर्थ, लोकतन्त्र केवल चुनाव गर्ने प्रक्रिया मात्र होइन, यसलाई टिकाउन सबल संस्था, परिपक्व राजनीतिक संस्कार, आर्थिक आधार, सामाजिक समावेशिता र जिम्मेवारीपूर्ण नेतृत्व अनिवार्य हुन्छ । पश्चिमी युरोपमा यी सबै तत्त्व इतिहासदेखि नै क्रमिक रूपमा विकसित भए । तर, एसिया, अफ्रिका वा नेपालजस्ता देशमा लोकतन्त्रले ती चुनौतीमाथि क्रमिक रूपले विजय हासिल गर्न बाँकी छ । नेपालमा लोकतन्त्रको यात्रा जारी छ । त्यो चुनौतीपूर्ण तर सम्भावनाले भरिएको छ । यदि संस्थागत सुधार, आर्थिक सबलीकरण, पारदर्शिता, सामाजिक न्याय र राजनीतिक संवेदनशीलता कायम गर्न सकियो भने नेपालमा लोकतन्त्र भविष्यमा पश्चिमी युरोपसरह स्थिर र परिपक्व बन्न सक्ने आधार निर्माण हुनेछ ।

---

३ प्रश्न

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष **माधव तिमल्सिना**लाई



तरकारीमा बिचौलियाको रजगज किन रोकिन नसकेको होला ?

तीन तहका सरकार गठनपश्चात् अनुगमन, नियमन र व्यवसाय दर्ता अधिकार स्थानीय सरकारलाई संविधानले नै प्रत्योजन गरेको छ । तरकारी, फलफूल, माछामासु, हाटबजार सञ्चालन र व्यवस्थापनसम्बन्धी अधिकार दिए पनि स्थानीय सरकारले संविधानप्रदत्त उपभोक्ता अधिकार संरक्षण र संवर्द्धनका लागि चासो दिएको देखिन्न । संघीय सरकारले पनि उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम बजारको तह तोकेको छैन । नमुना कानुन निर्माण गरी स्थानीय र प्रदेश सरकारलाई उपभोक्ता हित र स्वच्छ तथा प्रतिस्पर्धी उपभोक्तामैत्री बजार बनाउन सघाएको छैन । त्यसैले, बजार सुशासनको महत्त्वपूर्ण पक्ष विधिको शासन र कानुनी राज्य बलियो नहुनु नै बिचौलिया तन्त्र मौलाउनुको मुख्य कारण हो ।

बिचौलियाको सिन्डिकेट भत्काउने कुनै उपाय छैन ?

बिचौलियाको सिन्डिकेट भत्काउन तत्काल बजारगत तह तोकेर तरकारीमा भएको अस्वाभाविक पक्षलाई निर्मूल पार्न स्थानीय मूल्य सूचना केन्द्र र संकलन केन्द्रलाई पालिकाको प्रत्यक्ष निगरानीमा राख्नुपर्छ । सो सूचना ठुला तरकारी बजारसमक्ष पुऱ्याउन पालिकासँग समन्वय गर्दै आवश्यकताअनुसार संघीय अनुगमनकर्ता निकायले समेत आकस्मिक, पटके र आवश्यकताअनुसार बजार नियमन गर्नुपर्छ । सिन्डिकेट खडा गरी किसान र उपभोक्ता दुवैमाथि शोषण गर्ने बिचौलियालाई कानुनबमोजिम कारबाही गरेको अवस्थामा यो नियन्त्रण हुन सक्छ ।

यस्तो अवस्थामा राज्य र उपभोक्ता अधिकारवादी संस्थाको दायित्वचाहिँ के हुनुपर्ने हो ?

विशेषगरी, तरकारीमा लामो समयदेखि हामी अधिकारकर्मीले समयमै मल, उन्नत बिउबिजन, सिँचाइ, प्रविधि र प्राविधिकको व्यवस्था गर्दै किसानलाई आफ्नो पेसाप्रति गर्व गर्न सक्ने बनाउन सरकारलाई घचघच्याउँदै आएका छौँ । प्रचलित ऐन-कानुन कडाइसाथ लागू गर्न १० वर्षअघि नै तत्कालीन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार पारेको प्रतिवेदन कार्यान्वयन गर्नुपर्छ । उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम तरकारी बजारको क्षेत्रमा देखिएको अराजकता र दण्डहीनता अन्त्य गर्दै विधिको शासन स्थापित गर्न हाम्रो निरन्तरको दबाब र खबरदारी जारी छ । यो पूरा गर्नु सरकारको दायित्व हो ।

प्रेरक प्रसंग

गोर्कीको शिक्षामोह

म्याक्सिम गोर्कीका पिता निकै क्रोधी स्वभावका थिए । आफ्नमा कुराकानी गर्दागर्दै उनी गोर्कीलाई अमानवीय पारामा पिट्ने गर्थे । गोर्की पढ्न चाहन्थे, तर उनका पिता उनलाई जति वेला पनि काममा मात्र जोताउन चाहन्थे । ताकि उनले पढ्नका लागि पैसा खर्च नगरून् ।



गोर्कीले केही समयसम्म बाबुका अत्याचार चुपचाप सहेर बसे तर उनको पढ्ने इच्छा दिनदिनै बढ्दै गइरहेको थियो । साथै, बाबुले पिट्ने डर पनि थियो । यस्तोमा बालक गोर्कीले एउटा उपाय खोजे । उनले एउटा कबाडी पसलमा नोकरी सुरु गरे । कबाडी पसलमा हजारौँ पुस्तक आउँथे, उनी आफ्नो खाली समयमा दुई-चारवटा पुस्तक लिएर पढ्न बस्थे । यसो गर्दा बाबुको पैसा त खर्च भएको थिएन । उल्टै उनले अलि-अलि कमाइरहेका पनि थिए । तर, त्यसरी पढ्दा गोर्कीले किताबबाट केही बुझ्न भने सकिरहेका थिएनन् । जसको दृढ निश्चय हुन्छ, ऊ कसरी चुप लागेर बस्न सक्छ ?

गोर्की आफूले नबुझेको कुरा कबाडी पसलमा आउने-जाने ग्राहकलाई सोध्थे । बिस्तार-बिस्तारै उनलाई अक्षर फेरि शब्द र अन्त्यमा अर्थको ज्ञान भयो । त्यसरी सिक्दै जाँदा उनी लेख्न सक्ने पनि भए । त्यसपछि उनले आफ्नो विचार एउटा समाचारपत्रमा छाप्नका लागि पठाए । सो समाचारपत्रका सम्पादकले बधाई पत्र पठाएपछि उनी नयाँ उत्साहले लेखन कार्यमा जुटे । यसको परिणाम के निस्किyo थाहा छ ? कबाडी पसलमा नोकरी गर्ने तिनै बालकले पछि गएर 'आमा' नामको एउटा पुस्तक लेखे, जुन संसारकै सर्वश्रेष्ठ पुस्तकमध्ये एक हो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

देउवा-ओलीको भेटको अर्थ

देशका दुई पूर्वप्रधानमन्त्री तथा दुई ठुला र पुराना दलका प्रमुखहरू शेरबहादुर देउवा र केपी ओलीबिच भेटघाट हुनु खासै अनौठो विषय होइन । नेताबिच त यस्ता भेटघाट कति हुन्छन् कति ! त्यसैले, यस्तो भेटघाटलाई महत्त्व दिइरहनुपर्ला जस्तो मलाई चाहिँ लागेन है !

● **वरदान पुन**, अनामनगर, काठमाडौं

केपी ओलीको नेतृत्वमा देशको राजनीति गुन्डागर्दी र भ्रष्टाचारको दलदलमा भासियो । जनताका आधारभूत आवश्यकतालाई पन्छाएर उहाँले शक्ति र सम्पत्ति बटुल्ने काम मात्रै गर्नुभयो । निर्दोष मान्छेलाई फसाउने र अपराधीलाई संरक्षण दिने उहाँको कार्यशैलीले सुशासन भन्ने शब्दको 'हत्या' गऱ्यो ।

● **सिर्जना नेपाली**

आगामी चुनावमा गठबन्धन गरौँ भन्नका लागि भएको होला देउवा र ओलीको भेटघाट । एक्लाएक्लै चुनाव लड्ने 'ह्याउ' दुवै नेता र तिनका दलमा छैन । गठबन्धन गरेर फेरि कसरी सत्तामा पुग्ने भन्नेमा मात्र दुवैको ध्यान केन्द्रित छ । हिम्मत भए दुवैले २१ फागुनमा एक्लाएक्लै चुनाव लड्न मैदानमा आउन् ।

● **पिडी सायमी**

धेरै समयपछि भेट भएछ त, कुरोचाहिँ के हो ? देश त सखाप्पै पारियो, अब के गर्ने भन्ने विषयमा त छलफल भयो होला नि होइन र ?

● **ईश्वरबाबु नेपाल**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

देशै बिचौलियाले चलाउने डर



पछिल्लो समय देशका हरेक गतिविधिमा बिचौलियाको प्रवेश अनिवार्यजस्तै भएको छ । विशेषगरी, कृषिउपजलाई किसानको खेतदेखि उपभोक्तासम्म पुऱ्याउने कार्यमा बिचौलिया डरलाग्दो गरी हाबी भएको देखिन्छ । किसानको खेतबारीको उत्पादन तरकारी, फलफूल या अनाजमा मात्र होइन, दुध, कुखुरा, खसीबोकालगायत कुनै पनि उपभोग्य सामग्रीमा बिचौलियाको एकछत्र राज चलिरहेको देखिन्छ । तर, बिचौलियालाई नियन्त्रण गर्ने जिम्मेवारी बोकेको सरकार भने बिचौलियाकै गुणगान गरेर रमाइरहेको हुन्छ ।

खेतबारी र घरगोठमा मरीमरी पसिना बगाउने किसान पनि तिनै बिचौलियाका कारण लागत मूल्यसमेत नउठ्ने अवस्थामा आफ्ना उत्पादन बिक्री गर्न बाध्य छन् । किसानले आफ्नो लगानीअनुसारको नाफा त परै जाओस्, परल मूल्यसमेत पाइरहेका हुँदैनन् । उता किसानबाट सस्तोमा खरिद गरिएपछि त सस्तैमा उपभोग गर्न पाउनुपर्ने उपभोक्ताचाहिँ अकल्पनीय महँगीको मारमा थिचिइरहेका छन् । यस्तो विडम्बनापूर्ण अवस्थाबारे नियमनकारी तिनै तहका सरकारलाई अत्तोपत्तो नै हुँदैन कि क्या हो ? नत्र बिचौलियाले सिंगो कृषिक्षेत्रलाई नै कब्जामा लिएर किसान र उपभोक्ता दुवैमाथि चरम शोषण गरिरहँदा पनि किन सरकार फड्के किनाराको साक्षी बनेर रमिता हेरिरहन्छ ?

अनि, तिनै शोषित उपभोक्ताको हकहितका नाममा खुलेका अनेक नामका उपभोक्ता अधिकारकर्मी पनि किन यस विषयमा मौन छन् ? के उनीहरू पनि बिचौलियाको 'चास्नी'मा डुबेर उपभोक्ताको हकहितका भाषण छाँटिरहेका त छैनन् ? नत्र, बिचौलियाको यस्तो खुला ब्रह्मलुट चलिरहँदा पनि उनीहरू किन नदेखेझैं या नसुनेझैं गरिरहेका छन् त ? सबैको यस्तो मौनता देख्दा त हामी उपभोक्तालाई कुनै दिन यो देश बिचौलियाले नै चलाउने त होइनन् भन्ने डर लाग्न थालेको छ ।

● **सुशोभन पाठक**, स्युचाटार, काठमाडौं

भारत हल्लाउने एक एप

मोदी सरकार पनि कठोर आलोचनासामु नीति परिवर्तन गर्न बाध्य हुन्छ भन्ने 'सञ्चार साथी' एप प्रकरणले देखाएको छ



देश/विदेश

● वीर संघवी

असो त 'सञ्चार साथी' एप जनवरीदेखि नै अस्तित्वमा थियो । तर, सरकारले अचानक गुप्त रूपमा नागरिकमाझ यसको प्रयोग बाध्यकारी पाऱ्यो । तर, त्यसो गर्नुको कुनै कारण बताइएन । अझ सबै काम गोप्य रूपमा भइरहेको थियो । यस्तो कदम चाल्नुअघि जुन प्रकारको संवाद वा परामर्श हुनुपर्छ, त्यसको पूरै बेवास्ता गरियो ।

सबै काम मोबाइल कम्पनीबाट हुने गरी तिनैलाई निर्देशन दिइएको थियो । कुनै सार्वजनिक घोषणा नै आएन । अर्थात्, सो एप फोनमा हुनैपर्ने न त कुनै जानकारी थियो, न त दबाब नै । सबै काम गोप्य रूपमा भइरहेको थियो । निर्देशन कार्यान्वयन भएको भए नयाँ किनिने फोनमा हटाउन नमिल्ने गरी एप राखिने थियो । पहिल्यै खरिद गरिएका फोनमा सिस्टम अपडेट भएका वेला एप इन्स्टल हुने थियो । यस्तो गोप्य चाललाई कसले जायज ठहऱ्याउन सक्छ ?

रोयटर्सले जसै सबै फोनमा एप राख्न लागिएको समाचार सार्वजनिक गऱ्यो, भारतभर सार्वजनिक आक्रोश फैलियो । आखिर किन अनिवार्य गरियो एक एप ? कतै यो नागरिकमाथि निगरानी गर्ने सरकारको प्रयास त होइन ? एपमार्फत सरकारले के गर्न खोज्दै छ ? यस्तो धेरै प्रश्न उठ्नु स्वाभाविक हो । तर, लगत्तै हरेक सरकारी कदमको प्रतिरक्षामा उत्रिने समूह सक्रिय भयो । तिनले आमभारतीयलाई आश्वस्त पार्न चाहेझैं तर्क दिन थाले, सरकारले आम-नागरिकलाई विभिन्न ठगीबाट जोगाउन यस्तो एप ल्याएको हो ।

मानिलिऊँ सरकारले सही मनसायले नै एप ल्याएको होला । तर, त्यसो भए सरकारले किन उपभोक्तालाई पहिल्यै त्यसबारे जानकारी दिएन ? र, अन्य एपमा जसरी इन्स्टल हुने वेला सहमति लिने नपर्ने व्यवस्था किन राख्न जरुरी ठानिएन ? सबै काम सञ्चार कम्पनीमार्फत गोप्य रूपमा भइरहेको थियो ? मोबाइल प्रयोगकर्ताले एकपटक इन्स्टल गरेपछि त्यसलाई हटाउन नमिल्ने बनाएको किन ? यी प्रश्नको कुनै स्पष्ट जवाफ दिइएन ।

तर्कले काम नगरेपछि सरकार पक्षधरले देशभक्तिको सहारा लिए, जुन कुनै पनि सरकारका चापलुसहरूको अन्तिम अस्त्र हुने गर्छ । 'सञ्चार साथी' भारतीय एप भएका कारणले मात्र यसको विरोध भएको तिनले तर्क गरे । त्यस्तै तिनले भने- 'विदेशी कम्पनीले सूचना माग्दा खुसीखुसी दिने आलोचक अहिले भारतीय एपलाई त्यस्तै सूचना दिन भने आपत्ति जनाइरहेका छन् ।' (तर, हरेक एपले सूचना साझा गर्नेबारे पहिले प्रयोगकर्तासँग अनुमति माग्छन् ।)

यस कदमको प्रशंसा गर्नेहरूले मोदी सरकारको निर्णय अन्तिम भएकाले परिवर्तन नहुने ठानेका थिए । त्यसैले उनीहरू जोडतोडका साथ आफ्नो तर्क पेस गरिरहेका थिए । मानिसहरू जति नै कराए पनि सरकार फोन ट्र्याक गर्ने आफ्नो निर्णयबाट पछि नहट्ने तिनको बलियो विश्वास देखिन्थ्यो । तर, उनीहरूको यस्तो अटल विश्वासविपरीत सार्वजनिक विरोध सुरु भएको २४ घण्टाभित्रै मोदी सरकार पछि हट्यो ।



यसपटक सरकार सामाजिक सञ्जालमा उर्लिएको विरोधको अगाडि किन झुक्यो त ? यसको कुनै निश्चित उत्तर छैन । तर, जसै सबै आलोचनाको जवाफ दिने जिम्मेवारी एकजना मन्त्रीलाई दिइयो, सरकार पछि हट्न सक्ने संकेत देखिएको थियो । अहिलेको सरकारको निर्णय प्रक्रिया अत्यधिक केन्द्रीकृत भएकाले शीर्ष नेतृत्वको अनुमतिविना यो कदम चालिएको हुन सक्ने सम्भावना न्यून छ । तैपनि, नेताहरू सबै प्रश्नको जवाफ दिने जिम्मेवारी एउटा मन्त्रालयलाई छाडेर मौन रहे । मध्यमवर्गले सामाजिक सञ्जालमा गरेको आलोचनाकै आधारमा यो सरकार आफ्नो निर्णयबाट पछि हटेको यो एक दुर्लभ घटना हो । हुन सक्छ, यो यु-टर्न सामाजिक सञ्जालको आक्रोशको कारणले मात्र नभएको होस् । रोयटर्सले यो समचार बाहिर ल्याएपछि नै कैयौँ फोन कम्पनीले मिडियामा आएर सरकारको आदेश पालना गर्नु लगभग असम्भव हुने बताउन थालेका थिए । सबैभन्दा महत्त्वपूर्ण रूपमा यी कम्पनीमा एप्पल पनि समावेश थियो । सरकारले एप्पललाई भारतमा उत्पादन गर्न प्रोत्साहित गरिरहेको समयमा र एप्पलले महसुस गर्ने नकारात्मक अनुभवले पहिल्यैदेखि बिग्रिएको ट्रम्प प्रशासनसँगको सम्बन्ध थप बिगार्न सक्ने सरकारको डर हुन सक्छ ।

यस घटनाले विपक्षी तथा सरकार समर्थक दुवैलाई सन्देश दिएको छ । विपक्षीलाई सन्देश स्पष्ट छ, बलियो विरोधसामु मोदी सरकार पनि आफ्ना नीति परिवर्तन गर्न बाध्य हुने रहेछ । र, सरकारका कट्टर समर्थकलाई पनि यस प्रकरणले सन्देश दिएको छ । उनीहरू यस्तो कुख्यात नीतिको समेत पूरै बल लगाएर समर्थन गरिरहेका थिए । उता नीति त्याउने सरकार नै पछि हटिदियो । त्यसपछि मूर्ख बनेका यी समर्थकलाई यस घटनाको सन्देश एकदमै फरक हुनेछ, कुनै पनि कदमलाई समर्थन गर्नुअघि त्यसबारे राम्रो सोचविचार गर्नुपर्छ । जे भए पनि, यो एपवाला घटना भारतका लागि एक महत्त्वपूर्ण राजनीतिक प्रकरण साबित हुन सक्छ ।

(हाल 'टक सो' चलाउने संघवी लामो समयदेखि छापा तथा टेलिभिजनमा पत्रकारिता गर्थे)

द प्रिन्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्व बजारको नयाँ प्रतिस्पर्धामा भारत र रुस

भारत र रुसबिचको व्यापार अभूतपूर्वस्तरमा अगाडि बढिरहेको छ, आर्थिक वर्ष ०२४/२५ मा ६८.७ अर्ब अमेरिकी डलरबराबरको कारोबार



● शिशिर प्रियादर्शी
प्रियादर्शी चिन्तन फाउन्डेसनका अनुसन्धानकर्ता हुन्



रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको भारत भ्रमण यस्तो समयमा भएको छ, जतिबेला विश्वव्यापी आर्थिक र रणनीतिक परिदृश्य गहिरो अस्थिरताबाट गुज्रिरहेको छ। नयाँदिल्लीमा उनको उपस्थिति केवल लामो र स्थिर साझेदारीको पुनरुत्थान मात्र होइन, बरु विश्वव्यापी व्यापार, वित्त र सुरक्षामा व्यापक छलफलले भारत-रुस सम्बन्धलाई कसरी आकार दिइरहेको छ भन्ने तथ्य हो। द्विपक्षीय व्यापारमा वृद्धि, प्रतिबन्धमाथि तीव्र बहस र गैरपश्चिमा गठबन्धनको बढ्दो प्रभाव सबै एउटा ठुलो रूपान्तरणका अंश हुन्, त्यसैले पुटिनको भ्रमणले समयसापेक्ष तस्बिर प्रदान गर्छ।

यो सम्बन्ध जटिल, असमान र प्रायः विरोधाभास छ। तर, भारतका लागि यसले विश्वव्यापीकरणको अर्को महत्त्वपूर्ण स्वरूप दिने अवसर प्रदान गर्छ। भारत-रुस व्यापार अभूतपूर्वस्तरमा अगाडि बढिरहेको छ। दुई देशबिचको आर्थिक कारोबार आर्थिक वर्ष ०२४-२५ मा ६८.७ अर्ब अमेरिकी डलर पुगेको छ। यो व्यापार कागजमा एक सानदार सफलताजस्तो देखिन्छ। तर, वास्तविकतामा व्यापारिकस्वरूप गहिरो रूपमा विकृत छ, ६३.८ अर्ब अमेरिकी डलरभन्दा बढी भारतमा रूसी निर्यात हुन्छ, जबकि भारतीय निर्यात पाँच अर्ब अमेरिकी डलरभन्दा कम रहन्छ। त्यस्तै, रुपैयाँ-रुबल भुक्तानी समस्या समाधान हुन सकेको छैन, जसले थप समस्या निम्त्याउन सक्छ। के यो वृद्धि दिगो हो ? आंशिक रूपमा। जबसम्म ऊर्जा प्रवाह आर्थिक रूपमा आकर्षक रहन्छ र प्रतिबन्धले रुसलाई पूर्वी देशतर्फ मोड्न बाध्य पार्छ, भारत एक प्रमुख बजार रहनेछ। तर, स्थायित्वका लागि संरचनात्मक सुधार आवश्यक छ, भारतको निर्यात टोकरीको विस्तार, दुईतर्फी लगानी र भुक्तानी अवरोधबाट बच्ने सम्झौता संयन्त्रको विकास।

के बहुपक्षीय प्रणाली सान्दर्भिक छ ?

दोस्रो महत्त्वपूर्ण परिवर्तन विश्वव्यापी व्यापार प्रशासनसँग सम्बन्धित छ। अमेरिका र युरोपले रणनीतिक उपकरणको रूपमा शुल्क, निर्यात नियन्त्रण र वित्तीय प्रतिबन्धजस्ता माध्यमलाई बढ्दो रूपमा प्रयोग गर्दै जाँदा बहुपक्षीय प्रणालीको सान्दर्भिकताबारे प्रश्न उठ्छन्। थला परेको विवाद समाधान संयन्त्र र पुराना नियमले घेरिएको डब्लुटिओ अहिले तनावमा छ। तर, यो 'आउटडेटेड' देखिँदैन। भारतसहित विकासशील विश्वका लागि डब्लुटिओले अझै पनि एक मात्र विश्वव्यापी प्लेटफर्म प्रदान गर्छ, जसले एकपक्षीयतालाई रोक्छ र निर्यात-नेतृत्व वृद्धिका लागि अनुमानित रूपरेखा प्रदान गर्छ। ब्रिक्स प्लस, क्षेत्रीय व्यापार सम्झौता, आपूर्ति-शृंखला साझेदारी र स्थानीय-मुद्रा भुक्तानी प्रणालीजस्ता प्लेटफर्म नयाँ मापदण्डका प्रयोगशाला बनिरहेका छन्। भारतका लागि दुईवटा कार्य महत्त्वपूर्ण छन्। ती हुन्- ग्लोबल साउथअन्तर्गतका देशको प्राथमिकता प्रतिबिम्बित गर्न डब्लुटिओमा सुधार गर्दै वार्ताको नेतृत्व गर्ने र एकल सञ्चालन प्रणालीमा नचल्ने संसारमा प्रभुत्व कायम गर्न गठबन्धन प्रयोग गर्ने।

रुसमाथिको प्रतिबन्ध अझै प्रभावकारी छ ?

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको भारत भ्रमणले रुसमाथि लागेका एकपक्षीय प्रतिबन्धले मस्कोको प्रभाव गुमाइरहेको छ कि छैन भन्ने बहसलाई पुनः ब्युँताएको छ। रुस एक जटिल तर गतिलो उदाहरण प्रस्तुत गर्छ। पश्चिमा प्रतिबन्धका बाबजुद मस्को व्यापार प्रवाहलाई पुनः निर्देशित गर्न, आर्थिक सूचकलाई स्थिर पार्न र एसियाली साझेदारसँगको सम्बन्धलाई बलियो बनाउन सफल भएको छ। प्रतिबन्धले उसको खर्चमा वृद्धि गरेको छ, तर धेरैले भविष्यवाणी गरेको प्रणालीगत पतन भने होइन।

यसले दुईवटा सत्य प्रकट गर्छ। पहिलो, जब रुसीहरूले व्यापक अन्तर्राष्ट्रिय सहभागिताको आनन्द लिन्छन्, तब प्रतिबन्ध शक्तिशाली साबित हुन्छ, जुन कुरा बढ्दो रूपमा दुर्लभ हुन्छ। दोस्रो, भारतसहित ग्लोबल साउथका देशले संयुक्त राष्ट्र संघको ढाँचाबाहिर लगाइएका एकपक्षीय प्रतिबन्धलाई शंकाको नजरले हेर्छन्। तिनीहरूले प्रतिबन्धलाई बदलाको रूपमा होइन, बरु भूराजनीतिक दबाबको माध्यमका रूपमा हेर्छन् र प्रायः तेस्रो देशको विकास हितप्रति असंवेदनशील हुन्छन्। पश्चिमले पनि अन्ततः आर्थिक शक्तिको यो प्रसारमा अनुकूलन गर्नुपर्नेछ।

रुसले एक जटिल, तर गतिलो उदाहरण प्रस्तुत गर्छ। पश्चिमा प्रतिबन्धका बाबजुद मस्कोले व्यापार प्रवाहलाई पुनर्निर्देशित गर्न, आर्थिक सूचकलाई स्थिर पार्न र एसियाली साझेदारसँगको सम्बन्धलाई बलियो बनाउन सफल भएको छ। प्रतिबन्धले उसको खर्चमा वृद्धि गरेको छ, तर धेरैले भविष्यवाणी गरेको प्रणालीगत पतन भने होइन।

भारत-रुस साझेदारीका दुई स्तम्भ


रुससँग भारतको सम्बन्ध दुई स्तम्भमा आधारित छ, ऊर्जा सुरक्षा र रक्षा सहयोग। रक्षा घटक, समानुपातिक हिसाबले घट्दै गए पनि महत्त्वपूर्ण छ, रुसले अझै पनि भारतको रक्षा आयातको लगभग एकतिहाइ हिस्सा ओगटेको छ। ब्रह्मोसजस्ता संयुक्त कार्यक्रमले सहविकास मोडेलमा परिवर्तनलाई मूर्त रूप दिन्छन् भने एस-४०० प्रणालीको प्रदर्शनले विश्वासलाई बलियो बनाएको छ। एकै समयमा, भारत 'मेक इन इन्डिया'अन्तर्गत अमेरिका, फ्रान्स, इजरायल र घरेलु उद्योगतर्फ आक्रामक रूपमा विविधीकरण गर्दै छ। उद्देश्य रुसलाई बाइपास गर्नु होइन, बरु कुनै एकल स्रोतमा अत्यधिक निर्भरता रोक्नु हो। खण्डित विश्वव्यापीकरणको युगमा रणनीतिक स्वायत्तता विभाजनबाट होइन, बरु तहगत साझेदारी र स्वदेशी क्षमताको सुदृढीकरणबाट आउनेछ।

रुसको पूर्वतिरको लचिलो आपूर्ति शृंखलाका लागि ग्लोबल साउथको जोडसँगै पश्चिमी नियमनबाट अलग रहेको वैकल्पिक विश्वव्यापी आर्थिक समूहको चर्चाले गति लिएको छ। तर, आर्थिक वास्तविकता अझ सूक्ष्म छन्। वास्तवमा नयाँ संरचनाले आकार लिइरहेका छन्, स्थानीय-मुद्रा सम्झौता, ब्रिक्स वित्तीय उपकरण, विविध रसद कोरिडोर र विस्तारित दक्षिण व्यापार। तैपनि विश्वव्यापी मूल्य शृंखला पश्चिमी पुँजी बजार, प्रविधि पारिस्थितिक प्रणाली र नियामक मापदण्डसँग गहिरो रूपमा गाँसिएका छन्। भारतसहित अधिकांश अर्थतन्त्रका लागि पूर्ण रूपमा अलग समानान्तर प्रणाली निर्माण गर्नु न त सम्भव छ, न त कुशल नै छ।

भारत-रुस सम्बन्ध विगतको अवशेष होइन, बरु एउटा ज्यामितीय चित्र हो, जसबाट विश्वको नयाँ आर्थिक ज्यामिति अवलोकन गर्न सकिन्छ। व्यापार वृद्धि, प्रतिबन्ध प्रतिरोध, समूह राजनीति, रक्षा ठुलो रूपान्तरणको अंश हो। उदीयमान व्यवस्था द्विध्रुवी हुनेछैन। यो तरल र प्रतिस्पर्धात्मक हुनेछ। भारतका लागि चुनौती भनेको नियमलाई आकार दिन, यसको विकल्प विविधीकरण गर्न र यसको घरेलु क्षमतालाई बलियो बनाउनु हो।

- एनडिटिभीबाट

इतिहासमा आज



सन् १९४१ : जापानी नौसेनाले ३५३ जहाजमार्फत पल हार्वरमा तैनाथ अमेरिकी फौजमाथि व्यापक बमबारी गऱ्यो, जसमा दुई हजार ४०३ को मृत्यु भयो। यस आक्रमणपछि अमेरिका दोस्रो विश्वयुद्धमा प्रवेश गरेको थियो।

सन् १७८७ : डेलावर अमेरिकाको संविधानलाई अनुमोदन गर्ने पहिलो अमेरिकी राज्य बन्यो।

सन् १८०४ : प्राकृतिविद् एलेक्जेन्डर भोन हमबोल्ट्टले पृथ्वीको चुम्बकीय क्षेत्र ध्रुवबाट भूमध्यसागरतर्फ जाँदा घट्दै जाने कुरा पत्ता लगाए।

सन् १८०८ : जेम्स म्याडिसन अमेरिकाको चौथो राष्ट्रपतिका रूपमा निर्वाचित भए।

सन् १९४९ : चिनियाँ कम्युनिस्ट र राष्ट्रवादी शक्तिबिचको गृहयुद्धमा हारेका राष्ट्रवादी नेता चियाङ काई-सेक ताइबान भागे।

सन् १९७२ : मानिसलाई चन्द्रमामा अवतरण गरेको अन्तिम चन्द्र अभियान 'अपोलो १७' आजकै दिन प्रक्षेपण भएको थियो। यसमा सवार अन्तरिक्षयात्रुले खिचेको पृथ्वीको निलो तस्बिर 'ब्लु मार्बल' निकै चर्चित भएको थियो।

सन् १९७५ : इन्डोनेसियाको सेनाले पूर्वी टिमोरलाई कब्जामा लियो।

सन् १९८१ : स्पेन नेटोको सदस्य बन्यो।

सन् १९८८ : संयुक्त राष्ट्र संघको सम्बोधनका क्रममा सोभियत नेता मिखाइल गोर्बाचेभले उनको देशको सैनिक १० प्रतिशत घटाउने घोषणा गरे। सोही दिन उनले न्युयोर्कस्थित अमेरिकाको वित्त केन्द्र वाल स्ट्रिटको भ्रमण गरेका थिए।

सन् २०१५ : तत्कालीन अमेरिकी राष्ट्रपतीय उम्मेदवार डोनाल्ड ट्रम्पले सबै मुस्लिमलाई अमेरिका प्रवेशमा रोक लगाउनुपर्ने प्रस्ताव गरे।

पूर्वी एसियामा बाढीपहिरो एक हजारको मृत्यु

कोलम्बो/ पछिल्ला दिनमा बाढीपहिरोका कारण इन्डोनेसिया, श्रीलंका, थाइल्यान्ड र मलेसियामा एक हजारभन्दा बढी मानिसको मृत्यु भएको छ। बाढीपहिरोले सयौँ हराइरहेका छन्। आँधीबेहरीपछिको बाढीपहिरोमा इन्डोनेसियामा ६०४ जनाको मृत्यु भएको छ भने एक सयजना हराइरहेका छन्। मौसमबाट प्रभावितलाई सहयोग गर्ने प्रयास जारी रहेको राष्ट्रपति प्रबोबो सुबियान्तोले बताएका छन्। सरकारले राहत कार्यमा सहयोग गर्न हेलिकोप्टर र विमान तैनाथ गरिरहेको छ। बाढी र पहिरोको प्रतिक्रियामा राष्ट्रिय आपत्काल घोषणा गर्न सरकारमाथि दबाब परेको छ।

श्रीलंकामा आएको बाढीमा कम्तीमा ३३५ जनाको मृत्यु भएको छ भने धेरैजना अझै बेपत्ता छन्। चक्रवात् दिट्वाबाट आएको बाढी र पहिरोमा फसेका मानिससम्म पुग्न सैन्य हेलिकोप्टर प्रयोग गरिएको छ। सरकारले अन्तर्राष्ट्रिय सहयोगका लागि आह्वान गरेको छ। विपत्सँग जुध्न आपत्कालीन अवस्था घोषणा गरिएको छ। राष्ट्रपति अनुरा कुमारा दिसानायकेले बाढीबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने प्रतिबद्धता जनाए। 'हामी हाम्रो इतिहासको सबैभन्दा ठुलो र चुनौतीपूर्ण प्राकृतिक प्रकोपको सामना गरिरहेका छौं,' दिसानायकेले राष्ट्रका नाममा सम्बोधन गर्दै भने।

त्यस्तै, दक्षिणी थाइल्यान्डमा बाढीपहिरोबाट मृत्यु हुनेको संख्या १७६ पुगेको छ। सरकारले राहतका कार्यक्रम ल्याएको छ। तर, बाढीपहिरोले निम्त्याएको क्षतिलाई लिएर सरकारको आलोचना बढ्दै गएको छ। दुई स्थानीय अधिकारीलाई उनीहरूको कथित असफलताका लागि निलम्बन गरिएको छ। सीमापारि मलेसियामा भारी वर्षाले पेर्लिस राज्यको ठुलो भूभाग डुबानमा परेको छ। बाढीमा कम्तीमा तीनजनाको मृत्यु भएको छ।

अमेरिकाले भेनेजुयलामा आक्रमण गरे के हुन्छ ?



क्यारेबियन क्षेत्रमा संयुक्त राज्य अमेरिकाको नौसेना तैनाथी तीव्र हुँदै जाँदा र भेनेजुयलालाई लिएर अमेरिकी राष्ट्रपति ट्रम्पको तर्क सुन्दा भेनेजुयलामा जुनसुकै वेला अमेरिकी आक्रमण होला जस्तो लाग्छ। सेप्टेम्बर महिनाको सुरुदेखि नै अमेरिकाले क्यारेबियन र पूर्वी प्रशान्त महासागरीय क्षेत्र लागुपदार्थको तस्करीमा संलग्न भएको आरोपमा २१ भेनेजुएली डुंगामा सैन्य हमला गरिसकेको छ। आक्रमणमा कम्तीमा ८७ जना मारिइसके।

लागुपदार्थ प्रभावले अमेरिकाको राष्ट्रिय सुरक्षालाई खतरामा पारेको तर्क दिएर ट्रम्प प्रशासनले आक्रमणको औचित्य साबित गर्ने प्रयास गरिरहेको छ। तर, अहिलेसम्म आक्रमणमा परेका जहाजले लागुपदार्थको तस्करी नै गरेको थियो भन्ने कुनै प्रमाण प्रदान गरेको छैन। हुन त अमेरिकामा दक्षिण अमेरिकी देशबाट ठुलो परिणाममा लागुपदार्थ तस्करी हुने गर्छ। तर, तथ्यांकले भेनेजुयलाबाट अमेरिकामा खासै लागुऔषध तस्करी नहुने देखाउँछ। विज्ञहरू ट्रम्प प्रशासनको मुख्य निसाना भेनेजुयलाको मदुरो सरकार भएको मान्छन्। राष्ट्रपति निकोलस मदुरोको भेनेजुएली सरकार पश्चिमी गोलार्द्धका थोरै अमेरिकाविरोधी सरकारमध्ये एक हो। सन् २०१३ देखि निरन्तर सत्तामा रहेका मदुरोलाई हटाउन ट्रम्पले आफ्नो पहिलो कार्यकालमा सक्दो प्रयास गरेका थिए।

बढ्दो तनावबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी सेनालाई भेनेजुयलाभित्रै प्रवेश गराउँदै स्थल अप्रेसनको योजनाबारे विरोधाभाषी सन्देश दिइरहेका छन्। उनले यस्तो सम्भावनालाई अस्वीकार गरेका पनि छैनन्। फेरि उनी आफूलेक भेनेजुयलामाथि आक्रमण गर्ने योजना नबनाएको पनि बताउँछन्। तथापि, ट्रम्पले त्यहाँभित्र सिआइए अप्रेसनलाई भने स्वीकृति दिइसकेका छन्।

अमेरिकाले कसरी आक्रमण गर्न सक्छ ?

भेनेजुयलामा आक्रमण गर्न अमेरिकासँग कैयौँ सैन्य विकल्प रहेको विश्लेषक बताउँछन्। अधिकांशले स्थल सेनाको सट्टा हवाई र समुद्री शक्ति प्रयोगको सम्भावनामाथि जोड दिएका छन्। हालैका महिनामा भेनेजुयलाको तटनजिकै ठुलो संख्यामा अमेरिकी हवाई तथा नौसेना तथा उपकरण तैनाथ गरिएका छन्। यसमा विश्वको सबैभन्दा ठुलो युद्धपोत 'युएसएस गेराल्ड फोर्ड'समेत समावेश छ।

'आक्रमण भए सुरुमा सम्भवतः आकाश र समुद्रबाट लामो दूरीको क्षेप्यास्त्र हानिनेछ, किनभने भेनेजुयलाको हवाई प्रतिरक्षा प्रणाली तुलनात्मक रूपमा बलियो छ,' अवकाश प्राप्त अमेरिकी नौसेना तथा सेन्टर फर स्ट्रेटेजिक एन्ड इन्टरनेसनल स्टडिजका शीर्ष सल्लाहकार मार्क क्यान्सियनले भने। लगभग सबै विज्ञ अमेरिकाले भेनेजुयलाभित्र स्थल सेना पठाउनेमा प्रश्न गर्छन्। विशेषतः इराक युद्धको असफलता र अमेरिकी सेना अफगानिस्तानबाट असफल भएर फर्केको धेरै नभएको परिप्रेक्षमा स्थल अप्रेसन अमेरिकी जनतामाझ पनि मान्य हुनेछैन।

'स्थल सैन्य अभियानले अमेरिकाभित्रै ठुलो कानुनी अवरोध सामना गर्नुपर्ने हुन्छ। विशेषतः इराक र अफगानिस्तानको अनुभवका कारण यस्तो अभियानले संसद्मा धक्का खानेछ,' नेदरल्यान्ड्सको लेडेन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययनको नेतृत्व गरिरहेका साल्भाडोर सान्टिनो रेगिलमेले भने।

वासिंटनका केही नीति-निर्माताले अमेरिकी सैन्य कारबाहीले मदुरो सरकार ढल्ने र नयाँ राजनीतिक संक्रमण सुरु हुने आशा गरेका छन्। तर, सैन्य विश्लेषक भने त्यस्तो कारबाहीले काराकसमा लामो अस्थिरता निम्त्याउने चेतावनी दिन्छन्। 'ओरिनाको रिसर्च'का संस्थापक तथा भेनेजुएली मिडिया संस्था गुआकामायाका प्रमुख सम्पादक एलियास फेरर आक्रमणको विचारलाई 'पान्डोरा बक्स' खुल्ने माध्यमका रूपमा वर्णन गर्छन्। 'द्वन्द्वमा सशस्त्र पक्षहरू सशक्त बन्छन्। अब सेना आफैं वा अर्धसैनिक पक्षले राजनीतिक रूपमा प्रेरित भएर होस् वा संगठित अपराधको उद्देश्यले देशका केही भाग कब्जा गर्ने प्रयास गर्न सक्छन्। परिणाम त्यति मात्र हुनेछैन। यीलगायत धेरै सम्भावना ह्वात्तै बढ्नेछ,' फेररले भने। यस्तो अवस्थामा विपक्षी राजनीतिक शक्ति सबैभन्दा बढी समस्यामा पर्ने फेररको मूल्यांकन छ। 'भेनेजुयलाको विपक्षी दलको आफ्नै सैन्य समूह नभएको र विद्यमान सुरक्षा बलसँग बलियो सम्बन्ध नभएकाले उनीहरूलाई धेरै घाटा लाग्नेछ,' उनले भने।

केही विश्लेषकले त सीमित अमेरिकी आक्रमणले छोटो अवधिमा मदुरो सरकारलाई नै बलियो बनाउने बताउँछन्। 'बाह्य आक्रमणले आफूभित्रको विमतिलाई मिलाउने अवसर दिन्छ भने त्यति वेला सत्ताविरोधीलाई देशद्रोहको रूपमा अपराधीकरण गर्न पनि सजिलो बहाना भेटिन्छ,' लेडेन विश्वविद्यालयका सान्टिनो रेजिलमेले भने, 'भेनेजुयलाका विपक्षीहरू पहिले नै खण्डित छन्। अझ अमेरिकी आक्रमणपछि त्यसको स्वागत गर्ने र विदेशी आक्रमणको पक्षधरका रूपमा बदनाम हुने डरले विरोध गर्नेबिच थप विभाजित हुनेछन्। इराक, लिबियालगायतको अनुभवले पनि जबर्जस्ती बाह्य हस्तक्षेपले बिरलै स्थिर लोकतन्त्र उत्पादन गरेको देखाउँछ।'

बढ्दो तनावका बाबजुद मदुरो र उनको सरकारले खुलेर आक्रमणको सामना गर्ने बताएको छ। तिनले सम्भावित अमेरिकी आक्रमणलाई राष्ट्रिय सार्वभौमिकतामाथिको प्रहारको रूपमा चित्रण गरिरहेका छन्। 'अमेरिकीहरूले बमबारीले सबै कुरा अन्त्य हुने सोचेका छन्। यो देशमा त्यस्तो चल्दैन,' गृहमन्त्री डिओस्दादो काबेलोले नोभेम्बरको सुरुमा सरकारी टेलिभिजनमा खिल्ली उडाउँदै भनेका थिए। मदुरोले भर्खरै उही भाकामा जवाफ दिएका थिए। 'हामी शान्ति चाहन्छौं। तर, त्यस्तो शान्ति सार्वभौमिकता, समानता र स्वतन्त्रतासहितको हुनुपर्छ। हामी दासहरूले पाउने शान्ति चाहँदैनौं,' मदुरोले राष्ट्रपति भवनअघि भेला भएका समर्थकलाई सम्बोधन गर्ने क्रममा भनेका थिए।

> वासिंटनका केही नीति-निर्माताले अमेरिकी सैन्य कारबाहीले मदुरो सरकार ढल्ने र नयाँ राजनीतिक संक्रमण सुरु हुने दाबी गरेका छन्। तर, सैन्य विश्लेषक भने त्यस्तो कारबाहीले राजधानी काराकसमा लामो अस्थिरता निम्त्याउने चेतावनी दिन्छन्।

के हो अमेरिकाको रणनीति ?

ट्रम्प प्रशासनले गुप्तचर अभियान चलाएर भेनेजुयलाको सेनाभित्र शीर्ष तहलाई मदुरो सरकार त्याग्न प्रेरित गरिरहेको छ। 'संयुक्त राज्य अमेरिकाले आक्रमणको समयमा सेना तिनको ब्यारेकबाहिर ननिस्कनेमा उनीहरूलाई निसाना नबनाउने सन्देश पठाएजस्तो देखिन्छ। अमेरिकाले पहिलो खाडी युद्धमा यही रणनीति सफलतापूर्वक प्रयोग गरेको थियो,' नौसेनाका अवकाश प्राप्त कर्णेल क्यान्सियनले भने। सन् १९९१ को खाडी युद्धमा अमेरिकी अधिकारीले केही इराकी सैन्य टुकडीलाई उनीहरू आफ्नो ब्यारेकबाट बाहिर ननिस्केमा उनीहरूलाई लक्षित नगरिने सन्देश दिएको थियो।

त्यस सन्देशअनुरूप काम हुँदा पश्चिमी शक्तिले छोटो समयमै इराकी फौजलाई कुवेतबाट बाहिर निकाल्न सकेको थियो। क्यान्सियनका अनुसार भेनेजुयला सरकारले सेनाभित्र प्रतिरोध गर्ने सम्भावना भएकालाई छानेर हटाएकाले सेना र सुरक्षा बलले लड्ने सम्भावना उच्च देखिन्छ।

आम भेनेजुएली र विश्वले कस्तो प्रतिक्रिया जनाउलान् ?

अमेरिकाले आक्रमण गरेमा आम भेनेजुएली नागरिकले कस्तो प्रतिक्रिया जनाउलान् भन्ने प्रश्नको जवाफ सहज नभएको विश्लेषकहरू बताउँछन्। 'भेनेजुएली नागरिकले पहिले नै लामो सामाजिक-आर्थिक पतन, उच्च मुद्रास्फीति, व्यापक अभाव, अन्तर्राष्ट्रिय प्रतिबन्ध र विश्वको सबैभन्दा ठुलो विस्थापन संकट भोगिसकेका छन्,' लेडेन विश्वविद्यालयका सान्टिनो रेजिलमेले भने।

पछिल्लो एक अनुमानअनुसार यो वर्ष करिब ७९ लाख भेनेजुएली अभावबिच बाँचिरहेका छन्, जुन देशको कुल जनसंख्याको झन्डै २८-३० प्रतिशत जनसंख्या हो। 'यस्तोमा आमनागरिकले अमेरिकी आक्रमणलाई वर्तमान शासनबाट मुक्तिभन्दा असुरक्षाको अर्को तहको रूपमा बढी अनुभव गर्नेछन्। खाना, औषधि, बिजुली र आधारभूत सेवाहरूमाथिको बचेखुचेको पहुँच पनि अन्त्य हुनेछ,' रेजिल्मेले भने। सर्वेक्षणले आम मानिसमा सरकार र विदेशी सैन्य हस्तक्षेप दुवैप्रति गहिरो अविश्वास देखाएको छ।

अर्कोतर्फ क्षेत्रीय र विश्व शक्तिले काराकासँगको उनीहरूको विद्यमान रणनीतिक सम्बन्धलाई अनुसार प्रतिक्रिया दिने सम्भावना छ। चीन अहिले भेनेजुयलाको सबैभन्दा ठुलो ऋणदाता र आर्थिक साझेदारमध्ये एक बनेको छ। चीनले मदुरोका लागि दृढ कूटनीतिक समर्थन कायम राख्ने अपेक्षा गरिएको छ। तर, भेनेजुयलामा अमेरिकी आक्रमण भएमा चीनले खुलेर परिस्थितिलाई प्रभावित पार्ने सामर्थ राख्दैन। उता, रुस भेनेजुयलाको सबैभन्दा ठुलो सैन्य सहयोगी हो। दुई मुलुकबिच अहिले प्रत्यक्ष सैन्य सम्बन्ध छ। मस्कोले मदुरो सरकारलाई उन्नत हतियार प्रणाली आपूर्ति गरिरहेको छ भने भेनेजुएली सैनिकलाई तालिमसमेत दिने गरेको छ। दुई देशबिच वर्षौंदेखि गुप्तचर सहयोग चलिरहेको छ। यी दुवै देश मदुरोको शासन रहेसम्म राजनीतिक रूपमा मादुरोसँग गठबन्धनमा रहनेछन्।

- अल जजिराका लागि एलिजाबेथ मेलिमोपोलोसको आलेख

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २१ मंसिर ०८२

खिम्ती जलविद्युत्को ५०% सेयर हस्तान्तरण साढे पाँच वर्षदेखि अलपत्र

६० मेगावाटको खिम्ती जलविद्युत् आयोजनाको ५० प्रतिशत स्वामित्व
२७ असार ०७७ मा विद्युत् प्राधिकरणमातहत आउनुपर्ने थियो, तर अझै आउन सकेको छैन

मिलन विश्वकर्मा/नयाँ पत्रिका



सरकारको स्वामित्वमा आउनुपर्ने ६० मेगावाटको खिम्ती जलविद्युत् आयोजनाको ५० प्रतिशत सेयर साढे पाँच वर्षदेखि अलपत्र अवस्थामा देखिएको छ। नर्वेका लगानीकर्ता भएको हिमाल पावर लिमिटेडले बनाएको ६० मेगावाटको खिम्ती जलविद्युत् आयोजनाको ५० प्रतिशत स्वामित्व २७ असार ०७७ मा नेपाल सरकार अर्थात् नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण हुनुपर्ने थियो। तर, उक्त म्याद सकिएको पाँच वर्ष पाँच महिना बितिसक्दा पनि परियोजनाको ५० प्रतिशत सेयर स्वामित्व प्राधिकरणमातहत आउन सकेको छैन।

म्याद गुज्रिए पनि साढे पाँच वर्षदेखि कम्पनी र प्राधिकरणबिच अन्तरिम समझदारी गरेर परियोजना सञ्चालन भइरहेको छ। प्राधिकरणले कम्पनीलाई सञ्चालन खर्चबापत विद्युत् खरिदमा प्रतियुनिट दुई रुपैयाँ दिँदै आएको छ।

निजी क्षेत्रबाट सरकारी स्वामित्वमा आउन लागेको यो पहिलो जलविद्युत्को हस्तान्तरणमा अस्वाभाविक ढिलाइ हुँदा गलत नजिर बस्न सक्नेमा विज्ञहरूको चिन्ता

नेपाल सरकारबाहेक विदेशी तथा स्वदेशी निजी क्षेत्रले बनाएको जलविद्युत् आयोजना निश्चित अवधि (लाइसेन्स अवधि तथा सम्झौतापत्रमा भएको व्यवस्था)पछि निःशुल्क रूपमा सरकारको स्वामित्वमा आउनुपर्ने व्यवस्था छ। सोहीअन्तर्गत निजी क्षेत्रबाट सरकारी स्वामित्वमा आउन लागेको यो पहिलो जलविद्युत् आयोजना हो। कम्पनीले आयोजना सञ्चालन गरेको २० वर्षमा ५० प्रतिशत र ५० वर्षमा सम्पूर्ण स्वामित्व निःशुल्क प्राधिकरणलाई हस्तान्तरण गर्ने नेपाल सरकारसँग सम्झौता गरेको थियो। हिमाल पावरले २७ असार ०५७ मा उक्त आयोजना सञ्चालनमा ल्याएको थियो। त्यसअनुसार ३० वर्षपछि अर्थात् २३ असार ०७७ मा आयोजनाको ५० प्रतिशत स्वामित्व सरकारले पाउनुपर्ने हो। तर, सरकारले अझै सम्झौताअनुसार आयोजनाको स्वामित्व पाउन सकेको छैन। आयोजना सञ्चालनमा आएको ५० वर्षमा (असार २१०७) मा भने सम्पूर्ण स्वामित्व नेपाल सरकारको स्वामित्वमा आउनुपर्नेछ।

दुवै पक्ष आयोजनाबाट हुने लाभबाट वञ्चित

स्वामित्व हस्तान्तरणमा ढिलाइ हुँदा दुवै पक्ष परियोजनाबाट पाउने लाभबाट वञ्चित भएका छन्। परियोजना व्यावसायिक रूपमा सञ्चालन गर्न सकेको भए हिमाल पावर र प्राधिकरणले त्यसबाट निश्चित मुनाफा पनि पाउने थिए। तर, स्वामित्व हस्तान्तरण प्रक्रिया नटुंगिएपछि अन्तरिम सम्झौता गरेर परियोजना सञ्चालन भइरहेको छ। यसमा प्राधिकरणले विद्युत् खरिद गर्दा कम्पनीलाई प्रतियुनिट दुई रुपैयाँ भुक्तानी गर्दै आएको छ, जुन रकम परियोजना सञ्चालनका लागि मात्रै ठिक्क हुने गरेको छ। अर्थात्, यस अवधिमा आयोजनाले दिने नाफाबाट उनीहरू वञ्चित भएका छन्।



यद्यपि, यसबारे पछि हिसाब गर्ने तयारीमा प्राधिकरण छ। 'स्वामित्व हस्तान्तरणको सबै प्रक्रिया टुंगिएपछि जुन दरमा विद्युत् खरिद-बिक्री सम्झौता गरिन्छ, त्यो दरअनुसार हिसाब मिलान गरिनेछ,' प्राधिकरणका एक अधिकारीले बताए।

परियोजना हस्तान्तरण गर्नुपर्ने समयमा विश्वव्यापी रूपमा कोरोना महामारी थियो। त्यस वेला हिमाल पावरमा रहेको नर्वेका लगानीकर्ता नेपाल आउन सकेनन्। त्यो समयमा स्वामित्व हस्तान्तरणको प्रक्रिया अघि बढ्न सकेन। पछि अवस्था सामान्य भए पनि यसमा ठोस प्रगति देखिएको छैन। कम्पनी र प्राधिकरणको व्यापारिक स्वार्थका कारण पनि यसमा ढिलाइ भएको बताइएको छ।

आयोजना ५० प्रतिशत स्वामित्व हस्तान्तरण गर्न सर्वप्रथम हिमाल पावर र प्राधिकरणको संयुक्त स्वामित्वमा अर्को नयाँ कम्पनी स्थापना गर्नुपर्ने हुन्छ। यसको प्रस्थान विन्दु नै संयुक्त कम्पनी स्थापना हो। त्यसपछि सोही कम्पनीले नै उक्त आयोजना सञ्चालन गर्न थप प्रक्रिया अगाडि बढाउनेछ।

विद्युत् खरिद सम्झौता (पिपिए) गर्नेलगायतका काम सोही कम्पनीमार्फत हुनेछ। त्यसका लागि पहिला प्राधिकरण र कम्पनीबिच अनौपचारिक रूपमा विभिन्न समझदारी गर्नुपर्छ। तर, हालसम्म संयुक्त कम्पनी नै स्थापना हुन सकेको छैन।

यस्तै, संयुक्त कम्पनी र हालकै हिमाल पावर कम्पनीले कसरी काम गर्ने ? उनीहरूलाई के-कस्तो अधिकार दिने ? नेपाल सरकारले के-कति दायित्व लिने ? भन्नेलगायतका विषयमा सहमति जुट्नुपर्नेछ। तर, त्यसमा पनि सहमति हुन सकेको छैन।

यसअघि हिमाल पावरसँग प्राधिकरणले डलरमा पिपिए गरेको छ। अब भने नेपाली रुपैयाँमै प्राधिकरणसँग पिपिए हुनेछ। तर, त्यसको दर कति बनाउने भन्ने विषयमा पनि सहमति जुट्न सकेको छैन। यो नदी प्रवाहमा आधारित जलविद्युत् परियोजना हो। अहिले यस्तो परियोजनासँग गरिने पिपिए दर हिउँदमा ८.४० रुपैयाँ र बर्खामा ४.८० रुपैयाँ छ। हिमाल पावरले सोही दरमा पिपिए गर्न चाहे पनि प्राधिकरणले घटाउन खोजेको छ।

निजी क्षेत्रबाट सरकारी स्वामित्वमा आउन लागेको यो पहिलो जलविद्युत्को हस्तान्तरणमा अस्वाभाविक ढिलाइ हुँदा गलत नजिर बस्न सक्ने चिन्ता विज्ञहरू गर्छन्। निकट भविष्यमा अन्य कम्पनीहरूले यसैलाई बहाना बनाएर आयोजना हस्तान्तरणमा ढिलाइ गर्न सक्ने, विभिन्न सर्तहरूरू ल्याउने जोखिम हुने विज्ञहरू बताउँछन्।

स्वामित्व हस्तान्तरणबारे यसअघि सरकारसँग भएकै सम्झौतापत्रमा स्पष्ट उल्लेख गरिएको हुन्छ। तर, लगानीकर्ताले पछि आएर आफूअनुकूल सम्झौतापत्रको व्याख्या-अपव्याख्या गर्ने प्रवृत्तिले पनि ढिलाइ भएको हुन सक्ने जानकारवाला बताउँछन्।

हिमाल पवारमा नेपालको बुटवल पावर कम्पनी लिमिटेडको १६.९० प्रतिशत सेयर स्वामित्व रहेको छ भने बाँकी स्वामित्व नर्वेको स्ट्याटक्राफ्ट एसएफ, आलस्थम पावर एसलगायतका कम्पनीको रहेको छ। कम्पनीको पुँजी एक अर्ब ७६ करोड २४ लाख २७ हजार दुई सय रहेको छ।

तत्कालीन समयमा आयोजनामा कुल लगानी १४ करोड ५२ लाख डलर भएको छ। कुल सम्पत्तिको मूल्यांकन भने हुन बाँकी छ। हिमाल पावरले अन्तिम आर्थिक वर्ष ०७६/७७ मा चार अर्ब ९९ करोड ३६ लाख आम्दानी गरेको थियो। त्यसयता अन्तरिम समझदारीका आधारमा आयोजना सञ्चालन भइरहेको छ।

■ दुई वर्षपछि भारतसँग पेट्रोलियम वार्ता

मोतीहारी-अमलेखगन्ज दोस्रो चरणको पाइपलाइन हस्तान्तरण प्रमुख एजेन्डा

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल-भारतबिच पेट्रोलियम तथा ग्याससम्बन्धी संयुक्त कार्यसमूहको बैठक आगामी सोमबार दिल्लीमा बस्ने भएको छ। प्रत्येक वर्ष हुने बैठक यसपटक दुई वर्षपछि हुन लागेको हो।

बैठकको नेतृत्व गर्ने उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव शिवराम पोखरेल नेतृत्वको कार्यदललाई १५ मंसिरको मन्त्रिपरिषद्ले बैठकले स्वीकृति प्रदान गरिसकेको छ। भारतबाट पनि पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका सहसचिवको बैठकले नेतृत्व गर्नेछन्।

सो बैठकमा नेपालले प्रस्तुत गर्ने एजेन्डा आयल निगमका तर्फबाट मन्त्रालयलाई पेस भइसकेको छ। सहसचिव पोखरेलले मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनको दोस्रो चरण निर्माणकार्य सकिएकाले हस्तान्तरणको विषयलाई प्रखुताका साथ उठाउने जानकारी दिए। दोस्रो चरणको पाइपलाइन निर्माणकार्य ०८१ असोजमै सकिए पनि अहिलेसम्म हस्तान्तरण भएको छैन।

'भारत र नेपालको संयुक्त लगानी र भारतको प्राविधिक सहयोगमा निर्माण भएकाले परियोजना हस्तान्तरण गर्ने काम बाँकी छ। आगामी बैठकमा यसबारे छलफल गर्ने गरी एजेन्डा तय भएको छ,' पोखरेलले भने। ०७५ मा पहिलो चरणको निर्माणकार्य सम्पन्न भएर हस्तान्तरण भएको पाइपलाइनबाट सुरुमा डिजेल मात्र र गत वर्ष असोजदेखि पेट्रोल र मट्टीतेलसमेत आउन थालेको छ। पाइपलाइनबाट ल्याएको डिजेल, पेट्रोल र मट्टीतेल अमलेखगन्ज डिपोमा भण्डारण गरी काठमाडौं, विराटनगर, पोखरा र भैरहवासम्म वितरण हुने गरेको छ। सो पाइपलाइनबाट देशभरका ७० प्रतिशत माग धान्ने गरी इन्धन आयात भइरहेकाले चाँडै हस्तान्तरण गरेर नेपालको स्वामित्वमा ल्याउन नेपाली पक्षले जोड दिएको हो।

त्यस्तै, भारतीय लगानीमा निर्माण गर्ने गरी सम्झौता भइसकेको सिलगुढी-चारआली पाइपलाइन, चारआली भण्डारगृह र अमलेखगन्ज-चितवन पाइपलाइनको हालसम्मको प्रगति तथा आगामी निर्माण कार्ययोजनाबारे पनि बैठकमा समीक्षा हुने भएको छ। 'भारतले लगानी गर्ने सम्झौता भइसकेका परियोजनालाई छिटो अगाडि बढाउने विषयमा पनि छलफल गर्नेछौं,' पोखरेलले भने। निगमको लगानी र भारतको प्राविधिक सहयोग रहने गरी चितवनमा ठुलो क्षमताको भण्डारणगृह बनाउने पनि समझदारी भइसकेको छ।

त्यस्तै, निगमले रुपन्देहीको ओमसतिया र रोहिणी गाउँपालिकामा रहेको जग्गामा नयाँ भण्डारगृह निर्माण लागेको विषयमा पनि दुवै देशका सहसचिवस्तरीय संयुक्त बैठकमा छलफल हुने भएको छ। सो परियोजनाको निर्माण प्रगतिबारे वाणिज्य सचिव डा. रामप्रसाद घिमिरे, सहसचिव पोखरेल, निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टलगायतको टोलीले बुधबार स्थलगत निरीक्षणसमेत गरेर बैठकमा पेस गर्ने विषयवस्तुको तयारी गरेको छ।

नेपाली पक्षले आइओसीको मोतीहारी डिपोदेखि सर्लाहीसम्म ग्यासको पाइपलाइन बिछ्याउन आर्थिक तथा प्राविधिक सहायताको प्रस्तावसमेत गर्ने भएको छ। सर्लाहीमा रहेको करिब १५ बिघा जमिनसम्म पाइपलाइनबाट ग्यास ल्याएर भण्डारगृह राख्ने गरी यसअघि नै सर्भे भइसकेको छ।

बैठकका एजेन्डा

- **मोतीहारी-अमलेखगन्ज दोस्रो चरणको पाइपलाइन परियोजना हस्तान्तरण**
- **सर्लाहीसम्म ग्यासको पाइपलाइन ल्याएर भण्डारगृहसमेत बनाउन आर्थिक सहयोग**
- **भारतीय लगानीमा बन्ने पेट्रोलियम परियोजनाको हालसम्मको समीक्षा र आगामी योजना निर्माण**
- **चितवनमा निगमले बनाउन लागेको भण्डारगृहमा भारतले गर्ने प्राविधिक सहायता**
- **रुपन्देहीस्थित निगमले अघि बढाएको नयाँ डिपोमा भारतीय पक्षले गर्न सक्ने सहयोग**
- **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बनाउन लागेको नयाँ हवाई इन्धन डिपोको डिपिआर**

अघिल्लो वर्ष बैठकमा बस्नै मानेन भारत

प्रत्येक वर्ष बस्दै आएको दुवै देशको सहसचिवस्तरीय संयुक्त कार्यदलको बैठक गत वर्ष भने बसेन। नेपाली पक्षले बैठक बस्न दुईपटक पत्राचार गरे पनि भारतले वास्ता नगरेको उद्योग मन्त्रालयका एक अधिकारीले बताए। प्रधानमन्त्री केपी शर्मा ओली रहुन्जेल बैठक बस्न भारतले रुचि नदेखाएको ती अधिकारीले बताए।

'०८१ असोजमा सम्पन्न भएको मोतीहारी-अमलेखगन्ज दोस्रो चरणको पाइपलाइन परियोजना हस्तान्तरणका लागि कार्यक्रम बनाउन प्रस्ताव गर्दासमेत भारतले इच्छा देखाएन,' स्रोतले भन्यो, 'तर, जेन-जी आन्दोलनपश्चात् नयाँ सरकार बनेपछि भारतीय पक्ष आफैंले बैठक राख्ने कुरामा अग्रसरता लियो।'

अमलेखगन्जमा निर्माण सम्पन्न भएको परियोजना दुवै देशका प्रधानमन्त्रीको उपस्थितिमा हस्तान्तरण गर्नुपर्ने हुन्छ। तर, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सो परियोजना हस्तान्तरण कार्यक्रमका लागि एक वर्षदेखि समय नदिएको स्रोतको भनाइ छ।

Siddha Kumakh Rural Municipality
Office of Rural Municipal Executive
Dhorchaur, Salyan

Invitation for Bids

Date of publication: 2082-08-21 (7th Dec, 2025 AD)

1. ***Siddha Kumakh Rural Municipality, Dhorchaur, Salyan*** invites electronic bids from Registered Nepalese eligible bidders for the following works.

S. N.	Contract no.	Description and location of work	Estimated Amount (Excluding VAT & Contingencies) but including PS item	Bid Security Amount	Price of Bid Document.
1	SKRM/NCB/ WORKS/ 2082/083-02	Construction of Ground Floor Office Building Ward No.1 Siddhakumakh Rural Municipality salyan.	96,49,679.80	2,50,000.00	3000
2	SKRM/NCB/ WORKS/ 2082/083-03	Construction of Naudhari Majhako Irrigation Canal. Siddha Kumakh Rural Municipality Ward No. 4 Salyan.	21,30,967.73	55,000.00	3000

2. Eligible Bidders may visit PPMO website **www.bolpatra.gov.np/egp**. for further information.
3. Bidder should submit their bid electronically through PPMO's Website **www.bolpatra.gov.np./egp**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Rajashwo (revenue) account as specified below and the scanned copy of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
Name of the Bank: Laxmi Sunrise Bank Ltd., Dhorchaur, Salyan
Name of Office: ANTARIK RAJASHWO KHATA GA-1-1, SIDDHA KUMAKH GA.PA.
Rajashwo Account no.: ***08603000128***
Revenue Heading Number: ***14249***
4. Pre-bid meeting shall be held at **Siddha Kumakh Rural Municipality Office, Dhorchaur, Salyan** at **2082/09/13 (28th Dec, 2025 AD), 12:00 PM**.
5. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** on or before **12:00 on 2082/09/22 (6th Jan, 2026 AD)** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hour on 2082-09-22 (6th Jan, 2026 AD).*** at ***Siddha Kumakh Rural Municipality Office, Dhorchaur, Salyan***. Bids must be valid for a period of ***90 days after bid opening*** and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for **120 days** from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
Name of the Bank: Laxmi Sunrise Bank Ltd., Dhorchaur, Salyan
Name of Office: DHARAUTI KHATA GA-3, SIDDHA KUMAKH GA.PA.
Deposit Account no.: ***08603000180***
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

Chief Administrative Officer

विभूति पार्क सञ्चालनमा

खोटाङ/ खोटेहाङ गाउँपालिका-२, वाप्लुखास्थित कपासे भञ्ज्याङमा ७० लाख रुपैयाँ लगानीमा निर्माण गरिएको 'राष्ट्रिय विभूति पार्क (उद्यान)' सञ्चालनमा ल्याइएको छ। नेपालका १८ जना राष्ट्रिय विभूतिको मूर्ति राख्ने गरी गोलो घेराभित्र निर्माण गरिएको पार्क गाउँपालिका प्रमुख उदिमबहादुर राई 'मुक्ति', उपप्रमुख रूपेश राई र प्रमुख प्रशासकीय अधिकृत महेश राईले भन्डोत्तोलनसहित मूर्ति अनावरण गरेर औपचारिक रूपमा सञ्चालनमा ल्याएका हुन्।

किराँत समुदायको महान् चाड साकेला उँधौली-उँभौली तथा साउने संक्रान्तिको भोलिपल्ट राँके मेलासमेत लाग्ने कपासे भञ्ज्याङमा स्थानीय बासिन्दाको आफ्नै लगानीमा ८७ घरपरिवार अट्ने एकीकृत बस्तीसमेत निर्माणाधीन अवस्थामा छ। पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्ने गरेको सो भञ्ज्याङमा भौतिक पूर्वाधार निर्माणको कामलाई तीव्रता दिइएको वडाध्यक्ष पारस राईले बताएका छन्।

धर्ना बसेपछि तातोपानी नाका बन्द

सिन्धुपाल्चोक/ भोटेकोशी गाउँपालिका वडा नम्बर २ का स्थानीय शनिबार बिहानैदेखि सडकमा धर्ना बसेपछि तातोपानी नाका बन्द भएको छ। इको पहिरोको सडकमा जम्मा भएका स्थानीयले खासाबाट तातोपानी आउने मालवाहक गाडी आवतजावत बन्द गरेका हुन्।

सडक डिभिजन कार्यालय चरिकोटले विभिन्न समयमा दिएको ठेक्काले पहिरो नियन्त्रण प्रभावकारी नभएको र पाँच सयभन्दा बढी सर्वसाधारणको बस्ती जोखिममा रहेको भन्दै उनीहरूले धर्ना दिएका हुन्। 'बर्खाभर गाउँ पहिरोमा बगिरहने, हिउँदमा सरकार कानमा तेल हालेर बस्ने, अनि जब बर्खा लाग्छ, रकम पचाउन पहिरो खोतल्ने परिपाटीले गाउँ नै जोखिममा परेको छ,' स्थानीय राजु घतानीले भने। वडावासी सबै जम्मा भएर इको पहिरो नियन्त्रणका लागि तत्काल काम सुरु गर्न सडक डिभिजन र ठेकेदारलाई दबाब दिएको उनले बताए। इको पहिरो, कोप्लाङ र १० किलोआसपास सडक बिग्रेको १० वर्ष बितिसकेको छ, तर सरकारी निकायले करोडौं खर्चेर पनि पहिरो नियन्त्रण गर्न सकेको छैन।

सडक डिभिजन र ठेकेदारलाई दिगो काम गर्न दबाब होस् भनेर सडकमा धर्ना दिएको स्थानीय शेरबहादुर मगरले बताए। 'यो नाकामा बर्सेनि अर्बौं राजस्व उठ्छ। तर, जनताको बस्ती पहिरोमा बगेर सडक बन्द हुँदा सरकार जिम्मेवार बनेन,' मगरले भने।

बाह्रबिसे-लिपिङ सडक मर्मत तथा कालोपत्रे गर्न एक अर्ब ३४ करोडको ठेक्का लागिसकेको छ भने इको पहिरो नियन्त्रण गर्न ४८ करोड ४९ लाख बजेट परेको छ। तर, काम सुरु भएको छैन। बजेट परेर पनि हिउँदमा काम नगर्ने सरोकारवालालाई दबाब दिन स्थानीय धर्नामा बसेका हुन्।

साढे दुई अर्ब लागतमा तिनाउमा 'सिग्नेचर पुल' निर्माण हुने

साढे दुई अर्ब लागतमा तीन वर्षमा सम्पन्न गर्ने योजना
हालको पुलसँगै टाँसेर उत्तरतिर र दक्षिणतिर दुई-दुई लेनको पुल तीन वर्षभित्र बनाइने

बुटवलमा **विष्णुप्रसाद घिमिरे**



पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुटवलस्थित तिनाउ नदीमा 'सिग्नेचर पुल' निर्माणको प्रक्रिया अगाडि बढाइएको छ। पूर्व-पश्चिम राजमार्गको बुटवल-गोरुसिंगे-चन्द्रौटा सडकखण्ड विस्तारको काम जारी रहेको अवस्थामा पुलको काम पनि अगाडि बढाउन लागिएको हो।

तिनाउमा सिग्नेचर पुल निर्माण प्रयोजनका लागि शुक्रबार बोलपत्र आह्वान गरेसँगै अब कामले गति लिने सडक विभागले जनाएको छ। विभागले 'डिजाइन एन्ड बिल्ड' मोडेलमा पुलको ठेक्का दिन लागेको सडक विभागको विकास सहायता कार्यान्वयन महाशाखाका सिनियर डिभिजन इन्जिनियर सुरेश पौडेलले बताए।

सिग्नेचर पुल बुटवलको पर्यटन विकासमा महत मिल्ने गरी कलात्मक र आकर्षक बन्ने उनको भनाइ छ। 'सुपर स्ट्रक्चर रूपमा बजार क्षेत्र, बुटवलको सुन्दरता, तिनाउ नदी सबैलाई हेरेर आकर्षक नै बन्छ,' उनले भने।

तिनाउ नदीमा हाल भएको पुलकै दुवै छेउमा नयाँ पुल बनाउने योजना अगाडि बढाइएको छ। पुलको उत्तर र दक्षिण दुवैतिर, दुई-दुई लेनका दुइटा पुल बन्नेछन्। यी दुवै नयाँ बन्ने पुल दुई-दुई लेन र फुटपाथसहितका हुनेछन्। पुलको जम्मा लम्बाइचाहिँ दुई सय ४० मिटर हुनेछ।

शुक्रबार ठेक्का आह्वान भएको यो पुल निर्माणका लागि करिब दुई महिनामा निर्माण कम्पनीले योजना पेस गर्ने समय छ। प्रपोजल पेस भएपछि मूल्यांकनको काम हुनेछ। मूल्यांकनमा प्राविधिक र आर्थिक रूपमा सबभन्दा बढी अरू जसले प्राप्त गर्छ, सोही निर्माण कम्पनीसँग सम्झौता हुने सिनियर डिभिजन इन्जिनियर पौडेलले बताए। डिजाइन एन्ड बिल्ड मोडेलको ठेक्का भएकाले यसमा छानिएको निर्माण कम्पनीले आफ्नो डिजाइन पेस गर्ने र सडक विभागको रिक्वायरमेन्टअनुसार उसले निर्माणको पनि जिम्मा लिने पौडेलको भनाइ छ।

निर्माणको अवधि सम्झौता मितिपश्चात् तीन वर्षको रहनेछ। सम्झौता गरेको सात महिनाभित्र निर्माण कम्पनीले डिजाइन पेस गरिसक्नुपर्ने हुन्छ। त्यसपछिको बाँकी समयभित्र निर्माण सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाइएको छ। यसको बजेट करिब साढे दुई अर्ब रहेको छ।

अहिलेसम्म पुरानो पुल हटाउने योजना नरहेकाले नयाँ पुल तयार भएपछि बाटो ६ लेनको हुनेछ। नयाँ पुल बनिसकेपछि गाडी डाइभर्ट गर्न सजिलो हुने भएकाले भत्काउने योजना तत्काल नबनाएको सडक विभागका इन्जिनियरहरू बताउँछन्।

हलेसी डेकोर र आइएमई लाइफबिच व्यापारिक सम्झौता



काठमाडौं/ हलेसी डेकोर प्रालि र आइएमई लाइफ इन्स्योरेन्सबिच व्यावसायिक सम्झौता गरिएको छ। सम्झौतापत्रमा आइएमई लाइफका उपमुख्य कार्यकारी अधिकृत खिलेन्द्र पौडेल र हलेसी डेकोरकी प्रमुख कार्यकारी अधिकृत (सिइओ) तथा सञ्चालक संगीता पुडासैनीले हस्ताक्षर गरे।

उक्त समझदारीपत्रले दुवै संस्थाबिचको सहकार्यलाई थप मजबुत बनाउने, दीर्घकालीन व्यावसायिक साझेदारी विस्तार गर्ने तथा ग्राहकलाई अझ प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्य राखेको छ।

हलेसी डेकोरले भी-बोन कुर्सी, पर्दा, कार्पेट तथा फर्निचरका विभिन्न सामग्रीमा अधिकतम ५० प्रतिशतसम्म छुट उपलब्ध गराउने जनाएको छ। संस्थाले करिब १५ वर्षदेखि सेवा प्रदान गर्दै आएको छ। दुवै संस्थाले आगामी दिनमा नयाँ परियोजना तथा सेवा विस्तारमार्फत सहकार्यलाई अझ प्रभावकारी बनाउँदै लैजाने विश्वास व्यक्त गरेका छन्।

ग्लोबल आइएमईका ग्राहकलाई आइफोन-१७ जित्ने मौका



काठमाडौं/ ग्लोबल आइएमई बैंकले मोबाइल बैंकिङ प्रयोगकर्तालाई आइफोन-१७ जित्ने योजना ल्याएको छ। जसअनुसार बैंकको मोबाइल बैंकिङ एप 'स्मार्ट प्लस'बाट कम्तीमा तीनपटक फोनपे नेटवर्कमार्फत रकमान्तर गर्दा आइफोन-१७ जित्न सक्ने भएका हुन्। बैंकले दुईजना भाग्यशाली ग्राहकलाई आइफोन-१७ प्रदान गर्ने जनाएको छ। साथै, प्रयोगकर्ताले फोनपे डाइरेक्टमार्फत रकमान्तर गर्दाको भिडियो सामग्री आफ्नो सामाजिक सञ्जालमा राखेबापत पनि हरेक दिन सामसङ इयरबड जित्न सक्ने बताइएको छ। यो योजना आगामी पुससम्म लागू रहनेछ। योजनामा सहभागी हुन योजना अवधिभर ग्लोबल स्मार्ट प्लसबाट फोनपे डाइरेक्ट प्रयोग गरी न्यूनतम तीनपटक रकमान्तर गरेको हुनुपर्नेछ।

बैंकले देशभरका तीन सय ५२ शाखा कार्यालय, तीन सय ८४ एटिएम, एक सय ५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरबाट वित्तीय सेवा दिँदै आएको छ। त्यस्तै, यस बैंकले बैंक अफ द इयर २०१४, बेस्ट इन्टरनेट बैंक २०१६, बेस्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेस्ट बैंक इएसजी नेपाल २०२४, बेस्ट इम्प्लोयरजस्ता प्रतिष्ठित अवार्ड प्राप्त गरिसकेको छ। ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो।

बर्ली होम अप्लायन्सका ६ वटा गिजर बजारमा

काठमाडौं/ बर्ली होम अप्लायन्सेजले नेपालमा ६ नयाँ गिजर मोडेल सार्वजनिक गरेको छ। कम्पनीले जर्मन प्रविधि, आकर्षक डिजाइन र घरायसी सुरक्षालाई ध्यानमा राख्ने एलिगेन्स र एलेसिया सिरिजका ६ वटा नयाँ स्टोरेज वाटर गिजर बजारमा ल्याएको हो। नेपालमा बर्ली उत्पादनको आधिकारिक वितरक सिजी इलेक्ट्रोनिक्स रहेको छ।

कम्पनीका अनुसार एयर कुलरको सफलतापछि गिजर उत्पादनतिर लागेको जनाएको छ। एलिगेन्स र एलेसिया सिरिजका मोडेल सुरक्षा, दिगो प्रदर्शन र मूल्यका हिसाबले पनि नेपाली परिवारका लागि उत्कृष्ट विकल्प बन्ने कम्पनीको दाबी छ। यी मोडेलमा ग्राहकले वाटर ट्यांकीमा सात वर्ष, हिटिङ इलिमेन्टमा दुई वर्ष तथा सम्पूर्ण उत्पादनमा दुई वर्षको वारेन्टी सुविधा उपलब्ध पाउनेछन्। यी गिजर दुई सिरिजका ६ फरक मोडेलमा उपलब्ध छन्।



एलेगन्स सिरिजका तीन मोडेल गिजर १० लिटर, १५ लिटर र २५ लिटरमा उपलब्ध हुनेछन् भने एलेसिया सिरिजमा २५ लिटर, २५ लिटर र १५ लिटरमा उपलब्ध हुनेछन्।

सामसङले ल्यायो ग्यालेक्सी ट्याब ए-११ प्लस

काठमाडौं/ सामसङले नेपालमा नयाँ ग्यालेक्सी ट्याब ए-११ प्लस सार्वजनिक गरेको छ। विद्यार्थी, परिवार र दैनिक प्रयोगकर्ताका लागि डिजाइन गरिएको यो ट्याब्लेटमा स्मार्ट एआई क्षमता, शक्तिशाली प्रदर्शन र प्रिमियम मेटल फिनिसको आकर्षक संयोजन रहेको बताइएको छ। कम्पनीका अनुसार अपग्रेड गरिएको डिस्प्ले, क्वाड स्पिकर, मजबुत मल्टिटास्किङ र दीर्घकालीन सफ्टवेयर अपडेटले ट्याब-११ प्लसलाई एक सुलभ मूल्यमा उन्नत अनुभव प्रदान गर्न सक्षम बनाउनेछ। साथै, स्ट्रिमिङ, मल्टिटास्किङ र लर्निङ एप्सका लागि द्रुत र प्रतिक्रियाशील प्रदर्शन दिन सहयोग गर्ने बताइएको छ।

साथै, यस ट्याबमा गुगल जेमिनी, सर्कल टु सर्च विद गुगल, रियल टाइम टेक्सट अनुवादलगायतका एआई सुविधा पनि छन्। यी फिचरले विद्यार्थी, क्रिएटर र परिवारका लागि सिकाइ, सिर्जना र दैनिक काममा सहयोग गर्ने कम्पनीको दाबी छ। यसै सन्दर्भमा कम्पनीका निर्देशक प्रणरत्न स्थापितले भने, 'ग्ल्यालेक्सी ट्याब-११ मार्फत हामी नेपालमा प्रिमियम उत्पादन र एआईमा आधारित शिक्षालाई अझ धेरै प्रयोगकर्तासम्म पुऱ्याउन चाहन्छौं।'



यो ट्याब दुई भेरियन्टमा उपलब्ध हुने कम्पनीले जनाएको छ। फाइभ-जी भेरियन्टमा ८/२५६ जिबीको मूल्य ४७ हजार नौ सय ९९ र वाइफाई भेरियन्ट ६/१२८ जिबीको मूल्य ३४ हजार नौ सय ९९ तोकिएको छ। दुवै भेरियन्टले शक्तिशाली एआई क्षमता, स्मुथ प्रदर्शन र दीर्घकालीन सफ्टवेयर प्रदान गर्दै उत्कृष्ट अनुभव दिने कम्पनीले दाबी गरेको छ। ग्राहकले देशभरमा सामसङका स्टोर रिटेल पार्टनरबाट खरिद गर्न सक्नेछन्।

वार्षिकोत्सवमा रिलायन्सले गऱ्यो रक्तदान

काठमाडौं/ रिलायन्स फाइनान्स लिमिटेड स्थापनाको १६औं वर्षमा प्रवेश गरेको छ। सो अवसरमा फाइनान्सले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बालाजु, काठमाडौंमा रक्तदान कार्यक्रम सञ्चालन गरेको छ। त्यस्तै, काभ्रेपलाञ्चोक, बनेपा नगरपालिका-६, गोसाइँस्थानस्थित नैमिषारण्य संस्कृत गुरुकुलमा अध्ययनरत विद्यार्थीलाई स्टेसनरी तथा मसलन्द सामानसमेत वितरण गरेको फाइनान्सले जनाएको छ।

संस्थाले कमलादीमा आफ्नै भवनमा केन्द्रीयसहित शाखा कार्यालय राखी कारोबार गर्दै आएको छ। संस्थाले केन्द्रीय कार्यालयसहित काठमाडौंको न्युरोड, सीतापाइला, ललितपुरको इमाडोल, चितवनको नारायणघाट र टाँडी, कास्कीको महेन्द्रपुल, लमजुङको बेँसीसहरबाट वित्तीय सेवा दिँदै आएको छ।

साथै, काभ्रेपलाञ्चोकको बनेपा, धादिङको धादिङबेँसी, गोरखाको गोरखा बजार, रुपन्देहीको भैरहवा, मणिग्राम र बुटवल, कैलालीको धनगढी, कञ्चननपुरको महेन्द्रनगर, बाँकेको कोहलपुर, कैलालीको अत्तरिया, झापाको दमक, बिर्तामोड, चारआली र धुलाबारीमा पनि शाखा खोलेर ग्राहकलाई सेवा दिँदै आएको फाइनान्सले जनाएको छ।

एफक्यानको राष्ट्रिय निर्माण दिवस आज

काठमाडौं/ नेपाल निर्माण व्यवसायी महासंघ (एफक्यान)ले आइतबार (मंसिर २२) १८औं राष्ट्रिय निर्माण दिवस विभिन्न कार्यक्रम गरी मनाउँदै छ। यस दिन बिहान प्रभातफेरी तथा महासंघ सचिवालयमा रक्तदान कार्यक्रमसहित अन्य विविध सामाजिक कार्यक्रमसमेत आयोजना गर्ने एफक्यानले जनाएको छ। निर्माण दिवसकै अवसरमा एफक्यानले शनिबार 'एफक्यान रोड रेस–२०८२' आयोजनासमेत गरेको छ। जसमा पुरुष खुला १० किमिटर्फ प्रथम, द्वितीय र तृतीय हुने राजन रोकाय, सञ्जय श्रेष्ठ र तयाहांग राईले क्रमशः २५, १५ र १० हजार नगद पुरस्कार प्राप्त गरेका छन्। त्यस्तै, महिला खुला १० किमिटर्फ पूर्णलक्ष्मी न्यौपाने, निशा सार्की र राज्यलक्ष्मी रावल क्रमशः प्रथम, द्वितीय र तृतीय भई २५, १५ र १० हजार नगद पुरस्कार जिते।

विजयी खेलाडीलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, महासंघका अध्यक्ष रवि सिंह, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेसहित सदस्यले नगद पुरस्कार, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए।

हार्डवेयर व्यवसायी संघमा मिश्र

कञ्चनपुर/ हार्डवेयर तथा निर्माण सामग्री व्यवसायी संघ कञ्चनपुरको अध्यक्षमा देवराज मिश्र चयन भएका छन्। शनिबार महेन्द्रनगरमा सम्पन्न भएको हार्डवेयर तथा निर्माण सामग्री व्यवसायी संघ कञ्चनपुरको १२औं साधारणसभा एवं अधिवेशनबाट अध्यक्षमा मिश्र पुनः चयन भएका हुन्।

निर्वाचन अधिकृत हरिप्रसाद जोशीले निर्विरोध कार्यसमिति चयन गरिएको बताए। उनका अनुसार वरिष्ठ उपाध्यक्ष वसन्तराज जोशी, प्रथम उपाध्यक्ष जनक भण्डारी, द्वितीय उपाध्यक्ष मदनराज भट्ट, महासचिव रामदत्त भट्ट, सचिव राजेन्द्रप्रसाद भट्ट, कोषाध्यक्ष प्रकाश भट्ट, सहकोषाध्यक्ष दिनेश चन्द, सदस्य सुरेन्द्रसिंह साउद, विक्रमबहादुर चन्द, भरतबहादुर कार्की, मदन भण्डारी, रमेश ठगुराठी, तेजसिंह धामी, नरेन्द्र बडू, नरेन्द्रप्रसाद भट्ट, कृष्णबहादुर बुढाथोकी रहेका छन्। हार्डवेयर तथा निर्माण सामग्री व्यवसायी संघ कञ्चनपुरको दोहोऱ्याएर नेतृत्वमा आएका मिश्रले नेपालमै उत्पादित वस्तुको बिक्री-वितरण गर्दै स्वदेशी वस्तुको प्रवर्द्धन गर्ने बताए।

नेसनल लाइफको 'सिइओ क्लब सदस्य सम्मान'

काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले सिइओ क्लब सदस्य सम्मान कार्यक्रम गरेको छ। कार्यक्रममा आर्थिक वर्ष ०८१/८२ मा तोकिएको बिमाशुल्क संकलन गरी कर्णाली प्रदेशका एक सय १५ जना अभिकर्ता र सुदूरपश्चिम प्रदेशका एक सय ६१ जना अभिकर्तालाई सम्मान गरिएको थियो।



साथै, विभागीय प्रमुखहरू, प्रदेश प्रमुख एवं लुम्बिनी प्रदेशअन्तर्गतका शाखा कार्यालयका शाखा प्रमुखको सहभागितामा भएको कार्यक्रममा कम्पनीले सिइओ क्लब सदस्य बन्न सफल अभिकर्तालाई सम्मान गरेको बताइएको छ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेशप्रसाद खत्रीले कर्णाली तथा सुदूरपश्चिमबाट सिइओ क्लब सदस्य बनेका अभिकर्तालाई सदस्यता वितरण गरे। साथै, ती प्रदेशबाट आफ्नो कोडमा र सञ्जालमा प्रथम, द्वितीय र तृतीय अभिकर्तालाई विशेष सम्मान तथा पुरस्कृत गरिएको कम्पनीले जनाएको छ। सिइओ खत्रीले यी प्रदेशबाट नेसनल रत्न तथा नेसनल स्टार विजेता अभिकर्तालाई कम्पनीको लोगो अंकित चाँदीको मेडल, सर्टिफिकेट र खादाले सम्मान गरेका थिए।

KCM काठमाण्डू कलेज अफ् म्यानेजमेन्ट लिमिटेड
ग्वार्को, ललितपुर

१८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मिति २०८२/०८/२१)

शेयरधनी महानुभावहरू,
मिति २०८२/०८/१९ गते शुक्रबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको १७३औं बैठकको निर्णय बमोजिम यस कलेजको २८औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयमा छलफल गरी निर्णय गर्न बोलाइएको हुँदा उक्त साधारणसभामा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाइदिनुहुन सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा हुने मिति, स्थान र समय
मिति : २०८२/०९/२० गते, आइतबार अर्थात ४ जनवरी २०२६।
स्थान : काठमाण्डू कलेज अफ् म्यानेजमेन्ट लिमिटेडको रजिष्टर्ड कार्यालय ल.पु.म.न.पा.वडा नं.- १७ ग्वार्को, ललितपुर।
समय : विहान ११:०० बजे।

साधारणसभामा छलफल हुने विषयहरू:
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र कम्पनीको वार्षिक आर्थिक विवरण अर्थात २०८२ साल आषाढ मसान्तसम्मको वासलात, २०८१ साल श्रावण १ गतेदेखि २०८२ साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।

सञ्चालक समितिको निर्णयानुसार,
कम्पनी सचिव

Invitation for Sealed Bids

Date of Publication: 20th November, 2025)
(Second Date of Publication: 7th December, 2025)

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested and eligible firm/ company for Supply of Application Programming Interface Management System (APIMS) Software

Terms and Conditions:
- The bid documents can be purchased within office hours (9:30 AM till 5:00 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 3,000.00 (NPR Three Thousand Only) on or before 7th day of the date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank:
  » Account Number: 999-20401010201
  » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 7th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening.

Minimum Eligibility Criteria:
1. Bidder must be in operation for 3 years or above.
2. Bidder must have yearly turnover of NPR 10 million or above for immediate last FY and should have been profit-making since last two year.
3. Proposed solution must have been implemented and live in three (3) or more Banking and Financial Institutions (BFIs) in Nepal.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८७१९

सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

सांग्रिला इनर्जी लिमिटेडको
२४औं वार्षिक साधारण सभाको सूचना

श्री शेयरधनी महानुभावहरू,
यस कम्पनीको मिति २०८२।०८।१५ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार सांग्रिला इनर्जी लिमिटेडको २४ औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरूउपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि अनुरोध गरिएकोछ।
मिति : २०८२ पौष १३ गते आइतबार
स्थान : मुख्य कार्यालय, नक्साल, काठमाडौं
समय : दिनको ४ बजे

छलफलको बिषयहरू
१. संचालक समितिको तर्फबाट श्री अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब. २०८१/०८२ को हिसाब विवरण स्वीकृत गर्ने सम्बन्धमा।
३. आ.ब. २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको दफाहरूमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।
५. कम्पनीको शेयरधनीहरूले लिएको शेयर अनुपातमा लाभांश वितरण गर्ने सम्बन्धमा।
६. विविध।

प्रबन्धक

आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको नबौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१२)

आदरणीय शेयरधनी महानुभावहरू,
मिति २०८२ साल मंसिर ११ गते विहिवार बसेको सञ्चालक समितिको १७९ औं बैठकको निर्णयानुसार यस आशा लघुवित्त वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।
साधारण सभा बस्ने :
मिति : २०८२ पुष ४ गते शुक्रवार (तदनुसार २०२५ डिसेम्बर १९)
स्थान : होटल अर्निको प्रा.लि. धुलिखेल-६, धुलिखेल, काभ्रेपलाञ्चोक।
समय : दिनको २:०० बजे

छलफलका विषयहरुः
क) सामान्य प्रस्तावहरु :
१. सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय विवरण तथा आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।
३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०८१/८२ को मुनाफावाट चुक्ता पूँजी रु.७३,३०,४६,२८०/- को ०.५ प्रतिशतले हुने रकम रु.३६,६५,२३१/४० कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल वहालवाला लेखापरीक्षक श्री वि.आर.पराजुली एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)।

ख) विशेष प्रस्तावहरु :
१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०८१/८२ को मुनाफावाट चुक्ता पूँजी रु. ७३,३०,४६,२८०/- को ९.५ प्रतिशतले हुने रकम रु.६,९६,३९,३९६/६० बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रवन्ध-पत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गर्ने।
२. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडि वढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।
३. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।
४. वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्वन्धित निकायहरुवाट आवश्यक निर्देशन भएमा सोहि वमोजिम प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

ग) विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

नबौं वार्षिक साधारण सभा सम्वन्धी सामान्य जानकारी :
१. नवौं वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८२/०८/२२ गते १ दिन शेयर दाखिल खारेज दर्ता वन्द रहनेछ। साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०८/२१ गते सम्म कारोवार भई प्रचलित कानून वमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न योग्य हुनेछन्।
२. नवौं वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्वर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय-पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ।
३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ। कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, वनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक र प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौंमा सम्पर्क गर्नुहुन तथा यस वित्तीय संस्थाको वेवसाईट **www.ashamicrofinance.com.np** वाट समेत प्राप्त गर्न सकिनेछ।
४. नावालक शेयरधनीहरुको तर्फवाट यस कम्पनीको शेयरलगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।
५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका दिनको १:०० वजे देखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ।
६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय वनेपा-१३, साँगा, काभ्रेपलाञ्चोकमा दर्ता गराउनु पर्नेछ। यसरी नियुक्त गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ।
७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिका तर्फवाट अध्यक्ष आफैले वा निजवाट आदेश पाएका व्यक्तिवाट सामूहिक रुपले उत्तर दिइनेछ।
८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। सो विषय छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा रहने छैन।
९. शेयरधनी महानुभावहरुलाई सभा स्थलमा आउँदा छाता, झोला वा अन्य प्रतिवन्धित कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ।
१०. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, वनेपा-१३, साँगा, काभ्रेपलाञ्चोकमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : वनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६००७३
इमेल : info@ashamicrofinance.com.np
वेवसाइट : www.ashamicrofinance.com.np

Gandaki Province Government
Ministry of Health
Province Hospital, Damauli, Tanahun,
Invitation for Electronic Re- Bids

Date of publication: 2082/08/21 (7th Dec, 2025)

1. Province Hospital,Tanahun invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures for ***Procurement of C-ARM Machine*** and intends to apply part of the fund to cover eligible payments under the Contract for *IFB No:* **as Mention below:**
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Province Hospital, Tanahun*** Gandaki Province, Telephone: 065563203, E-mail:damaulihospital2068@gmail.com, website: damaulihospital.gandaki.gov.np or may visit PPMO e-Gp system www.bolpatra.gov.np/egp.
   Information to deposite the cost of bidding document in Bank:
   - Name of Office : **Province Hospital, Tanahun, Nepal**
   - Rajaswa (revenue) title no. : **14229**
   - Rajaswa (Revenue) account no : **27302000001001000001**
   - Bank Name : **Nepal Bank**
   - Security deposite (Dharauti) Acc No : **kha 2.3- pa le ni ka Dharauti Khata No : 06002000002003000001**
   - Office code no : **3700138014**
3. Interested Bidder shall submit the Electronic Bids through https://bolpatra.gov.np/egp to the afore mentioned office of Province Hospital, Tanahun through https://bolpatra.gov.np/egp on before 12:00 PM, 2082/09/07
4. The bids will be opened in the presence of Bidders' representatives at 2082/09/7 at 2pm ***Province Hospital Tanahun.***
5. The name and identification of the contract are as follows:

S. N.	Contract Identification	Description	units	Bid Document Fee	Bid Security Amount (NRs)
1	DH/NCB/ 12/2082/083	Procurement of Supply, Delivery and Installation of C-ARM Machine	As per BOQ	3000	1,39,599.99/- (One Lakh Thirty Nine Thousand five hundred ninty nine rupees Only)

Province Hospital, Tanahun



पहिलो क्वालिफायरमा सुदूरपश्चिम र विराटनगर भिड्ने

सुदूरपश्चिमले दिएको १४८ रनको लक्ष्य ११.५ ओभरमा पूरा गर्दा विराटनगर किंग्स दोस्रो स्थानमा उक्लँदै क्वालिफायर वानमा

रमेश सुवेदी / नयाँ पत्रिका

दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो क्वालिफायर वानमा सुदूरपश्चिम रोयल्स र विराटनगर किंग्सबिच आगामी मंगलबार प्रतिस्पर्धा हुँदै छ। शनिबार भएको २६औँ खेलमा विराटनगरले लगातार ६ खेलसम्म अपराजित टोली सुदूरपश्चिममाथि सानदार ६ विकेटको जित निकाली दोस्रो स्थान रक्षा गरेको हो। क्वालिफायर वानमा पुग्न काठमाडौं गोर्खाज र विराटनगरबिच होडबाजी थियो। सुदूरपश्चिमलाई निकै फराकिलोअन्तरले हराउँदा मात्र विराटनगर दोस्रो स्थानमा उक्लने थियो।

सामान्य जित वा हारले विराटनगर तेस्रोमै रहने थियो। यस्तोमा काठमाडौं र सुदूरपश्चिमबिच पहिलो क्वालिफायर खेल हुने समीकरण बन्थ्यो। क्वालिफायर वानमा अगाडि नै प्रवेश गरेको सुदूरपश्चिमलाई हारले केही फरक पर्ने थिएन। तर, सुदूरपश्चिमको योजना भने लिग चरणमा अपराजित रहँदै क्वालिफायर वानमा काठमाडौं वा विराटनगरसँग प्रतिस्पर्धा गर्ने थियो। सुदूरपश्चिमले भने अन्तिम खेलमा सोचेजस्तो नतिजा निकाल्न नसक्दा जितको निरन्तरता दिन सकेन।

यसै नतिजाले दोस्रो स्थानमा रहेको काठमाडौं तेस्रोमा झर्दै पहिलो इलिमिनेटरमा लुम्बिनी लायन्सविरुद्ध प्रतिस्पर्धा गर्नुपर्ने भएको हो। पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ४७ रनको मध्यम योगफल खडा गऱ्यो। विराटनगरले क्वालिफायर वानमा प्रवेश गर्न सुदूरपश्चिमले दिएको लक्ष्य १३.४ ओभरमा भेट्टाउनु पर्ने थियो। लक्ष्य निर्धारित ओभरमा पूरा गर्न नसक्दा विराटनगरले जित निकाल्दा पनि रनरेटमा तेस्रो हुने थियो। तर, विराटनगरले आवश्यकता रनरेट मात्र पूरा गरेन, पहिलोपटक विस्फोटक ब्याटिङ गरी बलियो सुदूरपश्चिममाथि ११.५ ओभरमा ४ विकेट गुमाउँदै १५० रन बनायो।

विराटनगरको सात खेलबाट १० अंक

काठमाडौंको समान अंक भए पनि रनरेटको आधारमा तेस्रो भयो। अब, काठमाडौंले लुम्बिनीविरुद्ध बुधबार इलिमिनेटर खेल खेल्नेछ। यसअघि सुदूरपश्चिम र विराटनगरबिचको विजेता फाइनलमा पुग्नेछ। पहिलो क्वालिफायर वानमा पराजित हुने टोलीले बुधबार हुने खेलको विजेताविरुद्ध दोस्रो क्वालिफायरमा प्रतिस्पर्धा गर्नेछ। यस खेलको विजेताले फाइनल स्थान पक्का गरेको



पहिलो क्वालिफायरको विजेताविरुद्ध उपाधिका लागि भिड्नेछ। सुदूरपश्चिम १२ अंकसहित टोली शीर्षस्थानमै रह्यो। लुम्बिनी र चितवनसँग पराजित भएको विराटनगरले पोखरा, काठमाडौं, जनकपुर र कर्णालीलाई हराएको थियो। पोखरा एभेन्जर्स, चितवन राइनोज, कर्णाली याक्स र साबिक विजेता जनकपुर लिग चरणबाटै बाहिरिए।

आजको खेल

कर्णाली याक्स — दिउँसो ३:३० बजे — जनकपुर बोल्ट्स

डु प्लेसिसले बनाए १९ बलमा ५० रन

विराटनगरको जितमा विदेशी खेलाडीहरूको योगदान विशेष रह्यो। दक्षिण अफ्रिकाका पूर्वकप्तान फाफ डु प्लेसिस, न्युजिल्यान्डका मार्टिन गुप्टिल र साम हेजललेटले आक्रामक रूपमा ब्याटिङ गर्दै विराटनगरलाई सुदूरपश्चिमविरुद्ध १३.५ ओभरभित्र जित दिलाए। विराटनगरले आवश्यकताअनुसार सुरुदेखि नै आक्रामक ब्याटिङ गरेको थियो। ओपनिङमा डु प्लेसिस र हेजललेट आएका थिए। हेजललेट ओपनिङ आएको पहिलोपटक हो। डु प्लेसिस र हेजललेटले पहिलो पावर प्लेमा चौका र छक्काको वर्षा नै गरेका थिए। उनीहरूले पावर प्लेमा ८७ रन जोडेका थिए। जुन चालू एनपिएलकै पावर प्लेमा बनेको सर्वाधिक रन हो।

डु प्लेसिसले आफ्नो दोस्रो एनपिएल खेलमै केवल १९ बलमा ५ चौका र ४ छक्का प्रहार गर्दै अर्धशतक पूरा गर्दै अभिनाश बोहराको ओभरमा विकेट दिन पुगे। यस सिजनमा काठमाडौंका भीम सार्की र सुदूरपश्चिम हर्मित सिंहले पनि १९ बलमा अर्धशतक बनाएका थिए। एनपिएलको इतिहासमा न्युजिल्यान्डका जिमी निसमले गत वर्ष १८ बलमा अर्धशतकको रेकर्ड राखेका थिए। उनको यो रेकर्ड अहिलेसम्म तोडिएको छैन। सुदूरपश्चिमविरुद्ध डु प्लेसिस र हेजललेटले पहिलो विकेटका लागि ७.१ ओभरमा ९७ रनको सानदार साझेदारी गरेका थिए। एनपिएलमा पहिलो अर्धशतक बनाउने क्रममा हेजलवेटले २७ बलमा सर्वाधिक ५१ रन बनाए। उनले चार छक्का र ३ चौका प्रहार गरेका थिए। उनी हर्मित सिंहको ओभरमा विकेटकिपर विनोद भण्डारीबाट क्याच भए। टोलीमा पुनरागमन गरेका गुप्टिलले ९ बलमा २२ रन बनाए। सुदूरपश्चिमका अभिनाशले २ तथा हर्मितले १ विकेट लिए।

आरिफ र ईशानको मात्रै साझेदारी

लिग चरणको आफ्नो अन्तिम खेलमा सुदूरपश्चिमका लागि आरिफ शेखले अर्विजित सर्वाधिक ४५ रन बनाए। उनले ३२ बलमा १ चौका र ३ छक्का हिर्काएका थिए। ईशान पाण्डेले ३८ रन बनाउन ३५ बलमा समान दुई चौका र छक्का प्रहार गरे। उनी सन्दीप लामिछानेको ओभरमा मार्चन्ड डी लिग्नेबाट क्याचआउट भए। तेस्रो विकेटका लागि ईशानले आरिफ सेखसँग ५० बलमा सर्वाधिक ७२ रनको साझेदारी गरे। ७.६ ओभरमा दोस्रो विकेटका रूपमा जोस ब्राउन आउट हुँदा सुदूरपश्चिमले स्कोर बोर्डमा ४२ रन बनाएको थियो। त्यसपछि आरिफ र ईशानले टोलीलाई सम्मानजनक स्कोरतर्फ लगेका हुन्।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	७	६	१	१२	०.८३
विराटनगर	७	५	२	१०	०.६८
काठमाडौं	७	५	२	१०	०.५३
लुम्बिनी	७	४	३	८	-०.३९
पोखरा	७	३	४	६	-०.१७
चितवन	७	२	५	४	-०.६१
कर्णाली	६	१	५	२	-०.४३
जनकपुर	६	१	५	२	-०.४९



खेलपछिका भनाइ

योजनाअनुसार खेलमा सफल भयौं

● **सन्दीप लामिछाने**, कप्तान, विराटनगर



प्लेअफमा पुगिसके पनि दोस्रो हुनका लागि सुदूरपश्चिमविरुद्ध जित्नैपर्ने अवस्था थियो। हामीले जितको रणनीतिअनुसारै खेल्यौं। पहिलो फिल्डिङ रोज्यौं। सुदूरपश्चिमले हामीलाई जतिसुकै ठुलो लक्ष्य दिए पनि १३.४ ओभरमा जित्नपर्ने थियो। ओपनिङ आक्रामक भएपछि लक्ष्य निर्धारित ओभरअगाडि नै भेट्टायौं।

२० रन बढी बनाउन सक्नुपर्थ्यो

● **आरिफ शेख**, खेलाडी, सुदूरपश्चिम



खेल सोचेजस्तो भयो। पहिलो एघारमा नयाँ खेलाडीलाई अवसर दिएका थियौं। उनीहरूले पनि राम्रो गरे। हामीले विराटनगरविरुद्ध २० रन बढी बनाउन सक्नुपर्थ्यो। बलिडतर्फ पावर प्लेमा चुक्यौं। एनपिएलमा स्तरीय खेलाडी आएर राम्रो खेल्नुभएको छ। हामीले उहाँहरूबाट धेरै सिक्ने अवसर पाएका छौं।

म्याच प्रिभ्यु

छैटौं र सातौं स्थानबिचको होडबाजी

गत वर्षको नतिजा
कर्णाली याक्स १४१/७
जनकपुर बोल्ट्स १४२/२
जनकपुर ८ विकेटले विजयी

दोस्रो संस्करणको एनपिएलकै लिग चरणको अन्तिम खेल कर्णाली याक्स र जनकपुर बोल्ट्सबिच हुँदै छ। त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा यी दुई टोलीबिचको प्रतिस्पर्धा सातौं वा आठौं स्थानमा रहँदै एनपिएलको यात्रा सकाउने हुनेछ। कर्णाली र जनकपुरले समान ६ खेलबाट दुई अंक बटुलेका छन्। रनरेट आधारमा कर्णाली सातौं र जनकपुर आठौं स्थानमा छ। एनपिएलकै साबिक विजेता रहेको जनकपुरले उपाधि रक्षा गर्न सकेन। जनकपुर लगातार चार खेलमा पराजित हुँदा प्लेअफ प्रवेश कमजोर बनेको थियो।

जनकपुरले सुरुवातदेखि नै ब्याटिङ र बलिडमा फितलो प्रदर्शन गऱ्यो। एकरुपता प्रदर्शन गर्न नसक्दा नै जनकपुरको दोस्रो एनपिएल अन्यन्तै खराब नतिजा निकालेको हो। जनकपुरले जस्तै कर्णालीको पनि यस्तै अवस्था रह्यो। गत वर्ष तेस्रो स्थानमा रहेर एनपिएल सकाएको कर्णालीले यसपटक थप राम्रो नतिजा ल्याउने योजना बनाएको थियो।

यहीअनुसार कर्णालीले राम्रो स्वदेशी तथा विदेशी खेलाडीमाथि लगानी गऱ्यो। लगानी गरेअनुसार कर्णालीले नतिजा निकाल्न सकेन। चालू एनपिएलमा कर्णाली प्लेअफ दौडबाट बाहिरिने पहिलो टोली नै बन्यो। लुम्बिनीविरुद्ध एक मात्र निकाल्यो। विराटनगरसँगको जितेको खेल पनि अन्तिम पाँच ओभरमा कसिलो बलिङ गर्न नसक्दा खेल गुमाएको थियो। यसै खेलबाट कर्णालीको प्लेअफ आशा समाप्त भएको थियो।

अब कर्णालीको पनि लक्ष्य सातौं स्थानमा रहेर एनपिएल यात्रा समाप्त गर्ने हो। कर्णालीले अन्तिम खेलमा सबै अस्त्र प्रयोग गर्नेछ। यस सिजनमा कर्णालीका लागि स्वदेशीभन्दा विदेशी खेलाडीले राम्रो खेले। ओपनिङ, मध्य र पुछारसम्म विदेशी ब्याट्सम्यानले सम्हाले। घरेलु खेलाडीमा गुल्सन झा, नन्दन यादव तथा सोमपाल कामीजस्ता खेलाडी भए पनि कर्णालीले अपेक्षाअनुरूप नतिजा निकाल्न सकेन।

> दोस्रो एनपिएलको लिग चरणको अन्तिम खेलमा जनकपुर बोल्ट्स र कर्णाली याक्सको विजेता नै सातौं स्थानमा रहनेछ

जनकपुरले भने दोस्रो एनपिएलमा खेलाडी अनुबन्धदेखि कमजोरी देखाएको थियो। ठुला नाम चलेका खेलाडीहरूलाई जनकपुरले अनुबन्ध गरेन। स्थानीय खेलाडीकै भरमा जनकपुरले एनपिएलमा प्रतिस्पर्धा गरेको थियो। जान निकोल, किशोर महतो, मयांक यादव, लाहिरू मिलान्थ, अनिल साह र वाने पार्नलजस्ता खेलाडीले जनकपुरलाई प्लेअफसम्म पुऱ्याउन सकेनन्। जनकपुरको एउटै लक्ष्य कर्णालीलाई हराउँदै सातौं स्थान रक्षा गर्ने हो। तर, पछिल्लो समयमा टोलीभित्र विविध समस्या आउँदा जनकपुरको म्यानेजमेन्टले कप्तान परिवर्तन गरिरहेको छ। नियमित कप्तान अनिलको स्थानमा अस्ट्रेलियन पार्नललाई कप्तानी जिम्मेवारी दिएको थियो। लुम्बिनीसँगको खेलमा नामिबियाका जानले नेतृत्व गर्न अवसर पाएका थिए। टोली भित्र जस्तो समस्या भए पनि जनकपुरले कर्णालीलाई हराउँदै यात्रा सकाउने योजना बनाएको छ।

■ आजको तस्बिर



विकेट लिएपछिको **खुसी**

चितवन राइनोजविरुद्ध विकेट लिएपछि खुसी हुँदै पोखरा एभेन्जर्सका खेलाडी। तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

रोसिंटन धेरै रन बनाउने र सन्दीप सर्वाधिक विकेट लिने खेलाडी

चालू एनपिएलमा लिग चरणको २७औँ खेलसम्मको तथ्यांकअनुसार धेरै रन बनाउने ब्याट्सम्यानमा पोखराका एडम रोसिंटन तथा सर्वाधिक विकेट लिनेमा विराटनगरका सन्दीप लामिछाने बनेका छन्। पोखरालाई हराएको खेलमा रोसिंटनले सर्वाधिक ६५ रन बनाए। उनले ४८ बलमा ४ चौका र ५ छक्का हिर्काए। यससँगै उनी चालू एनपिएलमा ३ सय २३ रनका साथ शीर्ष स्थानमा रहे। बलिडमा भने सन्दीपले सर्वाधिक १५ विकेट लिएका छन्। उनले सुदूरपश्चिमसँगको महत्त्वपूर्ण खेलमा २० रन खर्चेर तीन विकेट लिए। यससँगै उनले आफ्नो विकेट संख्या १५ पुऱ्याए। दोस्रो स्थानमा सुदूरपश्चिमका अभिनाश छन्। उनले १४ विकेट हात पारेका छन्। तेस्रो स्थानमा काठमाडौंका सहाव आलमले १२ विकेट लिएका छन्। सर्वाधिक विकेट लिने बलरहरूले आफ्नो रेकर्ड सुधार्ने मौका पाउनेछन्।

प्लेयर्स टु वाच

मार्क वाट (कर्णाली)

कर्णालीले मार्क वाटलाई बलरका रूपमा भित्र्याएको थियो। एनपिएलमा वाट बलर नभएर ब्याट्सम्यानका रूपमा चम्किए। बलरका रूपमा क्रिकेट करिअर सुरु गरेका उनले आफूलाई बिस्तारै



एक विश्वासिलो ब्याट्सम्यानका रूपमा परिणत गरेका छन्। एनपिएलमा उनले यस्तै उदाहरण प्रस्तुत गरेका छन्। तर, कर्णालीले केही महत्त्वपूर्ण खेल गुमाउँदा प्लेअफमा पुग्न सकेन। लिगकै अन्तिम खेलमा कर्णालीले जनकपुरविरुद्ध खेलिरहँदा वाट प्रमुख खेलाडी बन्नेछन्। कर्णालीले लुम्बिनीमाथि सानदार जित निकाल्दा उनले दोस्रो एनपिएलकै पहिलो शतकीय योगदान दिए। उनले सो खेलमा ११४ रन तथा एक विकेट हात पारेका थिए। पोखरासँगको खेलमा पनि उनले ५९ रन बनाए।

पवन सर्राफ (कर्णाली)

कर्णालीले सुरुमा पवनलाई मौका दिएको थिएन। सुरुवातमा कर्णालीले स्तरीय विदेशी खेलाडीको भरमा खेल जित्ने योजना बनाएको थियो। तर, उनीहरूबाट सोचेजस्तो प्रदर्शन गर्न



नसकेपछि कर्णालीले स्वदेशी अलराउन्डर पवनलाई टोलीमा समावेश गऱ्यो। कर्णालीले पाँच खेल गुमाए पनि उनले ब्याटिङमा मध्यम योगदान दिए। उनले काठमाडौंविरुद्ध ३५ रन तथा सुदूरपश्चिमविरुद्ध २७ रन जोडेका थिए। बलिडमा काठमाडौं र विराटनगरविरुद्ध उनले समान एक विकेट हात पारे। लिगकै अन्तिम खेलमा पवनले जनकपुरविरुद्ध बलिङ र ब्याटिङमा प्रभाव पार्न सक्छन्। जनकपुरले पनि उनीबाट यस्तै प्रदर्शनको अपेक्षा राखेको छ।

मयंक यादव (जनकपुर)

उपाधि रक्षा गर्न चुकेको जनकपुरले घरेलु क्रिकेटमा चम्किएका खेलाडी मयंकलाई पाँच खेलमा अवसर दिएको थियो। यद्यपि, मयंकले आफ्नो क्षमताअनुसार प्रदर्शन गर्न



सकेनन्। उनले लुम्बिनीविरुद्धको महत्त्वपूर्ण खेलमा उत्कृष्ट प्रदर्शन गरेका थिए। ब्याटिङमा २७ रन बटुलेका उनले बलिडमा तीन रन खर्चेर दुई महत्त्वपूर्ण विकेट हात पारेका थिए। मयंकको यो प्रदर्शन लिगमा ढिला भइसकेको थियो। मयंकले कर्णालीविरुद्धको खेलमा ब्याटिङ र बलिडमा यस्तै किसिमको खेल देखाउने विश्वास छ। उनले सुदूरपश्चिमसँगको खेलमा ६ रन बनाएका थिए। चितवनसँगको खेलमा मयंक ड्रप भएका थिए।

जान निकोल (जनकपुर)

जनकपुरले लुम्बिनीविरुद्ध कप्तान परिवर्तन गरेको थियो। नामिबियाका नियमित खेलाडी जान निकोल इटनले लुम्बिनीसँगको खेलमा कप्तानी गर्न अवसर पाए। ब्याटिङमा जनकपुरले राम्रो प्रदर्शन गर्न नसके पनि बलिडमा भने लुम्बिनीलाई दबाबमा राखेको थियो। पहिलोपटक कप्तानी गरेका जानले पछिल्लो खेलमा आफ्नो अन्तर्राष्ट्रिय अनुभव प्रयोग गरेका थिए। उनले ब्याटिङमा सुदूरपश्चिम रोयल्सविरुद्धको खेलमा ३९ रनको योगदान दिएका थिए। विराटनगरसँगको खेलमा उनले सर्वाधिक ४१ रनको योगदान दिए। बलिडमा उनले एकपटक चितवनसँगको खेलमा एक विकेट हात पारेका थिए।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com